आङ्ग्ल-नेपालीरूपान्तरसनाथम्

# श्रीसत्यनारायणकथामृतम्

# SHRI SATYANARAYANA KATHAMRITAM

पूजाविधिसहितम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विद्वद्वरः रश्मिराज अर्ज्यालयः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आङ्ग्ल-नेपालीरूपान्तर-पूजाविधिसहितम्

# श्रीसत्यनारायणकथामृतम्

# SHRI SATYANARAYANA KATHAMRITAM

## (A Short Epic)


रचयिता

विद्वद्वर: रश्मिराज शर्म्मा अर्ज्यालय:

सम्पादक:

प्राज्ञ डा. विष्णुराज आत्रेय:

प्राध्यापक:

महेन्द्र संस्कृत विश्वविद्यालयस्य

नेपालीरूपान्तरम्

डा. टीकाराम अधिकारी

प्राध्यापक:

महेन्द्र संस्कृत विश्वविद्यालयस्य

अङ्ग्रेजीरूपान्तरम्

श्री भीमनाथ घिमिरे

अभिवक्ता

सर्वोच्चन्यायालयस्य (नेपाल)



प्रकाशक:

हिमालय बुक स्टल

डिल्लीबजार, काठमाडौं, दूरभाष: ४४२१६२९



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रचयिता : विद्वद्वर : रश्मिराज शर्म्मा अर्ज्यालयः
सम्पादक : प्रा.डा. विष्णुराज आत्रेय
प्रकाशक : हिमालय बुक स्टल, डिल्लीबजार, काठमाडौं
संस्करण : प्रथम
वर्ष : वि.सं. २०६२ विजयादशमी
कम्प्युटर : ईमेज कम्प्युटर, डिल्लीबजार
मूल्य : रु. १२५।-, विदेशमा युएस $ 5
ISBN : 99946-46-06-0

SHRI SATYANARAYANA KATHAMRITAM
(A Short Epic)
By Vidvadvara Rashmi Raj Sharma Arjyalaya
Price $ 5.00

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# प्रकाशकीय

नेपालमा संस्कृत वाङ्मयको इतिहास विभिन्न ग्रन्थ, ग्रन्थकार तथा विद्वान्हरूले सिँगारिएको छ । त्यस्ता स्वनामधन्य विद्वान् एवं ग्रन्थकारहरूमा प्रातःस्मरणीय विद्वद्वर रश्मिराज शर्मा अर्ज्यालको नाउँ समाजमा श्रद्धा र सम्मानसाथ लिने गरिन्छ ।

लुम्बिनी अञ्चल अन्तर्गत गुल्मी जिल्लाको अमरभूमि रयालेको अर्ज्याल विद्वद्वंशमा जन्मेर कपिलवस्तुलाई अध्यापन तथा सामाजिकसेवाको क्षेत्र बनाएका व्याकरण, ज्योतिष, साहित्य एवं कर्मकाण्डका चर्चित मनीषी रश्मिराज अर्ज्यालका कृतिहरू अहिलेसम्म एउटा पनि नछापिनु साह्रै नै खट्किने कुरा थियो । विद्वद्वर अर्ज्याल जन्मेको एकसय उन्नाइसवर्ष र स्वर्गारोहण भएको पनि झण्डै सतचालिस वर्षपछि उहाँका धार्मिक एवं पौराणिक महत्त्वको यो कृति **श्रीसत्यनारायणकथामृतम्**लाई उहाँद्वारा नै लेखिएको **श्रीसत्यनारायणपूजाविधि**का साथ प्रकाशन गर्ने सौभाग्य हामीले पाएका छौं ।

विद्वद्वर अर्ज्यालका पौरखी एवं पितृभक्त जेठा नाति प्राज्ञ डा. विष्णुराज आत्रेयको कुशल सम्पादन तथा सम्बद्ध विषयका लब्धप्रतिष्ठ विद्वानहरूका विद्वत्तापूर्ण भूमिका तथा नेपाली र अङ्ग्रेजी रूपान्तरणले गर्दा त झन् यो कृति धार्मिक एवं साहित्यिक समाजका लागि विशेष उपयोगी भएको छ ।

यतिमात्र होइन, यसले हाम्रा विद्वान् तथा मर्मज्ञ पाठकहरूलाई गहिरो चिन्तन, साहित्यिकहरूलाई मिठो रसास्वादन तथा विशेषगरी धार्मिक श्रद्धालुजनहरूलाई नयाँ परिष्कृत पूजाविधिद्वारा भगवान् श्रीसत्यनारायणको पूजन तथा रोचक शैलीमा कथाश्रवण समेत गर्ने सुअवसर प्रदान गरेको छ । हामीलाई विश्वास छ- देश र विदेशका हाम्रा आदरणीय पाठक तथा समादरणीय धर्मप्राण भक्तजनहरूमाझ यो पुस्तक अत्यन्त लोकप्रिय हुनेछ ।

अन्त्यमा यस नौलो कृतिले पनि हाम्रा सहृदय पाठकहरूको माया सदा झैं पाउनेछ भन्ने हामीलाई लागेको छ । यस्तो उपयोगी तथा महत्त्वपूर्ण कृति प्रकाशन गर्ने सुअवसर दिनुभएकोमा विद्वान् प्राज्ञ डा. आत्रेयज्यूप्रति आभार व्यक्त गर्दछौं ।

**हिमालय बुक स्टल**
**पिपलबोटबजार, काठमाडौं**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# विषय सूची


| क्रम | विषय | पृष्ठ |
|---|---|---|
| १. | प्रकाशकीय | |
| २. | प्रशस्तिप्रसूनम्<br>*–डा. लक्ष्मीकान्त पन्थी* | |
| ३. | श्रीसत्यनारायणकथामृतम्लाई वाक्पुष्पोपहार<br>*–प्राज्ञ डा. टीकाराम पन्थी* | १ |
| ४. | काव्यशास्त्रीय रमणीयताको दृष्टिमा श्रीसत्यनारायणकथामृतम् खण्डकाव्य<br>*–प्रा.डा. टीकाराम अधिकारी* | ७ |
| ५. | Vivadvar Arjyal and His Epic<br>*- Mr. Bhim Nath Ghimire* | २८ |
| ६. | सम्पादकीय | ३३ |
| ७. | **श्रीसत्यनारायणकथामृतम्**<br>**प्रथमः सर्गः** | **५७** |
| ८. | **द्वितीयः सर्गः** | **७७** |
| ९. | **तृतीयः सर्गः** | **८३** |
| १०. | **चतुर्थः सर्गः** | **९६** |
| ११. | **पञ्चमः सर्गः** | **११४** |
| १२. | **श्रीसत्यनारायणपूजाविधिः** | **१२७** |
| १३. | परिशिष्टम् | १४३ |


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# कविदम्पती



विद्वद्वर रश्मिराज अर्ज्याल
(वि. सं. १९४३-२०१५)

श्रीमती केशकुमारी अर्ज्याल
(वि. सं. ....-१९९७)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# प्रशस्तिप्रसूनम्

पुराणे प्रसिद्धः स्वयं विष्णुरेष
परित्राणकर्ता समेषां प्रपूज्यः ।
अनेकैः स्वरूपैस्तथा नामभिर्यो
गृहीताऽवतारो जगद्रक्षणाय ॥
(१)

सुध्युपास्यो हरिः सत्यनारायणो
मध्वरिः कीर्तितः सैव नारायणः ।
रुद्र-धात्रंशरूपः स नारायणः
रश्मिराजस्तुतः सैष नारायणः ॥
(२)

भक्तिभाजां सदा भुक्तिदं मुक्तिदं
भूतिदं कीर्तिदं सर्वसम्पत्करम् ।
रश्मिराजप्रणीतं हि काव्यं नवं
पठ्यतां गीयतां मङ्गलं लभ्यताम् ॥
(३)

सत्यनारायणीया नवैषा कृतिः
सत्यनारायणप्रीतये योऽलिखत् ।
रश्मिराजोऽत्र विद्वद्वरेण्यः कविः
कीर्त्यते संस्कृते वाङ्मये कोविदैः ॥
(४)

लेखकोऽध्यापकः कर्मकाण्डक्षमो
व्याकृतिज्ञः सदा शास्त्रवादी जनः ।
एष सामाजिकोऽर्ज्यालयानां कुले
रश्मिमाली कवी रश्मिराजोऽभवत् ॥
(५)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ते धन्याः पुण्यवन्तश्च कीर्तिमन्तो बुधा भुवि ।
येषां काव्ये स्थिता विष्णोरुज्ज्वला कीर्तिकौमुदी ॥
(६)

जगन्नाथो रङ्गनाथश्चक्रपाणिरमी बुधाः
रश्मिराजस्य पित्राद्याः राराजन्ते दिवि क्रमात् ॥
(७)

मङ्गलायतनं देवोऽनेन काव्येऽत्र कीर्तितः ॥
यतो दिव्यं पदं प्राप्तं रश्मिराजेन चाऽञ्जसा ॥
(८)

सुधममिष चाऽध्यास्ते काव्यं प्रथयितुं स्वकम् ।
तत्र चेतोनाथ-देवराजादीनां पुरो दिवि ॥
(९)

सत्यनारायणकथा लोके यावच्चलिष्यति ।
नीराजनं लक्षवर्त्या तावच्चेतो विधास्यति ॥
(१०)

स्वदन्तां सुधियः सत्यनारायणकथामृतम् ।
सरसं सुकृतं सद्यश्चेहाऽमुत्र फलप्रदम् ॥
(११)

-डा. लक्ष्मीकान्त पन्थी
सहप्राध्यापक
त्रिभुवन विश्वविद्यालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# श्रीसत्यनारायणकथामृतम्लाई वाक्पुष्पोपहार

विद्वद्वर पं. रश्मिराज अर्ज्यालद्वारा लिखित प्रस्तुत संस्कृत काव्य प्रबन्ध **श्रीसत्यनारायणकथामृतम्** कविको देहावसान भएको लगभग आधा शताब्दीपछि उहाँकै पौत्र डा. विष्णुराज आत्रेयले स्वकीय निकेतनको एउटा कुनामा जीर्ण शीर्ण चिठीपत्र र अन्य काम नलाग्ने कागजपत्र भनेर पहिलेदेखि मैलो कपडाको वासाभित्र च्यापिएर थन्किएको अवस्थामा अविकृत पाण्डुलिपिको रूपमा एकदिन भेट्टाउनुभएछ।

सुस्पष्टरूपमा पठनीय सो कृतिको हस्तलिखित पाण्डुलिपि आद्योपान्त पढ्ने सुवसर मलाई पनि प्राप्त भयो डा. विष्णुराज आत्रेयकै सौजन्यमा। यो कृति नेपाल र भारतमा मात्र होइन, सनातन धर्मावलम्बीहरू रहेबसेका विश्वका अन्य देशमा समेत धनी-गरीब सबैद्वारा मान्य धार्मिक कृत्यहरूमध्ये अतिप्रचलित स्कन्दपुराण रेवाखण्डअन्तर्गत भनी मानिने सत्यनारायणव्रतकथाको कवि विद्वद्वर रश्मिराज अर्ज्यालबाट आफ्नै शिल्प-शैलीमा रूपान्तरित लघुकाय काव्यप्रबन्ध हो।

उहिले राणाकालमा नेपालका सबै वर्ण र जातजातिका धनी र गरीब परिवारमा समेत सम्भवभए र सकेसम्म सबै संक्रान्ति र पूर्णिमा जस्ता चाडपर्वमा र पुगिसरि नआउनेहरूले भने वर्षभरमा एक दिन सत्यनारायण पूजा-कथा लगाउने चलन थियो। गुल्मीमा वि.सं. २००० सालदेखि २०२० सम्मका दुई दशकमा मेरा प्रत्यक्ष अनुभूतिको विषय हो यो- धेरैजसो मानिसहरूले कार्तिक, माघ र वैशाखमा एकदिन सन्ध्याकालमा श्री सत्यनारायणको पूजा लाउँथे।

उतिबेलाको मेरा अनुभवमा त्यस गुल्मी भेकमा ब्राह्मण क्षत्रियकहाँ भन्दा पनि बढी मगरहरूकहाँ श्री सत्यनारायणको पूजा हुने गर्दथ्यो। गुल्मी पराल्मीका मगर परिवारहरूले आपसमा तँछाड-मछाडगर्दै श्रीसत्यनारायणको पूजा गरेको र कथा सुनेको देखियो।

स्कन्दपुराणको रेवाखण्ड अन्तर्गत भनिने श्रीसत्यनारायण व्रतकथा भारततर्फ हिन्दी अनुवादसहित पाँच अध्यायको र नेपालमा नेपाली अनुवादसहित सात अध्यायको प्रायः प्रचलित छ। स्कन्दपुराणमा मात्र होइन, भविष्यपुराण उत्तरखण्डका अध्याय चौबीसदेखि अध्याय उनन्तीससम्मका छ अध्यायमा पनि यसै रूपमा श्री सत्यनारायण कथा वर्णित छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालमा यो श्रीसत्यनारायण व्रतकथाका साथै यहाँका धनी र मध्यम परिवारका मानिसकहाँ लाखबत्तीका नाउँले प्रख्यात लक्ष वर्त्तिव्रतकथा पनि व्यापकरूपमा प्रचलित छ । कुनै पनि परिवारको धर्मिकप्रवृत्तिलाई यसै लक्षवर्त्तिव्रतकै कर्मबाट जाँच्ने चलन हामीकहाँ पाइन्छ । लक्षवर्त्ति नै यज्ञ भन्ने चिनिन्छ ।

संस्कृत लक्षवर्त्तिकथा वायुपुराणअन्तर्गतको एक अध्यायमा वर्णित छ । यसको प्रसङ्ग यहाँ किन उठ्यो भने यसै **श्रीसत्यनारायणकथामृतम्** काव्यप्रबन्धका रचयिता विद्वद्वर रश्मिराज अर्ज्यालका सोदर साहिँला भाइ अमरभूमि अभिजन भै कार्यक्षेत्रका दृष्टिले दाङमा बसोबास गरी बिजौरीस्थित जनता विद्यालयमा स्थापना कालदेखि नै पढाएका त्यस क्षेत्रका प्रसिद्ध विद्वान् तथा पण्डित चेतोनाथ अर्ज्यालद्वारा उक्त लक्षवर्त्तिव्रतकथा राष्ट्रभाषा नेपालीमा अनूदित भई विक्रम सम्वत् १९९० सालमै सम्पादित र प्रकाशित भइसकेको छ ।

अमरभूमिको अर्ज्यालवंशका यी दुवै प्रकाण्ड एवं यशस्वी विद्वान्हरू धार्मिक क्षेत्रका आ-आफ्ना दुई कृतिहरूबाट अमर भएका छन् । विद्वद्वर रश्मिराज अर्ज्याल तथा पण्डित चेतोनाथ अर्ज्याल जस्ता विद्वान् पण्डितहरू अमरभूमिमा अनेकौं भए । त्यहाँको अर्ज्याल वंशपरम्परा नै वस्तुतः विद्वद्वंश-परम्परा हो । त्यहाँका विद्वान् अर्ज्यालहरूमध्येका एकजना पं. डिल्लीराज अर्ज्याल 'श्रुतधर' नामले विख्यात थिए ।

विगत राणाकालमा अमरभूमिका अर्ज्याल पण्डितहरूका घरघरमा थुप्रै दलाने संस्कृत पाठशाला (गुरुकुल) हुने गर्दथे । तिनमा सामान्य रुद्रीचण्डी मात्र होइन, महाविद्यालय स्तरीय पढाई समेत हुन्थ्यो । राणाकालको उत्तरार्ध अर्थात् वि.सं. १९७०-१९७५ ताका हाल गुल्मी जिल्लाअन्तर्गतका 'थोर्गा', 'ज्ञवा' तथा 'तम्घास' आदि ठाउँबाट अमरभूमिका अर्ज्याल पण्डितका दलाने पाठशालामा पढेर फर्केका पण्डितहरूले आफूलाई त्यसबेला काठमाडौंस्थित रानीपोखरी संस्कृत पाठशालामा पढी काशीस्थ राजकीय संस्कृत महाविद्यालयको मध्यमा परीक्षा उत्तीर्ण गर्ने पण्डितहरूका समकक्षी ठान्दथे ।

आफूले आफैंलाई समकक्षी ठानेको मात्र होइन, तिनीहरूमा उल्लेख्य वैदुष्य थियो पनि किनकि श्रीमद्भागवत जस्ता पौराणिक ग्रन्थको व्याख्यानमा तिनीहरू निकै सिपालु थिए । यो सूक्ति प्रचलित पनि छ- विद्यावतां भागवते परीक्षा ।

यतिमात्र होइन अमरभूमि मर्भुङबाट कपिलवस्तु गएर बसोबास गरेका पं. पुण्यप्रसाद अर्ज्याल जस्ता मनीषीहरू र कपिलवस्तुबाट पनि काठमाडौंलाई कर्मक्षेत्र बनाई त्यहाँ आई बसेका डा. विष्णुराज आत्रेय (अर्ज्याल) हरूको अभिजनस्थल पनि अमरभूमि नै हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्मरणीय छ- मेरो जानकारीमा मर्भुङ शब्द मगराती भाषाको हो तापनि अमरभाषा संस्कृतका अर्ज्याल विद्वान्हरूको प्राचीन समयदेखि नै यो ठाउँ आवास भूमि भएको हुँदा त्यहाँका विद्वद्वर अर्ज्यालहरूका साथै योगी नरहरिनाथ जस्ता विद्वान्हरूले मर्भुङको मूल शब्दरूप अमरभूमि हो भन्ने ठोकुवा गरे ।

अमरभूमिका त्यसै परम्परागत वैदुष्यशाली अर्ज्याल वंशमा पिता पं. जगन्नाथ अर्ज्याल र माता दमयन्ती देवीका ज्येष्ठ पुत्रका रूपमा यस काव्यका रचयिता विद्वद्वर रश्मिराज अर्ज्यालको जन्म वि.सं. १९४३ साल भाद्र शुक्ल पञ्चमी अर्थात् ऋषिपञ्चमीका दिन हाल गुल्मी जिल्लाअन्तर्गत अमरभूमिको रयालेमा भएको हो ।

मूलतः आफ्ना विद्वान् पिता पं. जगन्नाथ अर्ज्यालबाटै अक्षराम्भ र मूलरामायण, अमरकोष, रुद्री, चण्डी तथा अष्टाध्यायी पढेर आफ्नो अध्ययनको जग मजबूत बनाएपछि विशेष अध्ययनार्थ उहाँ बाहिर जानुभएको थियो ।

किशोरावस्थाका रश्मिराजले काठमाडौं आई पं. विष्णुहरिबाट व्याकरणशास्त्र पढेपछि काशी गएर व्याकरणमध्यमाका पाठ्यग्रन्थका साथै साहित्यका केही लक्षणग्रन्थको पनि अध्ययन गर्नुभएको थियो । आफ्नो अध्ययन पूरा गरी काशीबाट घर अमरभूमि फर्कने क्रममा रश्मिराज बाटोमा पर्ने त्यसबेला खजहनीस्यूराज तथा हाल कपिलवस्तुको सदरमुकाम तौलिहवामा आउनुभयो । उहाँले पहिले स्थानीय वासिन्दाको सहयोगमा आफैं पाठशाला चलाई पढाउन थाल्नुभयो, पछि त्यो पाठशाला तौलिहवाको सरकारी भाषा पाठशालामा गाभिएपछि उहाँ त्यसै पाठशालामा शिक्षण सेवामा संलग्न हुनुभयो । उहाँको कपिलवस्तुको घर तौलिहवामा पनि अमरभूमिका झैं दलाने पाठशालाको क्रम उहाँको जीवनपर्यन्त साँझबिहान चलिरहेको थियो ।

अध्ययन-अध्यापन र लेखनसँगै प्रसिद्ध पुराणवाचक तथा कर्मकाण्डी समेत रहेका विद्वद्वर रश्मिराज स्थानीय समाजसेवाका कार्यमा पनि संलग्न रहनुहुन्थ्यो । नेपालकै पहिलो पब्लिक पुस्तकालय कपिलवस्तुको श्रीराम पुस्तकालय र पशुपति प्रताप पुस्तकालयको स्थापना गर्ने सक्रिय व्यक्तिमा विद्वद्वर रश्मिराज अर्ज्याल पनि हुनुहुन्थ्यो । पुस्तकालय स्थापनाको प्रथम कार्यकारिणीमा संस्थापक सदस्यका रूपमा रश्मिराज शर्मा अर्ज्यालले हस्ताक्षर गर्नुभएको वि.सं. १९९३ आश्विन शुक्ल १२ का दिन बसेको कार्यकारिणी समितिको अभिलेख अहिले पनि उपलब्ध छ ।

विद्वद्वर रश्मिराज अर्ज्यालबाट मड्याएको हरिताललिप्त कागज आफैं तयार गरी त्यसलाई शंख र बल्ढ्याङ्ग्रा आदिले घोटी चिल्लो पारी त्यसमा स्वयं पकाएको कालो मसी र आफैंले काटे-तिखारेका बाँसका कलमले संस्कृतका ग्रन्थहरू लेख्ने-सार्ने अनि प्रतिवर्ष एक एक वटा मुढेपात्रो (पञ्चाङ्ग) आफैं गणित गरी तयार पार्ने तथा कतिपय ग्रन्थका भावानुवाद र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टीका टिप्पणीहरू लेख्ने काम जीवनका अन्तिम समयसम्म भएका थिए। यीमध्ये अष्टाध्यायी टीका, अमरकोष टीका, रघुवंशका टीका आदि उल्लेख्य छन्।

विद्वद्वर रश्मिराज अर्ज्याल पाणिनीय व्याकरणशास्त्रका अहमस्मितावान् विद्वान् हुनुहुन्थ्यो । उहाँका दृष्टिमा सिद्धान्तकौमुदीका सुप्रसिद्ध टीकाकार ज्ञानेन्द्र सरस्वतीको तत्त्वबोधिनी टीकासमेत पूर्णतया त्रुटिरहित थिएन।

मूलत: व्याकरणविद् भए तापनि विद्वद्वर रश्मिराजमा स्मृति, नीति, काव्य र पुराणादि ग्रन्थहरूको गहिरो अध्ययन र अध्यापनद्वारा उपलब्ध वैदुष्य श्लाघनीय थियो । उहाँ नेपाली संस्कृतबाहेक हिन्दी, अवधी, मगर, थारू र नेवारी भाषाका पनि ज्ञाता हुनुहुन्थ्यो ।

वि.सं. २०१५ सालमा वाराणसीस्थित हरिहर संस्कृत पाठशालामा रहेको समयमा एकपटक मात्र मैले विद्वद्वर रश्मिराज अर्ज्याललाई देखेको थिएँ। एक दुई घण्टासम्म त्यहाँ उपस्थित छात्र तथा पण्डितहरूको उहाँसँग विचार-विमर्श र छलफल हुँदा विद्वद्वर अर्ज्यालबाट व्याकरण शास्त्र र धर्मशास्त्रसँग सम्बद्ध विषयहरूमा उहाँको अकाट्य र प्रामाणिक अभिव्यक्ति सुनेर मैले उहाँको व्यक्तित्व र वैदुष्यलाई प्रत्यक्षत: चिनेको एवं अनुभव गरेको थिएँ । त्यसै वर्ष उहाँको देहावसान पनि भएको थियो । आज अड्चालिस वर्ष बितिसक्दा पनि अहिलेसम्म त्यस घटनालाई म झलझली सम्झिन्छु ।

अमरभाषा संस्कृतका कालिदासआदि कवि महाकविहरूले पौराणिक कथाको आधारमा काव्य लेखेका थिए भने अमरभूमिका कवि रश्मिराज अर्ज्यालको **श्रीसत्यनारायणकथामृतम्** नामक यो काव्यप्रबन्ध पनि अनुष्टुप् छन्दको पौराणिक सत्यनारायण व्रतकथाको आधार लिएर लेखिएको छ। कालिदास आदि कविहरूकै शैलीमा लेखिएको कवि अर्ज्यालको यो काव्य शिल्प र शैलीको दृष्टिले पूर्णतया मौलिक काव्यकृति हो ।

यो काव्य सत्यनारायण व्रतकथाका पाँच अध्यायको मूल कथावस्तु लिई पाँच सर्गमा विरचित भएको छ । यसका पाँचवटा सर्गमा कुल १४६ श्लोक छन् । पाँचोटै सर्गमा इन्द्रव्रजा र उपेन्द्र वज्राका पाउ मिसिएका उपजाति छन्दको प्रयोग छ । यस काव्यमा प्रयुक्त छन्दहरूमध्ये दोस्रो स्थानमा शालिनी छन्दको प्रयोग छ । यो प्रथम सर्गबाहेक अन्य चारवटा सर्गमा ठाउँ ठाउँमा प्रयुक्त छ।

**श्रीसत्यनारायणकथामृतम्**मा शार्दूलविक्रीडित र वियोगिनी छन्दमा रचित केही पद्यहरू मनमोहक बनेका छन् । यस काव्यमा भुजङ्गप्रयात मालिनी प्रमाणिका र प्रहर्षिणी छन्द पनि कतै कतै प्रयुक्त छन् । एउटै छन्दमा सर्ग पूरा गर्ने र सर्गान्तमा एक दुई पद्यमा मात्र छन्द बदल्ने परम्परागत नियमको पालना भने यस खण्डकाव्यमा गरिएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जहाँसम्म अलङ्कारको कुरा छ, शब्दशास्त्रका विद्वान् कवि रश्मिराज अर्ज्यालका यस काव्यमा प्रायः शब्दालङ्कारको प्रयोग छ । त्यसमध्ये पनि अनुप्रास अलङ्कारको प्रयोग-वाहुल्य यस काव्यको अर्को विशेषता हो । ठाउँ ठाउँमा अन्त्यानुप्रास अलङ्कार पनि आकर्षक बनेको छ । यसका केही उदाहरणहरू यहाँ प्रस्तुत गर्नु उपयुक्त हुने ठान्दछु ।

(क) **प्रजैकभर्त्ता सुकृतैककर्ता** (३।३)

(ख) **लीलाविलासाऽवसरे सुशीला** (३।१४)

(ग) **उदारे पुरे चन्द्रसारे जितारेः** (३।२२)

(घ) **सरिष्टः प्रहृष्टः प्रविष्टः कुदिष्टः** (३।२१)

(ङ) **आलप्य दण्डी स्वजनाऽघखण्डी** (४।२२)

कवि अर्ज्यालका यस काव्यमा रूपक तथा अन्त्यानुप्रासको मिश्रण भएको एउटा उदाहरण यो पनि हो । जस्तै-

**निःशेषदुःखैकविनाशहेतुः**
**संसारपाथोनिधिगाढसेतुः** (१।१६)

यस काव्यमा कतिपय पद्यहरूमा एक एक पाउको एउटा समस्त पद्य छ भने माथिको पद्यमा त एउटा पद्यका दुवै पाउका एक एक समस्त पद्य बनेका छन् ।

कवि अर्ज्यालको यस काव्यमा माथि उल्लेख गरेजस्तै अनुप्रास आदि अलङ्कारको प्रयोगका साथै व्याकरणशास्त्राभिज्ञताको प्रखरता पनि यत्र तत्र पाइन्छ । यसै क्रममा एउटा शब्द आएको छ- '**श्रीदायिसेवः** । यस समस्त पदको व्युत्पत्ति हो- **श्रीदायिनी सेवा यस्य सः श्रीदायिसेवः** । अर्थात् जसको सेवा वा उपासनाले लक्ष्मी अर्थात् ऐश्वर्य प्राप्त गर्न सकिन्छ । माथि प्रयुक्त यस शब्दको व्युत्पत्ति विशुद्ध साहित्याध्यायी छात्रका लागि पनि दुर्बोध्य छ ।

रसका दृष्टिले विद्वद्वर रश्मिराज अर्ज्यालको यस काव्यकृतिमा समग्रमा शान्तरस प्रधानतया रहेको छ । अतः काव्यमा सर्वत्र शान्तरसको प्रवाह छ, भक्तिभावले भरिएको छ। आङ्गिक रसका रूपमा यसमा करुण रस पनि विद्यमान छ ।

रचना शैलीका दृष्टिले हेर्दा विद्वद्वर रश्मिराजका यस काव्यकृतिका सबै पद्यहरूको रचना अश्वघोष, कालिदास, भारवि, माघ तथा भट्टि जस्ता कविहरूका शैलीमा भएको छ । प्रायः सबै पद्यहरूमा कविद्वारा आफ्नो काव्य-कौशल प्रदर्शित छ ।

संक्षेपमा भन्नुपर्दा कवि अर्ज्याल रश्मिराजका यस काव्यमा सरलता छ, माधुर्य छ, रचना सौष्ठव छ, भाषिक चमत्कार छ र गहिरो भावात्मक अभिव्यक्ति पनि छ । काव्यको अर्को विशेषता के छ भने कहीं कतै एकोहोरिएर खोजे पनि भाषिक अशुद्धि यसमा पाइँदैन ।

यसमा आश्रित कथावस्तुलाई आकर्षक रसयुक्त र सुस्पष्ट तुल्याउन बीच-बीचमा उपयुक्त ठाउँमा प्रासङ्गिक कुराहरू पनि आवश्यकता अनुसार थपिएका छन् । यस सन्दर्भमा एउटा उदाहरण हेरौं-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**आसीत् तुङ्गध्वजो राजा प्रजापालनतत्परः ।** (५।१) यो चलनचल्तीको प्रकाशित पौराणिक सत्यनारायणव्रतकथाको एउटा अनुष्टुप छन्दको श्लोकार्ध हो । यसलाई कविवर रश्मिराज अर्ज्यालले आफ्नो काव्यगत प्रतिभाद्वारा यस्तो बनाउनुभएको छ । जस्तै-

**प्रभूतभूपालकुदर्पहर्ता**
**श्रुतिस्मृतिख्यातमताऽनुसर्ता**
**तुङ्गध्वजाख्यः सुकृतैककर्ता**
**मुने ! बभूवाऽखिलभूमिभर्ता** -श्रीसत्यनारायणकथामृतम् (५।२)

चारवटै पाउमा अन्त्यानुप्रास भएको माथिको यो पद्य कवि अर्ज्यालका काव्यकलाको राम्रो उदाहरण हो ।

यी सबै त भए काव्यका छन्दोगत रसगत र अलङ्कारगत विशेषताहरू । यसका साथै कविवर रश्मिराज अर्ज्यालले काव्यको अन्तिम पद्यमा आफ्नो तर्फबाट मानवीयकर्तव्यबोध, दुःखबाट मुक्ति र श्रेयः प्राप्तिसँग सम्बद्ध मङ्गलकामना यसरी व्यक्त गर्नुभएको छ-

कुर्वन्तु लोका निज- धर्मरक्षां
दुष्टामसूयाञ्च परित्यजन्तु ।
सांसारिका दुःखत आशु मुक्ताः
कल्याणयुक्ताः सततं भवन्तु -श्रीसत्यनारायणकथामृतम् (५।२७)

पं. उमानाथ पन्थी पं. भीमकान्त पन्थी आदि अन्य गुल्मेली संस्कृत कविहरूका काव्य कृतिहरूको पंक्तिमा विद्वान् कवि रश्मिराज अर्ज्यालको यो कृति थपिनु संस्कृतविद् साहित्यानुरागीहरूका लागि प्रमोदको मात्र होइन, गौरवको विषय पनि हो ।

यस काव्यप्रबन्धको एउटा छुट्टै स्वकीय परिचयात्मक अस्तित्व छ, किनभने एउटा वैयाकरण विद्वान्को कृति भएको हुँदा यसको समग्र स्वरूप एवं पदगत व्युत्पत्ति, बुझ्न व्याकरण शास्त्रीय प्रक्रियाको विशिष्ट ज्ञान आवश्यक छ । अर्को कुरा, अमरभूमि निवासी अमरभाषा संस्कृतका अनन्य उपासक अर्ज्याल सन्ततिद्वारा विरचित प्रथम काव्यकृति हो यो कवि रश्मिराज अर्ज्यालद्वारा रचना गरिएको **श्रीसत्यनारायणकथामृतम्** नामक खण्डकाव्य । यसमाथि आफनो संक्षिप्तविचार अभिव्यक्त गर्ने अवसर पाएकोमा सुहृद्वर डा. विष्णुराज आत्रेयप्रति ससौहार्द एवं शतशः साधुवाद ज्ञापन गर्दै विश्रान्ति लिन चाहन्छु ।

*वि.सं. २०६२ श्रीकृष्णजन्माष्टमी ।*

**-प्राज्ञ डा. टीकाराम पन्थी**
पूर्वशिक्षाध्यक्ष
महेन्द्र संस्कृत विश्वविद्यालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# काव्यशास्त्रीय रमणीयताको दृष्टिमा श्रीसत्यनारायणकथामृतम् खण्डकाव्य

*नेपालीका थरघर सजी आज अर्ज्यालवंश*
*बन्दै आयो सफल जसका प्रेरणाले प्रबुद्ध ।*
*शोभाशाली अतिचहकिलो ताज झैं बन्धुमाझ*
*चम्केका छन् दिन दिन यहाँ झल्ल ती रश्मिराज ॥*

## १. रचना-परिवेश

सम्पूर्ण सृष्टिरचनाको श्रृङ्गारजस्तो हाम्रो देश नेपाललाई हिमशिखर जस्ता उज्ज्वल प्रतिभाहरूले सिँगारेर अझ चहकिलो बनाउने काममा यस देशका अनेकौं विद्वत्परम्पराहरूको नै महत्त्वपूर्ण योगदान रहेको छ । राजकुमार द्रव्य शाहलाई बृहत् नेपाल अधिराज्यको भावी जगनिर्माणको रूपमा गोरखा राज्यको बिउ फलाउन अपूर्व सहयोग गर्ने विद्वान् श्रीपति भट्ट अर्ज्यालका सुपुत्र प्रख्यात ज्योतिषी नारायणदास अर्ज्यालदेखि सुरु भएको नेपाल राज्यको जेठो विद्वत्परम्पराले नै मिश्रखलक, पाँडेखलक, पौडेलखलक र रेग्मीखलक जस्ता अनेकौं विद्वत्परम्पराहरूको विस्तार कार्यमा सहयोग दिएको छ । यस्ता अपूर्व एवं बौद्धिक क्रियाकलापहरू नै आजको प्राज्ञिक समाजको लागि वरदान बनिरहेका छन् । विशुद्ध प्राज्ञिक वातावरण र जनसंवेद्य राजनीतिक वातावरणको दिव्यसङ्गमको अभावमा न त राष्ट्र नै उर्वर र चिरस्थायी बन्न सक्छ न त विद्वान् र विदुषीहरूका सुन्दर सपनाहरू नै फुल्न र फल्न सक्छन् । यसैले नेपालको रचनात्मक वाङ्मयविकासमा सहयोग पुऱ्याउने कवि तथा विद्वान् शक्तिवल्लभ अर्ज्याल, राधावल्लभ अर्ज्याल, चक्रपाणि अर्ज्याल, ललितावल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, दैवज्ञकेसरी अर्ज्याल, देवकीनन्दन अर्ज्याल, विद्यारण्यकेसरी अर्ज्याल, वीरेन्द्रकेशरी अर्ज्याल, कृष्णचन्द्र अर्ज्याल आदि अर्ज्यालवंशीहरूको नै सफल प्रेरणा हो भन्न हिचकिचाउनुपर्दैन । त्यसबेलाका शक्तिशाली शाहवंशीय राजाहरूको वीरताको राँकोलाई सही दिशाबोध गराएर आधुनिक कालसम्म प्रतिष्ठापूर्ण गराउने काममा विभिन्न क्षेत्रहरूका माध्यमले देखापरेका यी अर्ज्यालवंशी विद्वान् तथा विदुषीहरूको प्राज्ञिक उजेलीले आज पनि नेपाल समग्र आलोकित नै छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यही परिवेशमा लुम्बिनी अञ्चल गुल्मी अमरभूमिमा जन्मेका रश्मिराज अर्ज्याल (विसं. १९४३-२०१५) ले आफ्ना सन्तानहरूलाई पनि प्रज्ञासम्पन्न गराउने घरायसी कर्तव्यका अतिरिक्त विभिन्न शिक्षण संस्थाका विकास, धार्मिक सुधार, समाजसेवा, मर्यादाबद्ध काव्यप्रणयन तथा विभिन्न संस्कृतग्रन्थको व्याख्या एवं टीकालेखन जस्ता रचनात्मक कार्य समेत गरेको कुरा अर्ज्यालवंशीय विद्वत्परम्पराको इतिहास अध्ययन गर्दा नै छर्लङ्ग हुन्छ ।

आज यस देशका विभिन्न विद्वत्परम्पराहरूको ऐतिहासिक राजमार्ग अत्यन्त फराकिलो बनिसकेको छ । पूर्वोक्त किसिमको अर्ज्यालवंशी विद्वत्परम्पराको अगुवाईमा हुर्किएका पौडेल, गौतम, सुवेदी, अधिकारी, आचार्य, घिमिरे जस्ता राष्ट्रका विभिन्न प्राज्ञिक समुदायहरूद्वारा सिंगारिएको नेपाल अधिराज्यमा अनेकौं साहित्यकार, कलाकार, विद्वान् र वीरयोद्धाहरूको समेत विकास हुँदै गएर श्री ५ पृथ्वीनारायणको भौगोलिक, भाषिक, साहित्यिक आदि विभिन्न राष्ट्रिय एकताका योजनाहरू सफल बन्दै गएको तथ्य प्रत्यक्ष नै छ । यो सब हुँदाहुँदै पनि धार्मिक र सांस्कृतिक वातावरण र भगवद्भक्तिधाराको अभावमा देखिएको आधुनिक सामाजिक विचलन भने आलोच्य बनेको छ र सुधारको बाटो खोज्दै छटपटाइरहेको छ ।

यसप्रकारको राष्ट्रिय आवश्यकताको परिप्रेक्ष्यमा अत्यन्त आवश्यक भएको धार्मिक वातावरणको सिर्जना गर्ने काममा एउटा अनमोल खजानाको रूपमा देखापरेको छ- कवि रश्मिराज अर्ज्यालको प्रस्तुत **श्रीसत्यनारायणकथामृतम्** खण्डकाव्य । श्रीसत्यनारायणको आराधना र वन्दनाले सम्पूर्ण जगत्प्रपञ्च नै सङ्कष्टमुक्त हुन गएको कुरा स्कन्दपुराणको रेवाखण्ड अन्तर्गत पर्ने परम्परागत सत्यनारायणव्रतकथाले नै स्पष्ट पारेको छ । त्यसप्रकारको अपूर्व शक्तिसम्पन्न र पितामह ब्रह्माबाट वर्णित सत्यनारायणव्रतकथाले नै आजको राष्ट्रिय धार्मिक विचलनको निराकरण गरेर कथा र पञ्चामृतको माध्यमबाट सामाजिक एकताको दरिलो सूत्र तयार हुनु कुनै मुश्किलको कुरा छैन ।

लोकहितैषी वेदव्यासको पौराणिक शैलीमा सुधार ल्याएर सत्यनारायणको कथाप्रसङ्गलाई समाजसापेक्ष बनाउन कयामतको रूपमा काव्यरचना गर्ने ऋषिकल्प स्वर्गीय विद्वद्वर कवि रश्मिराज अर्ज्यालको दूरदर्शिता र समसामयिकता प्रशंसनीय छ । यी दुवै लोकहितैषी प्रणेताहरूको रचनात्मक तुलना गर्दा हाम्रा राष्ट्रप्रेमी कवि रश्मिराज अर्ज्यालको रचनामा काव्यात्मक आस्वादको अपूर्व चमत्कार भेट्न सकिन्छ । अनुष्टुप्छन्दमा वेदव्यास र उपजाति छन्दमा कवि रश्मिराज यी दुवैले रचना गरिएका निम्नप्रकारका रचनाविशेषहरूले देवर्षिनारदका माध्यमबाट तत्कालीन संसारको मानवीय संकष्टलाई निराकरण गर्न भएका प्रयासहरूको विवरण क्रमशः यसरी प्रस्तुत गर्छन्-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकदा नारदो योगी परानुग्रहकाङ्क्षया ।
पर्यटन् विविधान् लोकान् मर्त्यलोकमुपागतः ॥

तत्र दृष्ट्वा जनान् सर्वान् नानाक्लेशसमन्वितान् ।
नानायोनिसमुत्पन्नान् क्लिश्यमानान् स्वकर्मभिः ॥

केनोपायेन चैतेषां दुःखनाशो भवेद् ध्रुवम् ।
इति सञ्चिन्त्य मनसा विष्णुलोकं गतस्तदा ॥

(कुनै समय योगी देवर्षि नारद अरूप्रति दया गर्ने इच्छा उठेर विभिन्न लोकहरू घुम्दै मर्त्यलोक आइपुगे । त्यस मर्त्यलोकमा नानाथरि दुःखले पीडित, नानाकिसिमका योनिहरूमा उत्पन्न र आफ्नै दुष्कर्मले दुःख पाएका सम्पूर्ण मानवहरूलाई देखेर देवर्षि नारद 'कुन उपायले यी मानिसहरूको निश्चित रूपमा दुःखनाश होला" भन्ने मनमा सोचेर त्यसैबखत विष्णुलोक पुगे । (स्कन्दपुराण रेवाखण्ड) ।

कदाचिदानन्दभरेण पूर्णो
वीणाङ्गुणीन्द्रो रणयँश्च गायन् ।
जनान् कृतार्थान् विद्धत् स्वभक्त्या
श्रीनारदोऽगादथ मर्त्यलोकम् ॥

मर्त्यान् क्षितिस्थानतिदुःखभाजो
व्याध्याधिदारिद्र्यभरेण वीक्ष्य ।
स ब्रह्मलोकं समगात् तदीश-
त्तुष्टाव नत्वा शिरसा नतेन ॥

(कुनै बखत अत्यन्त आनन्दले परिपूर्ण भएका गुणीहरूमा श्रेष्ठ देवर्षि नारद वीणा बजाउँदै, गाउँदै र आफ्ना भक्तिले मानिसहरूलाई कृतार्थ गर्दै मर्त्यलोक पुगे । शारीरिक रोग र दरिद्रताका बोझले गर्दा अत्यन्त दुःख पाएका पृथिवीका मानिसहरूलाई देखेर ब्रह्मलोक फर्केका ती देवर्षि नारदले विनम्रतासाथ ब्रह्मालाई प्रणाम गरेर यसरी उनको स्तुति गरे-
(सत्यनारायणकथामृतम् सर्ग १ श्लोक ८-९)

यी दुवै रचनाविशेषहरूमा सांसारिक सङ्कष्टग्रस्त समाजप्रति समान सहानुभूति प्रकट गरिएको पाइए पनि रचनागत सौन्दर्यमा भने फरक अवश्य छ । साङ्गीतिक ताल दिन अप्ठ्यारो पर्ने र केवल पौराणिक विषयप्रधानतालाई महत्त्व दिइएको व्यासको रचनाभन्दा विद्वद्वर कवि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्ज्यालको सङ्गीतप्रेमबाट उत्पन्न भएको शैलीसौष्ठवले अवश्य नै सहृदयहृदयलाई आकर्षण गर्छ । कवि अर्ज्यालका रचनामा प्रयुक्त **आनन्दभर** र **दारिद्र्यभर** जस्ता शब्दहरूले आफ्नो शब्दशक्तिका माध्यमबाट अतिशयरूप व्यंग्य अर्थको अभिव्यञ्जना गर्छन् । **भर** शब्दको वास्तविक मूल अर्थ भारी वा गरुङ्गोपन नै हो तर यहाँ आनन्द र दरिद्रतारूप अमूर्त भावनाको वाचक शब्दहरूसँग जोडेर प्रयोग गरिँदा मूर्त अर्थ बुझाउने **भर** शब्द स्वतः बाधित भएर पूर्वोक्त अतिशयरूप व्यंग्य अर्थको अभिव्यञ्जनासिद्धितिर उन्मुख बनेको देखिन्छ । यसरी कवि अर्ज्याल सङ्गीतप्रेमी, भक्तिवादी र ध्वनिसिद्धान्तवादीका रूपमा काव्यात्मक त्रिवेणीका सुन्दर लहरहरूमा रमाउन सक्ने देखिएका छन् । यसैले उनी रचनाहरूमा साहित्यिक काव्यमर्यादाको पालना गर्ने कवि हुन् । यहाँ उनको प्रकाशोन्मुख खण्डकाव्य **श्रीसत्यनारायणकथामृतम्**भित्रका संक्षिप्त काव्यमर्यादाका रमणीयतालाई पस्कने प्रयास गरिन्छ ।

## २. साहित्यिक प्रस्तावना

**अपारे काव्यसंसारे कविरेक : प्रजापतिः ।**
**यथाऽस्मै रोचते विश्वं तथेदं परिवर्तते ॥**

(अपार काव्यसंसारमा कवि नै एउटा विधाता हो र उसलाई जस्तो मन पर्छ, उसै किसिमको संसार निर्माण गर्छ ।)

यस भनाइबाट स्पष्ट बुझिन्छ कि कविले आफ्नो कलमको बलले संसारलाई नै डोऱ्याउन सक्छ । उ आफ्ना अलौकिक प्रतिभाशक्तिद्वारा यस संसारभन्दा छुट्टै काव्यसंसारको रचना गरेर त्यसभित्र आफ्ना दिव्यसौन्दर्यसम्पन्न पात्रहरू नचाउँदै पाठक र दर्शकहरूलाई भावविभोर मनस्थितिमा पुऱ्याउने अभिनय गर्न सक्छ । अरु कुनै उपायद्वारा समाधान गर्न नसकिने पाठक र जनसामान्यका जटिल मनोविकृतिहरूको निराकरण गरेर एउटा सहज, सरल र अलौकिक मनोजगत्को सिर्जना पनि गर्न सक्छ कवि । यसैले प्रत्येक रचनाकारको उद्देश्य नै पाठकहरूको मनोहरण गरेर आनन्द उत्पन्न गराउने साङ्गीतिक शैलीको प्रयोगमा केन्द्रित हुन्छ । यही सिद्धान्त अनुरूप नै कवि अर्ज्यालले प्रचलित सत्यनारायणव्रतकथालाई विभिन्न प्रकारका उपजाति, शालिनी, मालिनी, भुजङ्गप्रयात, वियोगिनी, पुष्पिताग्रा, शार्दूलविक्रीडित जस्ता लोकप्रिय छन्दहरूको आधारमा साहित्यिक रूप दिएका छन् र जनसमाजलाई धार्मिक भावनाको अभ्यासमा लाग्दालाग्दै मनोविज्ञानसुलभ चित्तचमत्कारको काव्यशास्त्रीय प्रयोजन सिद्ध गराउने बाटो पनि खोलेका छन् । यही नै उनको काव्यरचनाको वास्तविक साहित्यिक प्रस्तावना हो र यो विना कुनै पनि धार्मिक भावना लोकसंप्रेषणीय पनि बन्न सक्दैन । यसैले कविहरू प्रायः पौराणिक शैली छाडेर साहित्यिक सरणीको बाटो लिन्छन् । साहित्यिक सरणी अनुसार कवि अर्ज्यालले यस काव्यमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुप्रास, उपमा, रूपक, उत्प्रेक्षा, अतिशयोक्ति यथासंख्य आदि अलङ्कारहरूको आश्रय लिनुका साथै शान्त, श्रृङ्गार करुण, अद्भुत आदि रसहरूको व्यञ्जना गर्ने प्रसाद र माधुर्य गुणको सहारा पनि लिएको देखिन्छ । प्रायः वैदर्भी रीतिको सहारा लिइएको सुकुमारमार्गी यस काव्यमा बोलचालको निमित्त अनुकूल सरलतम संस्कृत भाषाको प्रयोग गरिएको छ र यसले विष्णुभक्तिको धारालाई रसकोटिमा पुर्‍याउन मद्दत गरेको छ । यसमा शान्तरस प्रधान छ । वढी मात्रामा शब्दचमत्कार शान्तरसको अनुकूल नहुँदा नै कविले यथाशक्य प्रसादशैलीको सहारा लिएका छन् । प्रस्तुत रसमा कोमलताको अपेक्षा हुंदा नै यहाँ स्रग्धरा, मन्दाक्रान्ता, नर्कुटक जस्ता कठिन छन्दहरूको प्रयोग गरिएको छैन । यस काव्यमा प्रायः प्रसाद र माधुर्य गुणहरू रसानुकूल छन् । जस्तै :

**लीलाविलासावसरे सुशीला**
**लीलावती चञ्चलकुन्तला सा ।**
**तदा कदाचिद् दयितं सुदक्ष-**
**ञ्जगाद दीनेव सुमन्दमन्दम् ॥**

(कुनै समयमा लीलापूर्वक विलासको क्षणमा सुन्दर शील र चञ्चल केश भएकी ती (कलावतीकी आमा) लीलावतीले आफ्ना निपुण पतिलाई दुःखी झैं भएर अत्यन्त बिस्तारै भनिन्- **श्रीसत्यनारायणकथामृतम्** (३।१४)

उपजातिहरूमा आबद्ध यी पंक्तिहरूमा प्रसादका अपेक्षा माधुर्य गुणले श्रृङ्गाररसलाई सहयोग गरेको छ । हावाद्वारा केशपाश उडाइएकी दुःखी जस्ती लीलावतीले बिस्तारै पतिसँग कुरा गर्नुले व्यक्त हुन गएको रतिनामक स्थायी भावले लकार, वकार र मकारको आवृत्तिद्वारा स्पष्ट भएको वर्णानुप्रास र आकारान्त र मकारान्तको अन्त्यानुप्रासले उपस्थित गराएको कोमलताद्वारा परिपुष्ट हुँदै पति र पत्नीको सहज प्रेमको गरिमालाई अभिव्यक्त गरेको छ ।

कुशल पति र पत्नीको बोलाइको पनि कुनै विशेषशैली हुन्छ । आनन्दमग्न पत्नी दीनताको स्थितिमा उपस्थित हुँदा नै सहयोगी पतिको उत्साहमा कुनै वृद्धि हुन्छ किनकि सहयोग गर्न चाहँदा नै पतिको मानसिक जटिलताको समाधान हुन्छ । पति केवल लिने प्रवृत्तिप्रधान हुनुभन्दा स्त्रीजाति जस्तै दिने प्रवृत्तिप्रधान बन्न जाँदा दुवैमा प्रेमको सहज समझदारीको वतावरण पनि खडा हुन जान्छ । यसैले प्रेमपारखी कविले लीलावतीको विशेषण **दीनेव** ( पीडित वा दुःखीजस्ती) शब्द राखेर उनलाई दयाको पात्रको रूपमा वर्णन गरेर स्थायी रतिको रूपमा समेत प्रस्तुत गरेका हुन् । यही नै कविका रसात्मक अभिव्यञ्जनाको खूबी हो । यही नै शब्द र अर्थका सहभावको साहित्यिक पर्यवसान पनि हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

### ३. विषयवस्तुको नवीकरण

**दृष्टपूर्वा अपि ह्यर्थाः काव्ये रसपरिग्रहात् ।**
**सर्वे नवा इवाभान्ति मधुमास इव द्रुमाः ॥**

(पहिले देखिएका पुराना अर्थहरू पनि काव्यक्षेत्रमा रसको सम्बन्ध पाएर वसन्तका सम्बन्धले शिशिर ऋतुका रुखजस्तै सबै नयाँ प्रतीत हुन्छन्- **ध्वन्यालोक**)।

यस साहित्यिक मान्यता अनुसार कुशल कविले पौराणिक र शुष्क विषयवस्तुलाई पनि आफ्नो काव्यसंसारको मर्यादामा आबद्ध गरेर त्यसरी नै अपूर्व र अक्षुण्ण जस्तै बनाइदिन्छ, जसरी शिशिरका सिक्रा बोटबिरुवाहरूलाई वसन्तले । कविवर रश्मिराज अर्ज्यालले पनि सत्यनारायणव्रतकथालाई काव्यात्मक श्रृङ्गारको जलप लगाएर आस्वादनीय बनाएका छन् । पुरानो पौराणिक आख्यानलाई त्यसरी सिंगारेर प्रस्तुत गर्ने काममा सहायक बन्न गएको छ अलङ्कार, गुण र छन्द प्रयोग सम्बन्धी उनको शैलीगत सुन्दरता । यही सुन्दरताका कारण नै यो पौराणिक कथा पनि पुरानो नभई नयाँजस्तो बन्न पुगेको छ ।

### ३.१. विषयगत संक्षेपीकरण र विस्तृतीकरण

**क्षणे क्षणे यन्नवतामुपैति तदेव रूपं रमणीयतायाः ।**

(कुनै पनि वस्तु क्षणक्षणमा नयाँ लाग्नु नै सुन्दरताको लक्षण हो- महाकवि माघ)

यसप्रकारको साहित्यिक सिद्धान्त अनुसार कुनै पनि नयाँ काव्यले पुराना कुराहरूलाई कतै छोट्याएर र कतै विस्तार गरेर रसानुकूलस्थितिमा लैजानुपर्छ न कि कुनै पनि वस्तुको पिष्टपेषण गरेर । धेरै चबाएपछि गुड पनि तीतो हुन्छ भनेझैं केही लामा कुरालाई छोट्याउँदा पाठक दिक्क हुँदैनन् । रसिला र सुन्दर विषयवस्तुलाई लम्ब्याउँदा मानवीय मनोदशा पनि विस्तारतर्फ लम्कदै उदात्त बन्न पुग्छ ।

कविवर रश्मिराजले व्यासको विशुद्ध पौराणिक वर्णनशैलीलाई छोडेर आफ्नो नवीन काव्यात्मक शैली अपनाएको उल्लेख माथि नै भएको छ । एउटा अनुष्टुप् श्लोकलाई उपजातिको रूपमा ढाल्नु नै एउटा काव्यको रमणीयता र कविको मौलिकता हो । जस्तै-

**एकदा मुनयः सर्वे सर्वलोकहिते रताः ।**
**सुरम्ये नैमिषारण्ये गोष्ठीं चक्रुर्मनोरमाम् ॥**

(एक समयमा सबै लोकको हित चाहने सम्पूर्ण ऋषिहरूले सुन्दर नैमिषारण्य क्षेत्रमा मनोहर गोष्ठी गरे- व्यास)

**अथैकदा नैमिषनामधेये**
**क्षेत्रे पवित्रे नयनैकपेये ।**
**चक्रुर्मनोज्ञां सुविचार्य गोष्ठीं**
**श्रीशौनकाद्या मुनयः प्रमोदात् ॥** (**श्रीसत्यनारायणकथामृतम् १।१**) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(कुनै समयमा पवित्र र सुन्दर नैमिषारण्य क्षेत्रमा शौनक आदि ऋषिहरूले विचार गरेर हर्षपूर्वक एउटा सुन्दर गोष्ठी गरे- रश्मिराज)।

यी दुईवटा उदारणहरूको विषयवस्तुमा समानता भए पनि वर्णन शैलीमा भिन्नता छ । पहिलो श्लोकमा प्रयोग गरिएको ऋषिहरूको विशेषण **सर्वलोकहिते रताः** (सम्पूर्ण लोकको हितमा लागेका) को दोस्रो श्लोकमा प्रयोग गरिएको छैन भने दोस्रो श्लोकमा प्रयोग गरिएको नैमिषारण्यको विशेषण **पवित्रे** प्रथम श्लोकमा प्रयोग गरिएको छैन । यो सामान्य भिन्नता भन्दा कवि रश्मिराजको रमणीयताको द्योतक हो **नयनैकपेये** (आँखाले एकमात्र पिउन लायक) भन्ने नैमिषारण्यको विशेषण । व्यासको **सुरम्ये** (ज्यादै राम्रो) विशेषणको सट्टामा रश्मिराजले यसप्रकारको विशेषण काव्यमा प्रयोग गरेका हुन् । राम्रो वस्तु आँखाले पिउन लायक त हुन्छ नै तर 'राम्रो' भन्नु भन्दा आँखाले पिउनलायक भन्नुमा नै सुन्दरता छ । वास्तवमा आँखाले पिउने काम गर्दैन तर पनि सुन्दरवस्तुमा रहेको सौन्दर्यको अतिशयको बोध गराउन लक्षणामूलक व्यञ्जनावृत्तिको सहारा लिएका छन् रश्मिराजले । यही नै उनको व्यासको भन्दा नयाँ विशेषता हो अर्थविस्तारको । त्यसरी नै सूतको परिचयको प्रसङ्गमा व्यासले भन्दा रश्मिराजले धेरै विशेषणहरू लगाएर अर्थविस्तार गरेका छन् । यो एउटा पदार्थमा वाक्यरचना गर्ने काव्यशास्त्रीय विधि हो । जस्तै काव्यशास्त्रमा 'अभिसारिका' आदि पदको वाक्यरचना गर्दा 'उपपतिको अनुसरण गर्ने स्त्री' भन्ने हुन्छ ।

सूतजीको आगमनमा शौनकले खुशी प्रकट गरेर कृतज्ञता जनाएको कुरा व्यासको रचनामा छैन । त्यस्तै शौनकले प्रयोग गरेका सूतजीका विशेषणहरू **पुराणविज्ञ, अथेतिहासैकरहस्यवेत्ता** आदि शब्दहरू व्यासले प्रयोग गरेका छैनन् । यसरी पदार्थमा वाक्यरचना गर्ने विधिको अनुसरण गरेर रश्मिराजले विषयवस्तुको विस्तृतीकरण गरेको पाइन्छ ।

व्यासको रचनामा देवर्षि नारद संसारको संकट सुनाउन वैकुण्ठलोकमा रहेका विष्णुनिकट पुग्छन् तर रश्मिराजको रचनामा उनी ब्रह्मलोकमा नै आफ्ना पिता ब्रह्माको स्तुति गरेर त्यो कुरा सुनाउँछन् । रश्मिराजको वर्णन अनुसार ब्रह्मा नै निर्गुण, निराकारआदि शक्तिसम्पन्न छन् र यसप्रकार **श्रीसत्यनारायणकथामृतम्**मा विष्णुलाई भेट्न भनेर बैकुण्ठलोकको यात्रामा कविवर रश्मिराजका नारद दौडेका छैनन् ।

व्यासको रचनामा नारदमुनि दोस्रो अध्यायमा मात्र मर्त्यलोकको यात्रा गर्दछन् तर रश्मिराजको रचनामा प्रथमसर्गमा नै उनी मर्त्यलोकको भ्रमण गरेर ब्रह्मलोक फर्कन्छन् । यो रश्मिराजको संक्षेपीकरणको शैली हो ।

यसरी नै काशीवासी वृद्ध ब्राह्मणको कथा व्यासले तेस्रो अध्यायमा वर्णन गरेका छन् भने रश्मिराजले प्रथम सर्गमा नै । रश्मिराजले वर्णन गरेअनुसार ब्रह्माले देवर्षि नारदलाई सत्यनारायणको व्रतको प्रभावले नै आफूले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्मासन प्राप्त गरेको कुरा सुनाउँछन् भने व्यासको रचनामा यसको उल्लेख छैन ।

व्यासको रचनामा राजा तुङ्गध्वजको कथा सातौं अध्यायमा पाइन्छ भने कवि रश्मिराजको काव्यमा उनको कथा पञ्चमसर्गमा नै समावेश गरिएको छ । साथै कवि रश्मिराजले शार्दूलविक्रीडित छन्दमा आवद्ध ८ वटा श्लोकहरूद्वारा राजाले सत्यनारायणको स्तुति गरेको देखाएका छन् भने व्यासको रचनामा यस खालका स्तुतिको प्रसङ्ग छैन । यसप्रकारको लामो स्तुतिको प्रमाणबाट यस खण्डकाव्यका कवि अर्ज्यालमा महाकाव्यरचना गर्ने समेत शक्ति भएको बोध हुन्छ ।

यसरी मौलिकताका अरु पनि प्रमाणहरू कवि अर्ज्यालका प्रस्तुत काव्यरचनामा सुलभ छन् । यसबाट सिद्ध हुन्छ कि कविवर रश्मिराज अर्ज्याल विषयवस्तुका दृष्टिमा व्याससँग समानता राख्छन् भने काव्यात्मक दृष्टिमा उनी छुट्टै कविव्यक्तित्वको शिरोमुकुट पहिरन्छन् ।

## ३.२ विषयगत पूर्णता र सामाजिक उपयोगिता

विषयगत संक्षेपीकरण र विस्तृतीकरणको पद्धति अपनाएर पनि कवि रश्मिराजले व्यासले उल्लेख गरेका सम्पूर्ण कथाप्रसङ्गलाई समावेश गरेका छन् । महर्षि व्यासको रचना अनुसार सत्यनारायणकथाका मुख्य मुख्य विषय हुन्- नैमिषारण्यमा शौनक आदि ऋषिहरूको गोष्ठी, सूतजीको आगमन, उनको स्वागत र आसनग्रहण, कलिकालले ग्रस्त मानवहरूका हितका विषयमा शौनकको प्रश्न, सूतजीद्वारा नारद र विष्णुको संवादको स्थापना, विष्णुद्वारा सत्यनारायण व्रतको प्रकाश भएको उपाख्यान, सत्यनारायणको व्रतको प्रभावले काशीवासी वृद्धब्राह्मणको दारिद्र्यमोचन, वृद्धब्राह्मणका सत्संगले व्रत गर्ने काष्ठजीवी (काठको पेशा गर्ने) को धनधान्य र सन्ततिलाभ, उल्कामुख राजाका व्रतका संसर्गले एउटा साधु बनियालाई सन्ततिलाभ र श्रीवृद्धि, नेवैद्यका प्रभावबाट भएको तुङ्गध्वज राजाको उन्नति आदि ।

यी माथिका विषयहरूलाई स्पष्ट व्याख्या गरेर सर्वसाधारण संस्कृतज्ञले बुझ्ने गरी लेखिएको यस काव्यको उपयोगिता व्यासको समयमा भन्दा आज बढी मात्रामा छ । द्वापरको अन्त्यमा जन्मेर भूभारहरण गर्ने भगवान् श्रीकृष्णको आवश्यकतालाई अँमाल्दै सर्वजनसंवेद्य श्रीमद्भागवतमहापुराणको रचनाको आवश्यकता पूर्ण गरेर तृप्त बन्ने व्यासको जस्तै बीसौं शताब्दीका विश्वघटनालाई देखेर सङ्कटमुक्त समाजको निर्माण गर्न खोज्ने कवि अर्यालको दृष्टि पनि समाजका दीनदुःखी र अज्ञानीहरूको उद्धारमा गएको स्पष्ट छ । जसरी व्यासले ठूलाठूला राजा उल्कामुख, तुङ्गध्वज आदिको जीवनचक्रबाट शुरु गरेर व्यापारी र दाउरे जस्ताको जीवनघटनालाई विषयवस्तु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बनाएर स्कन्दपुराण अन्तर्गत रेवाखण्डमा सत्यनारायणदेवताको महिमालाई स्थान दिए, त्यसरी नै कवि अर्यालले पनि आफ्नो देशको अज्ञान र अशिक्षाबाट ग्रस्त समाजलाई लक्ष्य गरेर नै यस विषयको पुनःरचना गरे। आजको एक्काइसौं शताब्दीको समाजमा पनि देवर्षिनारदले देखेका जस्ता असह्य पीडा र चित्कारहरू छन्, पहाड र खाडीमा बाढी, पहिरो र आँधीका घटनाका साथै विभिन्न हत्या र हिंसाका रक्तपातहरू छन् र अन्तर्द्वन्द्व र मानसिक पीडाद्वारा जलेका आत्माहरूका दुःखद यातनाहरू पनि छन्। यसप्रकारको विश्वको अशान्ति र अव्यवस्थालाई लक्ष्य बनाएर सम्पूर्ण मानवजातिलाई धन र सन्तानहरूद्वारा सम्पन्न गराएर भौतिक सुख सुविधाको उपभोगका साथै परमगति समेत हात पारिदिन काव्यरचना गर्ने कवि अर्ज्यालको दृष्टि निश्चय नै दूरगामी छ।

'लेखेको पाइन्छ तर देखेको पाइन्न' भन्ने लोकोक्ति अनुसार जति ठूलालाई पनि दैव लाग्छ- लाग्छ। धनसम्पत्ति र छोराछोरीको प्रमादले भगवान्‌को शक्तिमा विश्वास नगर्ने धनीमानी र राजामहाराजाहरूका मानसिकतामा परिवर्तन ल्याउनको लागि वृद्धब्राह्मणको रूपधारण गरेर समाजसुधार गर्ने सत्यनारायण देवताप्रति अटल भक्तिभाव भएमा नै विश्वकल्याण हुनसक्छ भन्ने आफ्ना सिद्धान्त प्रस्तुत गर्नु नै कविको लक्ष्य हो र त्यो पूर्णतः सिद्ध हुने विश्वास गर्न सकिन्छ। नेपाली र अङ्ग्रेजी भाषाहरूका साथ मुद्रित हुन लागेको यो काव्यरत्नले नारदले देखेजस्तो आजको राष्ट्रिय विचलनलाई शान्त पार्नेछ भन्ने पूर्वानुमान पनि गर्न सकिन्छ।

**४. शैलीसौष्ठव**

शब्द र अर्थसम्बन्धी काव्यको बाहिरी कलेवरको शोभा बढाउने छन्द, गुण, अलङ्कार, रीति वा वृत्ति आदिको अपूर्व संयोग नै काव्यको शैलीसौष्ठव वा शैलीगत सुन्दरता मानिन्छ। यस सम्बन्धमा कविवर रश्मिराज अर्ज्यालको शैली सौष्ठवबारे सामान्य उल्लेख भइसकेको भए पनि केही उदाहरणविशेषको पुनः उल्लेख यहाँ आवश्यक देखिन्छ।

छन्दोगत सुन्दरता शैलीगत सुन्दरताको नै पक्ष हो। मीठामीठा शब्दहरू मीठो लयमा गुनगुनाउँदा नै पाठकहृदय झङ्कृत बन्न पुग्छ र आनन्दको अनुभूति गर्छ। यसैले शैलीगत सौन्दर्यवोधका लागि सम्पूर्ण स्रष्टा र रचनाकारहरू साहित्यिक सरणीको मात्र सहारा लिएर रचना गर्छन्, गाउँछन् र नाच्छन् पनि। त्यसप्रकारका मनमोहक छन्दहरूको सुन्दर प्रयोग पनि यस खण्डकाव्यमा भएको छ। ती छन्दहरूलाई सङ्गीतबद्ध गरेर बाजाको तालमा गाइँदा सत्यनारायण पूजाको वातावरण निकै रमाइलो बन्न जाने कुरा निर्विवाद छ। त्यस सम्बन्धमा पनि यहाँ केही चर्चा गरिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

### ४.१ आलङ्कारिक सौष्ठव

गुण, अलङ्कार र रीति नै विशेष गरी काव्यको आत्माको रूपमा रहेका रसतत्त्वको उत्कर्ष बढाउने मानिन्छन् । तिनीहरूमध्ये पनि अलङ्कार नै बढी आकर्षक र महत्त्वपूर्ण यसकारण मानिन्छन् कि यिनीहरू शब्द र अर्थमा गाँसिएर देखापर्छन् । 'कमल जस्ता आँखा भएकी,' 'चन्द्रमा जस्तो मुख भएकी' जस्ता तुलनापरक वाक्यहरूले वर्णन गरिने वस्तुको उत्कर्षबोध गराउन मद्दत गर्ने हुँदा लिखित वा मौखिक दुवै रूपमा यी वाक्यहरूको प्रयोग गर्ने पारखीहरूको संख्या कम हुँदैन । यसैले काव्यसंसार अझ बढी उजागर हुन्छ ।

कवि रश्मिराज अर्ज्यालका प्रस्तुत काव्यमा बढी मात्रामा वर्णानुप्रास, अन्त्यानुप्रास, श्लेष, उपमा, रूपक, अतिशयोक्ति, उत्प्रेक्षा, विरोधाभास, यथासंख्य, काव्यलिङ्ग आदि अलङ्कारहरूको प्रयोग भएको देखिएको छ । यस काव्यमा देखिएको अन्त्यानुप्रासले कवि ललितावल्लभ अर्ज्यालको **भक्तविजय** काव्यको सम्झना गराउँछ भने उपमा, रूपक र अतिशयोक्तिको प्रचुर प्रयोग देख्दा संस्कृत साहित्यका मूर्धन्य कवि कालिदासको याद आउँछ । यसरी संस्कृत वाङ्मयको काव्यशास्त्रीय अलङ्कारशैलीको प्रयोगका कारण कवि अर्ज्याल नेपालको संस्कृत रचनापरम्परामा एउटा सम्मान्य कवि सिद्ध हुन आउँछन् । यसबखत यहाँ कविवर रश्मिराज अर्ज्यालका यस खण्डकाव्यका केही अलङ्कारहरूको दिग्दर्शन गरिन्छ ।

#### (क) अनुप्रास

रसानुकूल वर्णविन्यासको प्रयोग नै अनुप्रास भनिन्छ । अनुप्रास शब्दको अर्थ हो रसको पछि वा अनुकूल हुने गरी गरिने प्रकृष्ट वा गुणव्यञ्जक वर्णहरूको संस्थापना । कवि अर्ज्यालका काव्यमा वर्णानुप्रास (वर्णहरूको अनुप्रास) र पादहरूको अन्त्यमा हुने 'अन्त्यानुप्रास' दुवै देख्न पाइन्छन् । जस्तै :

**लीलाविलासावसरे सुशीला**
**लीलावती चञ्चलकुन्तला सा ॥**

(लीलापूर्वक विलासका अवसरमा चञ्चल केश भएकी सुशील लीलावती **श्रीसत्यनारायणकथामृतम्**-३।१४)

**कलावतीं कालकलाकुलान्तां**
**लीलावती संविललाप दृष्ट्वा ॥**

(कठोर कालको कलाले आकुल भएकी त्यस्ती कलावती (छोरी) लाई देखेर लीलावती (आमा) विलाप गर्न थालिन्- **श्रीसत्यनारायणकथामृतम्**- ४।२९)

**प्रभूतभूपालकुदर्पहर्ता**
**श्रुतिस्मृतिख्यातमतानुसर्ता ।**
**तुङ्गध्वजाख्यः सुकृतैककर्ता**
**मुने ! बभूवाऽखिलभूमिभर्ता ॥**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(सम्पूर्ण राजाहरूको घमण्ड हर्ने, वेद र धर्मशास्त्रले बताएका सिद्धान्तहरूको अनुसरण गर्ने **तुङ्गध्वज** नाम गरेका एउटा राजा थिए । हे शौनक ! पुण्यकर्ममात्र गर्ने ती राजा सम्पूर्ण पृथिवीका अधिपति (चक्रवर्ती) पनि भए- **श्रीसत्यनारायणकथामृतम्** (५।३)

यी माथिका प्रथम र द्वितीय पंक्तिहरूमा लकार, वकार र ककारको बारम्बार आवृत्ति हुँदा 'वर्णानुप्रास' र तृतीयपंक्तिमा सम्पूर्ण पाउहरूको अन्त्यमा आकारमात्र भएकाले 'अन्त्यानुप्रास' स्पष्ट छ । यो अलङ्कार शब्दमा आश्रित हुँदा शब्दालङ्कार मानिन्छ ।

**(ख) श्लेष-**

दुईवटा अर्थ यौटै शब्दमा टाँसिनु नै श्लेष हो । यस काव्यमा प्रयोग भएका **गुणवर्जिताय** (गुणले हीन), **गुणस्वरूपाय** (गुणस्वरूप) (५।१०) जस्ता प्रयोगमा गुणशब्दको अर्थ सत्त्व आदि गुण र दया आदि गुण दुवै हुँदा शब्दश्लेष छ । यसरी नै **प्रदोषाऽपहरे प्रदोषे** (ठूलाठूला दोष निवारण गर्ने सन्ध्याकालमा- १।२०) जस्ता पदावलीहरूमा 'प्रदोष' शब्दको अर्थ 'सन्ध्याकाल' र मानिसमा रहने 'क्रूरता आदि बैगुन' दुवै भएकाले शब्दश्लेष छ ।

**(ग) उपमा**

कुनै वस्तुलाई कुनै वस्तुसँग दाँज्नु नै उपमा हो । 'चन्द्रमा जस्तै सुन्दर मुख' भन्दा मुखलाई चन्द्रमासँग दाँजिएको हुँदा 'उपमा' अलङ्कार बन्न जान्छ । यहाँ 'चन्द्रमा' उपमान, 'मुख' उपमेय, 'सुन्दर' साधारण धर्म र 'जस्तै' शब्द उपमाको वाचक मानिन्छ । यी चारैवटा तत्त्वहरू उपस्थित हुँदा 'पूर्णोपमा' र कुनै एक, दुई वा तीनवटै तत्त्वहरू लुप्त हुँदा 'लुप्तोपमा' भनिन्छ । कवि रश्मिराज अर्ज्यालको प्रस्तुत काव्यमा कतै कतै पाइने पूर्णोपमा बाहेक विशेषरूपमा 'लुप्तोपमा' नै देखिएको छ । यो उपमा प्रायः उपमित समास भएका पदहरूमा हुन्छ । जस्तैः

**तदैव सिन्धोरिव पूर्णमिन्दुं**
**तूर्णं पतिं द्रक्ष्यसि तं समुत्थम् ।**

(नैवेद्य खाएर आएको बेलामा नै समुद्रबाट निस्केको पूर्णचन्द्र जस्ता आफ्ना पतिलाई देख्नेछौ) **-सत्यनारायणकथामृतम्** (४।३६)

**युवेन्दुवक्त्रशोभिनी**
**नवेन्दुसत्कलेव सा ।**

(पूर्णचन्द्रमा जस्तोमुखले सुहाएकी र भर्खर उदाउँदाका चन्द्रकला झैं बढ्ने कलावती- **श्रीसत्यनारायणकथामृतम्** (३।१२)

यी माथिका पंक्तिहरूमा **सिन्धोरिव** (सागरको जस्तो) र **इन्दुसत्कलेव** (चन्द्रको सुन्दर कलाजस्ती ती) इत्यादिमा पूर्णोपमाका र **इन्दुवक्त्र** (चन्द्रजस्तो मुख) जस्ता शब्दहरू लुप्तोपमाका वाचक हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**(घ) रूपक**

उपमेयमा उपमानको अभेदमूलक आरोप नै 'रूपक' हो र यसमा उपमेय र उपमानमा ताद्रूप्यसम्बन्ध रहन्छ अर्थात् उपमेयले नै उपमानको रूपमा काम गर्छ । 'मुख नै चन्द्रमा हो' भन्दा मुखले चन्द्रमा बनेर काम गर्ने हुँदा र मुखको रूप नै चन्द्रमा हुँदा 'रूपक' बन्न जान्छ । कवि रश्मिराजका रचनामा रूपकको प्रयोग धेरै भएको छ । जस्तै :

**कुर्वन् गृहाभ्यन्तरमेव शुभ्रं**
**प्रसन्नवक्त्रेन्दुरुचा जगाद ॥**

(ती काशीवासी ब्राह्मणले चन्द्रमा जस्तो प्रसन्न मुखको कान्तिद्वारा घरको भित्री भाग नै उज्यालो पार्दै भने- **श्रीसत्यनारायणकथामृतम्** (२।७) ।

यहाँ मुखमा चन्द्रमाको आरोप गरिएको छ र त्यसको कान्तिले घर उज्यालो बनाइएको छ ।

**संसारपाथोनिधिगाढसेतु ।**

(यो सत्यनारायणको व्रत संसाररूपी सागर तर्नका लागि एउटा बलियो पुल हो- **श्रीसत्यनारायणकथामृतम्**- (१।१६) ।

यी पंक्तिहरूमा संसारमा सागरको आरोप गरिएको छ र त्यो सागर तर्नका लागि व्रतमा पुलको आरोप गरिएको पनि छ । संसारमा सागरको आरोप नगरेको भए व्रतमा पुलको आरोप गर्नुको पनि कुनै औचित्य र आवश्यकता थिएन । यसैले यो परम्परित रूपक हो ।

**येनाम्भोनिधिजादृगम्बुजयुगप्रातःसहस्रांशुना ।**

(लक्ष्मीका आँखारूपी दुईवटा कमल फुलाउनका लागि प्रातःकालको सूर्य भएका सत्यनारायण- **सत्यनारायणकथामृतम्**- (५।१३) ।

यहाँ पनि लक्ष्मीको आँखामा कमलको आरोप गरिएको छ र त्यसलाई फुलाउन सत्यनारायणमा सूर्यको आरोप पनि गरिएको छ । आँखामा कमलको आरोप नभए सत्यनारायणमा सूर्यको आरोप गर्न आवश्यक थिएन । यसैले यो परम्परित रूपक हो ।

**(ङ) अतिशयोक्ति**

उपमेयलाई उपमानले थिचेको अवस्थामा अतिशयोक्ति हुन्छ । नायिकाको मुखलाई लक्ष्य ""र 'अहो ! चन्द्रमा' भन्ने वाक्य प्रयोग गर्नु अतिशयोक्ति हो । कवि रश्मिराजका प्रस्तुत काव्यमा अतिशयोक्तिको प्रयोग ठाउँठाउँमा यसरी भएको देखिन्छ । जस्तै-

**अथ प्रदोषापहरे प्रदोषे**

(यसपछि ठूलाठूला दोषहरू निवारण गर्ने सन्ध्याकालमा **सत्यनारायणकथामृतम्** (१।२०)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**मन्दस्मितातीववलक्षयेत्थं**
**वाण्या मनोज्ञस्वरया वभाषे ।**

(श्रीब्रह्मदेवले मन्द मुस्कुराहटले अत्यन्त उज्यालो बनेको र मीठो स्वर भएको बोलीका साथ (नारदलाई) भने- **श्रीसत्यनारायणकथामृतम्** (१।१८) ।

यी माथिका पंक्तिहरूमा सन्ध्याकाललाई ठूला ठूला दोषहरू हटाउन सक्ने र वाणीलाई हाँसोले सेतो बनेको रूपमा वर्णन गर्नु अतिशयोक्ति हो । यसरी ठाउँठाउँमा पाइने शब्दालङ्कार र अर्थालङ्कारको उज्यालोले गर्दा पौराणिक विषयप्रधान भएको यो **श्रीसत्यनारायणकथामृतम्** खण्डकाव्य नवीन र आस्वादयोग्य बनेर पाठक र श्रोतासामु उपस्थित भएको स्पष्ट छ ।

अतिशयोक्तिपूर्वक रचना गरिएको यो प्रथमसर्गको अठारौं पद्यले महाकवि कालिदासको रघुवंशमहाकाव्यबाट कवि अर्ज्याल पनि प्रभावित हुन गएको अनुमान गर्न सकिन्छ किनकि कालिदासका उक्त काव्यको दोस्रो सर्गमा सिंहको वर्णन गर्दा उसका दाँतका सेता किरणहरूले गुफाको अन्धकारलाई टुक्राटुक्रा पारेर उज्यालिएको अतिशयोक्तिपूर्ण वर्णन छ । यसरी कवि अर्ज्यालले प्राचीन महाकविहरूका परम्परा अनुसार पनि काव्यमर्यादाको पालना गरेको तथ्य स्पष्ट छ।

**अथान्धकारं गिरिगह्वराणां दंष्ट्रामयूखैः शकलानि कुर्वन् ।**
**भूयः स भूतेश्वरपार्श्ववर्ती किञ्चिद् विहस्यार्थपतिं बभाषे**

(रघुवंश २य सर्ग)॥

**(च) उत्प्रेक्षा**

वर्णनीय वस्तु वा उपमेय पदार्थमा उपमान वा अप्रस्तुत वस्तुको सम्भावना गर्नु नै उत्प्रेक्षा हो । 'उत्प्रेक्षा' शब्दको अर्थ प्रासङ्गिक कुराभन्दा माथि अप्रासङ्गिक वस्तुलाई हेर्नु वा सम्भावना गर्नु भन्ने हुन्छ । यो सम्भावना जाति, गुण, क्रिया, द्रव्य आदिको नै हुन्छ । कवि अर्ज्यालका काव्यमा यस अलंकारको पनि प्रयोग भएको छ । माथि उल्लेख गरिएको **लीलाविलासावसरे** श्लोकको **जगाद दीनेव सुमन्दमन्दम्** (पीडित झैं भएर अत्यन्त बिस्तारै बोलिन्) भनिने चौथो पंक्तिमा लीलावतीमा दीनतागुणको उत्प्रेक्षा गरिएको छ । कामसुखमा डुबेकी लीलावतीले आनन्दवश बिस्तार बोल्नु नै यहाँ मुख्य अर्थ छ र लीलावतीलाई अरु दुःखी नारीसँग दाँजेर उपमा सिद्ध गर्नुमा कविको आशय छैन । साथै अरु दुःखी नारी दुःखले आत्तिएर आक्रोश व्यक्त गर्नुपर्दा बिस्तारै बोल्नुमा प्रमाण सिद्ध गर्न पनि सकिन्न । कामसुखका अवस्थामा पतिपत्नीहरूका प्रेमालाप वा आनन्दोद्गार अत्यन्त मन्द हुने कुरा महाकवि भारविले आफ्नो **उत्तररामचरित** नाटकमा यसरी व्यक्त्याएका छन्-

**किमपि किमपि मन्दं मन्दमासक्तियोगा-**
**दविचलितकपोलं जल्पतोरक्रमेण ।**

(कामासक्त भएर गाला टाँसेर अत्यन्त सुस्तरी केही केही अस्पष्ट कुरा गर्ने राम र सीताको त्यो रात थाहै नपाई बित्यो) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**(छ) विरोधाभास**

विरोधको आभास वा उपलक्षण देखिनु वा अनुभव हुनु नै विरोधाभास (विरोध+आभास) अलंकार हो। कवि अर्ज्यालका यस काव्यमा ठाउँ ठाउँमा यस अलंकारको प्रयोग पाइन्छ। जस्तै-

**अनन्तशक्ते ! गुणवर्जिताय ।**
**गुणस्वरूपाय च सर्वधात्रे ।**

(अनन्तशक्ति भएका, गुणले रहित तर गुणको स्वरूप बनेका र सबैका विधाता (ब्रह्मा) -**सत्यनारायणकथामृतम्** (१।१०)।

**अथ प्रदोषाऽपहरे प्रदोषे** (यसपछि सम्पूर्ण दोषनाश गर्ने तर दोषहरू भएको ( सन्ध्याकाल) मा -**सत्यनारायणकथामृतम्** (१।२०)।

यी माथिका पंक्तिहरूमा गुणहीन भएर पनि गुणस्वरूप र दोषनाश गर्ने भए पनि दोष भएको भन्नुमा विरोधाभास छ। यहाँ विरोधको आभास मात्र हो तर विरोध नै होइन किनकि गुणहीन भन्नुको आवश्यक अर्थ सत्त्व, रज आदि त्रिगुणदेखि टाढा रहेको भन्नु नै हो र विशेष्यको रूपमा रहेको 'प्रदोष' शब्दको आवश्यक अर्थ केवल सन्ध्याकाल हो नकि प्रकृष्टदोष। यसरी यहाँ विरोधको समाधान हुँदा आभासको रूपमा मात्र अस्थायी विरोध देखापर्छ।

**(ज) काव्यलिङ्ग**

कुनै पनि कारण काव्यको विशेष अर्थप्रति पद, पदार्थ र वाक्यार्थको रूपमा विचित्रताको निष्पादक बन्छ भने काव्यलिङ्ग (काव्य+लिङ्ग) अलंकार मानिन्छ। यस काव्यमा यस अलंकारको प्रयोग पनि भएको छ। जस्तै-

**संकल्पितं कर्म तु ये त्यजन्ति**
**व्रजन्ति दुःखैकपरम्परान्ते ।**

(जो मानिस संकल्प गरेको कर्म छोड्छन्, ती लगातार दुःख पाउँछन्- **सत्यनारायणकथामृतम्** (४।२१)।

यस पंक्तिमा संकल्प गरिएको छोड्नुलाई लामो दुःख पाउनुको कारण मानिएको छ र यो वाक्यार्थहेतुक काव्यलिङ्ग हो।

**(झ) यथासंख्य**

उल्लिखित पदार्थहरूको क्रम मिलाएर निर्देश गर्नु वा पहिलाको पहिलासँग, दोस्राको दोस्रासँग र तेस्राको तेस्रासँग क्रम नबिगारिकन सम्बन्ध सिद्ध गराउनु नै **यथासंख्य** नामको अलंकार मानिन्छ। कवि अर्यालका प्रस्तुत काव्यमा यथासंख्य अलंकार पनि प्रयोगमा आएको छ। जस्तै-

**अनादरादादरतोऽस्य प्राप**
**यथातिदुःखञ्च सुखं महेन्द्रः ।**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(जस्तै तुङ्गध्वज नामका राजाले यस सत्यनारायणव्रतको अनादर र आदर गर्नाले अत्यन्त दुःख र सुख पनि पाए- **सत्यनारायणकथामृतम्** (५।२) ।

यहाँ व्रतको आदर नगर्नाले अत्यन्त दुःख र आदर गर्नाले अत्यन्त सुख पाए भन्ने कुरालाई क्रम मिलाएर अर्थात् अनादरलाई प्रथम स्थानमा र आदरलाई द्वितीय स्थानमा राखेर उनीहरूसँग सम्बन्धित दुःख पाउनु र सुख पाउनुलाई पनि त्यही क्रमले राखिएको हुँदा यथासंख्य (यथा+संख्या) अलंकार सिद्ध हुन्छ ।

यी हुन् कवि रश्मिराज अर्ज्यालका काव्यशिल्पसम्वन्धी आलंकारिक विच्छित्तिहरू । यसप्रकारका विच्छित्तिहरूका कारण नै यो काव्यले अलंकारशास्त्रीय रमणीयताको अबीरजात्रा पाएको छ । यी अलंकारहरूका अतिरिक्त अरु अलंकारहरूको प्राप्ति पनि यस काव्यमा सम्भव छ तर त्यो विषय अनुसन्धानकर्ताको जिम्मेवारी भएकोले यहाँ गहिरिनु पाठकहरूलाई थकाउनु नै हुन जानेछ ।

### ४.२ गुणसौष्ठव

प्रसाद, माधुर्य र ओज नामका ३ वटा गुणहरू रसको धर्म भएर पनि गौणरूपमा शब्द र अर्थमा रहन्छन् किनकि प्रसन्नता, मधुरता र दीप्ति शब्द र अर्थ दुवैमा रहने अवस्था विशेष हुन् । कवि अर्ज्यालका प्रस्तुत काव्यमा विशेष गरी प्रसाद र माधुर्य गुणको उपस्थिति छ । जस्तै- समास नगरिएका सरल शब्दहरूमा सर्वत्र प्रसाद गुण छ र छोटोछोटो समास भएका आलङ्कारिक शब्दहरूमा यहाँ मधुरता छ । जस्तै :

**व्रतेन पुण्येन तपस्यया वा**
**जपेन दानेन च पाठतो वा ।**
**येनास्य लोकस्य विना प्रयासं**
**दुःखं विनश्येद् वद विज्ञ ! तत्त्वम् ॥**

(हे सूतजी ! व्रतले होस् वा पुण्यले, तपस्याले होस् वा जपले, दानले होस् वा पाठले, जसरी हुन्छ यो लोकको दुःख नाश गर्ने उपाय भन्नुहोस्- **श्रीसत्यनारायणकथामृतम्**- (१।६) ।

यहाँ अर्थ छर्लङ्ग हुने र समास नगरिएका शब्दहरूको प्रयोगका कारण 'प्रसाद' गुण स्पष्ट छ ।

माथि उल्लेख गरिएका अनुप्रासपूर्ण **लीलाविलास, कलावती, कालकला** जस्ता पदहरूमा 'माधुर्य' गुण छ किनकि यहाँका अनुप्रासले मनोरम मधुरताको अनुभूति दिन्छ । यी माथिका गुणव्यञ्जक पंक्तिहरूमा वैदर्भीरीति र पाञ्चाली रीतिको स्थिति छ किनकि समास नहुनु वा १।२ शब्दहरूको मात्र समास हुनु वैदर्भी रीतिविशेष हो भने ३।४ शब्दहरूमा समास हुनु पाञ्चाली रीतिको स्थिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हो । यस काव्यमा राजा तुङ्गध्वजको स्तुतिमा कतैकतै गौडीरीतिको प्रयोग पनि भएको छ तर त्यहाँ ओजगुणको स्थिति कम छ ।

### ४.३ छन्दःसौष्ठव

छन्दःसौष्ठव भन्नु नै लयगत मधुरता हो । यसले कवितालाई गानयोग्य वा साङ्गीतिक अवस्थामा पुऱ्याउँछ । यसैले गर्दा नै रामायण, महाभारत आदि छन्दोबद्ध काव्य- संसारको उज्यालो विश्वभरि छरिँदै गयो । ऋग्वेददेखि सुरु भएर अखण्डित रूपमा प्रयोग गरिँदै आएका विभिन्न छन्दहरूमा ममता राखेर काव्यरचना गर्ने कवि रश्मिराज अर्ज्यालका प्रस्तुत काव्यमा विशेष गरी उपजाति, शार्दूलविक्रीडित, भुजङ्गप्रयात, शालिनी, मालिनी, वियोगिनी, प्रमाणिका, पुष्पिताग्रा आदि छन्दको प्रयोग भएको देखिन्छ । यी छन्दहरूको प्रयोगले गर्दा नै यो **श्रीसत्यनारायणकथामृतम्** खण्डकाव्य व्यासको रचनाभन्दा उत्कृष्ट एवं सहृदयहृदयहारी बन्न पुगेको कुरा माथि उल्लेख भइसकेको पनि छ ।

#### (क) उपजाति

उपेन्द्रवज्रा र इन्द्रवज्रा मिलेर बन्ने 'उपजाति' छन्द नै कवि अर्ज्यालका यस काव्यमा व्यापक रूपमा प्रयोग गरिएको छ । ११ अक्षरहरू मिलेर बनेको यस छन्दको आफ्नै परिभाषा र महत्त्व छ । त्यस सम्बन्धमा छन्दःशास्त्र नै हेर्नु आवश्यक हुन्छ । उदाहरणका रूपमा प्रसाद्गुणको पद्य लिन सकिन्छ ।

#### (ख) शार्दूलविक्रीडित

'सिंहको जस्तो खेल भएको' भन्ने अर्थ बुझाउने यो छन्द १९ अक्षरहरूले बन्छ र लामो भएकाले नै यो छन्द सिंहको जस्तो खेल भएको वा गम्भीर मानिएको हुन सक्छ । 'एक दिन नारद सत्यलोक् पुगिगया' भनेर आदिकवि भानुभक्त आचार्यले रुचाइएको यो छन्दलाई कवि अर्ज्यालले राजा तुङ्गध्वजले गरेको सत्यनारायणको स्तुतिमा प्रयोग गरेका छन् । ८ श्लोकमा गरिएको र पाँचौं सर्गमा रहेको यो स्तुति नै यस छन्दको उदाहरण हो ।

#### (ग) भुजङ्गप्रयात

चार वटा यगणहरू मिलेर बन्ने र 'सर्पको जस्तो हिँडाई भएको' भन्ने अर्थ दिने यो छन्दलाई कवि अर्ज्यालले कम प्रयोग गरेका छन् । यो सङ्गीतबद्ध गरेर गाउन लायक छन्द मानिन्छ । जस्तै :

**उदारे पुरे रत्नसारे जितारेः**
**सुकेतीरथो चन्द्रकेतोर्नृपस्य ॥**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(शत्रुलाई जितेका र राम्रो पताका भएका राजा चन्द्रकेतुको **रत्नसार** नामको विशाल शहरमा- **श्रीसत्यनारायणकथामृतम्** (३।२२)

**(घ) शालिनी**

मगण, तगण, तगण र गुरु (दीर्घ) गुरु (दीर्घ) मिलेर ११ अक्षरको यो शालिनी छन्द बन्छ । 'सुहाउने' भन्ने अर्थ बुझाउने यो छन्दलाई कविले धेरै ठाउँमा प्रयोग गरेका छन् । जस्तै :

**सद्यात्रायां दैवतोऽस्यां मयाऽऽप्तं**
**कान्तेऽत्यन्तं दुर्लभं वस्तु किञ्चित् ।**

(हे सुन्दरी ! यो व्यापारको सुन्दर यात्रामा मैले कुनै एउटा दुर्लभवस्तु (सत्यनारायाणको व्रत) फेला पारेँ- **श्रीसत्यनारायणकथामृतम्** (३।९)

**(ङ) मालिनी**

नगण, नगण, मगण, यगण र यगण मिलेर बनेको १५ अक्षरहरूको **मालिनी** छन्दले 'माला लगाएको' भन्ने अर्थ दिन्छ । सललल बगेकाले र कोमल ह्रस्व वर्ण बढी भएकाले यस छन्दमा मालाको सम्बन्ध जोडिएको हुन सक्छ । कवि रश्मिराजले यस छन्दलाई आफ्नो काव्यका १ ठाउँमा मात्र प्रयोग गरेका छन् । जस्तै :

**भवतु नम इदं ते विप्रवर्य ! प्रसादं**
**मयि कुरु कृपया त्वं सत्वरं क्वाऽपि याहि ॥**

(हे ब्राह्मण ! तिमीलाई मेरो यो नमस्कार छ, ममा प्रसन्न होऊ र कृपापूर्वक तिमी चाँडै नै कतै वर खोज्न जाऊ- **श्रीसत्यनारायणकथामृतम्** (३।१८) ।

यसरी अनेकौं छन्दहरूमा कलम दौडाउने कवि अर्ज्यालले छन्दःशास्त्रको राम्ररी अध्ययन गरेको पुष्टि मिल्छ । साथै यस काव्यरचनाभन्दा पहिले पनि छन्दोबद्ध रचनाभ्यास गरेको अनुमान पनि गर्न सकिन्छ । वियोगिनी, प्रमाणिका, पुष्पिताग्रा जस्ता विवेचना गर्न बाँकी रहेका छन्दहरूको प्रयोग देख्दा उनमा छन्दका तरङ्गहरू खेलाउन र नचाउन सक्ने खुबी भएको स्पष्ट हुन्छ ।

## ५. रसात्मक अभिव्यञ्जना

अन्तश्चमत्कारस्वरूप काव्यास्वादको नाम नै 'रस' हो र यो कविताकाव्य-सुन्दरीको आत्मा हो । सम्पूर्ण नद-नदीहरू सागरमा घोप्टिएझैं गुण, अलङ्कार, रीति आदि सम्पूर्ण काव्यतत्त्वहरूको मिलनबिन्दु यही रस बन्दछ । रसास्वादलाई ध्यानमा राखेर नै कविता-काव्य र गीत-संगीत आदि सम्पूर्ण भावाद्र रचनाहरूको रचना सम्पन्न हुन्छ । यसप्रकारका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रचनाविन्यासहरूमा स्रष्टाले नै आफ्नो हृदयधारा बगाएको हुन्छ र त्यसले पाठकहरूको हृदयमा संवेदनाको विद्युत्लहर फैलाइदिन्छ पनि ।

कवि रश्मिराजले पनि त सत्यनारायणप्रतिको आफ्नो भक्तिधारालाई यस काव्यरचनामा घोप्ट्याए । त्यही रचनात्मक भावधारामा उड्दै आए गुण, अलङ्कार, रीति, छन्द आदि सम्पूर्ण काव्यघटक तत्त्वका राजहंसहरू । सूतजी, शौनक आदि ऋषिहरूप्रति उर्लेको मुनिगत रतिभावबाट फिँजिदै ब्रह्मलोकका ब्रह्मा र ब्रह्मपुत्र नारदसम्म पुग्न सफल कविको व्यापक भावधारा नै त यहाँ विभिन्न शान्त, करुण, श्रृङ्गार आदि रस वा आस्वादको रूप लिएर पाठकहृदयसम्म पुगेर उर्लन सफल भएको छ ।

शान्तरस नै मुख्य रहेको यस काव्यमा लीलावती र कलावतीका आकस्मिक दुर्घटना र रोदनका छालहरूले यहाँ करुणाको पनि सृष्टि गर्छन् । साधुबनिया र लीलावतीका सन्तानप्राप्ति निमित्त देखापरेका प्रेमका सङ्केतहरूले यस काव्यमा श्रृङ्गाररसको अनुभूति पनि सहृदय पाठकलाई हुन्छ । वास्तवमा यस काव्यको अङ्गीरस शान्त नै हो र यो विष्णुविषयक रतिभावमा आश्रित छ । यसको स्थायी भाव भने संसारप्रतिको निर्वेद वा वैराग्य हो । यस रसका अनुभूतिकर्ता हुन् यसका पाठकहरू नै ।

**अथैकदा नैमिषनामधेये क्षेत्रे पवित्रे नयनैकपेये** इत्यादि पदावलीमा पनि शान्तरसका आश्रय छन् कवि । श्रीसत्यनारायण देवताको स्वरूप आलम्बन विभाव, पवित्र नैमिषक्षेत्र उद्दीपन विभाव, नैमिषक्षेत्रगत आँखाको तदाकार वृत्ति अनुभाव र कविनिष्ठ हर्ष आदि सञ्चारी भावहरूको सहभागिता छ । त्यसै हुनाले यहाँ शान्तरसको अनुभूति व्यंग्य छ र कविको निरीहावस्थामा आत्मविश्रामबाट समुत्पन्न सुखको रूपमा उपस्थित शम वा शान्तिरूपी स्थायी भावबाट प्रवाहित छ ।

यद्यपि नैमिषक्षेत्र शमरूपी स्थायीभावको उद्दीपक मात्र छ तर आलम्बन र आश्रय छैनन् तथापि यहाँ कवि नै भावक छन् र उनको वासनात्मक हृदयसरोवरमा भावप्रवणताका राजहंस विहार गरिरहेका छन् अथवा भावप्रवणताका कमलहरू प्रस्फुटित भैरहेका छन् । रस निष्पत्तिकारक विभावानुभावादि तत्त्वहरूमध्ये कुनै एक वा दुई तत्त्वको मात्र उपस्थिति भए पनि अरु अनुपस्थित भावहरूको समाक्षेप वा व्यञ्जनाबोध हुन्छ । उपर्युक्त पदावलीमा शम वा शान्तिरूपी स्थायीभावको नै प्रवणता छ र वाच्यरूपमा रहेको नैमिष क्षेत्रगत तदाकार वृत्तिको उसैमा समन्वय छ । यसरी कवि रश्मिराज एउटा व्यञ्जक शब्दको झ्याल खोलेर हेर्छन् र त्यहाँबाट अनन्तरसको विशाल सागरसम्म देख्न सक्छन् ।

श्रीसत्यनारायण देवताको भक्तिभावनामा डुबेर काव्यारम्भ गर्ने शान्तिप्रेमी कवि रश्मिराज अर्ज्यालभित्रको शान्तरसको उपस्थितिका लागि पूर्वोक्त पदावली नै पर्याप्त छ । त्यही पदावली नै सम्पूर्ण सांसारिक वस्तुको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

अनित्यता, निःसारता वा सत्यनारायणीय ध्यानावस्थाको व्यञ्जक बनेर आफ्नो तदाकार वृत्तिलाई भगवत्स्वरूपको तदाकारवृत्तिमा नै समर्पण गर्दछ किनभने कविनिष्ठ सम्पूर्ण मनःसंवेग वा स्थायी भाव व्यंग्यरूपमा अनुभवगम्य छ । ज्ञातव्य छ- शान्तरस नै अनुभवसिद्ध रस हो । यसको अनिर्वचनीयतासँग दिव्य सुखको पनि तुलना हुनसक्दैन । कृष्णद्वैपायन भन्नुहुन्छ- 'लौकिक कामसुख र स्वर्ग आदि अलौकिक महासुखले पनि तृष्णा आदिको क्षयबाट उत्पन्न हुने परब्रह्मसुखको सोह्रकलामध्येको एक कलालाई पनि भेट्न सक्दैन ।'

**यच्च कामसुखं लोके यच्च दिव्यं महत्सुखम् ।**
**तृष्णाक्षयसुखस्यैते नार्हतः षोडशीं कलाम् ॥**

**नयनैकपेय** शब्द सुन्दर मनोदशामा प्रयुक्त पद हो । यसको **एक** शब्दले सम्पूर्ण इन्द्रियवृत्तिहरू नै नैमिष क्षेत्ररूपी उद्दीपक प्रकृतिमा विलीन भएर एकमात्र शान्तरसको अनुभूति गराउँछ । यहाँ शान्तरसको एकज्ञानरूपता सिद्ध हुन्छ ।

उपयुक्त प्रक्रियाअनुसार यस काव्यमा श्रृङ्गाररसको अनुभूति पनि सिद्ध हुन्छ । जस्तै- **लीलाविलासावसरे सुशीला**...यस पद्यमा प्रयुक्त नायिकाका हावभाव आदि विभिन्न अलंकारहरूमा प्रमुख मानिने **लीला** (प्रियतमको उपस्थितिमा गरिने सौन्दर्य व्यवस्था) र **विलास** (पतिको अनुकरण) यी दुवै खासगरी श्रृंगाररसका अनुभाव हुन् । यसै पद्यको **जगाद दीनेव सुमन्दमन्दम्** (दुःखी जस्ती लीलावतीले अत्यन्त विस्तारै भनिन्) जस्ता पदावलीमा पनि माथिकै प्रक्रियाअनुसार श्रृङ्गाररसको अनुभूति सिद्ध हुन्छ ।

**सुमन्दमन्दम्** (अत्यन्त बिस्तारै) शब्दबाट व्यञ्जित हुने नायकप्रतिको नायिकाको रतिरूप भावप्रवणताले पनि आस्वादको काम गर्छ । यहाँ नायिका लीलावती रतिभावकी आश्रय, नायक साधु वनिया त्यसको आलम्बन, नायकगत दक्षता उद्दीपन र नायिकागत लीला र विलास नामक अलंकारहरूबाट व्यञ्जित हुने उत्सुकता, हर्ष र चपलता आदि भावहरू नै अस्थायी छन् र यी सबैको समूह नै व्यञ्जनाव्यापारद्वारा विशिष्टवैशिष्टचावगाही एक ज्ञानरूपतामा प्राप्त भएर श्रृंगाररसको सम्पूर्णानुभूति गराउन सफल हुन्छ । माथिका विवरणविश्लेषणका आधारमा कविवर रश्मिराज अर्ज्यालका यस काव्यमा श्रृंगाररस भने अंगी वा प्रमुख रसका रूपमा अनुभव गरिने शान्तरसको सहायक बनेर देखापरेको छ ।

माथिको पद्यमा लीलावतीलाई सती, साध्वी, सुशीला र चञ्चल, कुन्तला अर्थात् राम्रो र झुल्ने केश भएकी भनेर विभिन्न रूपमा कविले चित्रण गरेका छन् । अरु आँखा, मुख आदिको वर्णन नगरी केशको मात्र वर्णन गर्नुले कवि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रश्मिरराजले आफ्नी पतिपरायणा पत्नी केशकुमारीको स्मरण गरेका हुन् कि भन्ने कुरा पनि अड्कल काट्न सकिन्छ ।

### ६. उपसंहार

**अपि कश्चिद् भवेन्मूर्खो रश्मिराजे चकासति ।**
**तमस्तपति घर्मांशौ कथमाविर्भविष्यति ! ॥**

(रश्मिराज अर्ज्याल वा किरणमाली (सूर्य) प्रकाशित भएपछि अमरभूमिको यस अर्ज्याल वंशमा कुन मानिस मूर्ख रहला र ? सूर्यले तेजिलो भएर आफ्नो प्रकाश फैलाएपछि अज्ञानरूपी अन्धकार कसरी फैलला र ? अर्थात् त्यसको नामोनिशान नै रहँदैन । - पं. हरिप्रसाद अर्ज्याल, विष्णुराज आत्रेयकृत अर्ज्याल वंशावली र कुलवृत्तबाट)

यसप्रकार सूर्यको सम्भावना गरिएका कवि रश्मिराज अर्ज्याल़ले आफ्नो मङ्गलवाचक **अथ** शब्दबाट सुरु गरेर लोककल्याणको कामनापूर्वक समाप्त गरिएको ५ सर्गमा आबद्ध **श्रीसत्यनारायणकथामृतम्** काव्यको विषयमा कोरिएको प्रस्तुत लेखनको शब्दचित्र सूर्यका अगाडि एउटा बत्तीमात्र हो- कवि एवं विद्वान् रश्मिराज अर्ज्यालको सम्मानमा यस लेखकले गरेको एउटा सानो आरती मात्र ।

विभिन्न विषय र विभिन्न विधामा करिब १ दर्जनजति पुस्तक लेखेर पनि हालसम्म अप्रकाशित रहेका परिस्थितिभित्र गुम्सिएको यो संस्कृतकाव्यको पञ्चामृत चखाउन कटिबद्ध कविका चिरञ्जीवी नाति प्रा.डा. विष्णुराज आत्रेयको शुभप्रेरणाबाट कोरिएको कविको रचनाको यो सामान्य परिचय मात्र हो । यसले प्रस्तुत काव्यपठनको यात्रामा केही सहयोग पुऱ्याउने आशामा उभिएको यस पंक्तिकारले यस काव्यबारे लेख्न लायक धेरै कुरा बाँकी रहेको अनुभव गर्छ ।

तात्कालिक तौलिहवा बजारका जनसहयोगमा स्थापित एवं हाल तौलेश्वरनाथ (राजकीय) संस्कृत माध्यमिक विद्यालयको मातृसंस्था तौलेश्वर संस्कृत पाठशालाका संस्थापक वि.सं. १९७२ मा स्थानीय साहू मथुराप्रसाद गुप्ताको घरमा स्थापित श्रीराम पुस्तकालय, स्यूराज बहादुरगन्जमा ठाकुर गयाप्रसाद शाहको लगानीमा स्थापित श्रीराम गोर्खा पाठशाला र यस्तै वि.सं. १९९३ मा कपिलवस्तुमा स्थापित 'पशुपतिप्रतापपुस्तकालय' को संस्थापक सदस्य समेत रहेका कवि विद्वद्वर रश्मिराज अर्ज्यालको शिक्षाप्रेमदेखिका शैक्षिक, सामाजिक एवं धार्मिक गतिविधि र साधनाहरूको परिचयलगायत उनका महनीय व्यक्तित्वपक्षको स्पर्शमात्र पनि नगरिकन कविको रूपमा मात्र यहाँ परिचित गराइएको छ ।

कवि अर्ज्यालको विषयमा यो प्रयास एउटा एकतर्फी मान्यतामात्र हो किनकि उनका समकालीन कवि महापण्डित दधिराम मरासिनी कविशिरोमणि लेखनाथ पौड्याल तथा तिनका भाइ विद्वान् धेतानाथ अर्ज्याल जस्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

पाण्डित्यमहारथीहरूका जीवनयात्राका विभिन्न मोडहरूमा सहयात्री बन्न पुगेका कविको विषयमा लेख्न अहिले सुरुवात नै के भएको छ र ? नाति डा. आत्रेयको पितृभक्ति र विद्यानुरागबाट सुरु हुन गएको यो कवि विद्वद्वर रश्मिराज अर्ज्यालको अर्चनाक्रम उत्तरोत्तर सिर्जनामुखी र कुलप्रेमी पनि बन्दै जाओस् भन्ने आशाका साथ विष्णुभक्त कवि रश्मिराजको यशस्वी तेजोमूर्तिप्रति आफ्ना हार्दिक भक्तिभावको पुष्पाञ्जलि अर्पण गर्छु ।

*हे रश्मिराज कुलदीपक विष्णुभक्त !*
*अर्पन्छु लेउ रचनामय कुन्दपुष्प ।*
*सन्तानमाथि छर आशिषको सुवास*
*होओस् सबै भुवनमा सुरवाक्-विकास ॥*

**-प्रा.डा. टीकाराम अधिकारी**
प्राध्यापक
वाल्मीकि विद्यापीठ, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# Vidvadvar Arjyal and His Epic

At a time when there was hardly any school outside the capital city, it is not difficult to imagine how dreadful was the literacy percentage across the rural areas of the country. To eliminate darkness reigned in the prevailing society and dispense, the light of education in Dingla, the eastern rural part of Nepal, there emerged Shadananda Brahmachari whereas in the west Dadhiram Marasini in Argankanchi and Rashmi Raj Arjyal in Taulihawa of Kapilvastu and Pandit Chetonath Arjyal in the valley of Dang-Deukhuri as the great scholars of the day. Their names and contributions will be inscribed in golden letters throughout the educational history of Nepal.

Against this background, Amarbhumi and Aryagram (also known anciently as Arji/ Arjai) in Gulmi district of Lumbini Zone was an exception. The descendants of Arjyal family had been outstanding scholars since long long ago. Every household of this settlement had Pathshalas (present day school and colleges) as the reminiscences of ancient Gurukul tradition. As one of the last reminiscences of such Pathshalas, we can quote the name of Jagannath Gurukul of Amarbhumi Rayale. Historians opined that the credit of spreading the divine rays of lights of education in those days in neighbouring areas like Thorga, Dhurkot, Pyuthan and Dang goes to inhabitants of Amarbhumi.

Rashmi Raj Arjyal, the author of this epic **Satyanarayankathamritam** was born to the said family of renowned pundit (scholar) Jagannath Arjyal (1909-1990 B.S.) in the ceremonial day of Bhadra Shuklapanchami (the fifth day of the first half of the lunar month) in the year 1943 B.S. He was the eldest son of the family and his mother's name was Damayanti Devi.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

After his preliminary education he came to Kathmandu for further study. He became close comrades of Kavi Shiromani Lekhnath Poudyal and Maha Pandit Dadhiram Marasini. Rashmi Raj used to argue that knowledge of Sanskrit grammar should be the prerequisite to become a successful writer as well as a poet. He used to write poetries in Sanskrit language.

Scholar Rashmi Raj Arjyal's brilliancy, talent and creativity was uncommon from his early student life. Almost all his gurus in Ranipokhari Sanskrit Pathshala were highly influeced by his outstanding personality.

Rashmi Raj Arjyal's wife's name was Keshkumari. She came from a reputed family of Acharya in Arghakhanchi district. After completing his intermediate level education in Sanskrit grammar from Sanskrit Mahaviddhayalaya Kashi, Rashmi Raj came to Kapilvastu He started teaching occupying a room within the precint of the well-known Tauleshwarnath temple in Kapilvastu and imparted education to the illiterate children of the uneducated and backward community there. He also taught Sanskrit to the literates. His entry into government service began after his school was merged with the Bhashapathashala (a government operated school). The school now is famous by the name of Tauleshwor Sanskrit Secondary School and sets a historical landmark in educational upliftment now. About the same period he had also established a school named Sriram Gorkhaviddhyalaya with his active participation. This school was entirely funded by his friend Gaya Prasad Shah, a known landlord at this area. This was later on approved by the government as a non-English teaching school .

Learned Rashmi Raj's field of specialities were grammar, literature, astrology as well as mythology. His scholarly wisdom had crossed the border and reached up to Kashi, the said Tauleshwornath Sanskrit Viddhayalaya had been successful to get recognition from Kashik Rajkiya Sanskrit Mahaviddhayalaya. Thus, it conducted classes upto intermediate level of education. The application form to be filled for Madhyama examination had to be endorsed by Rashmi Raj's

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

own initial. Even today we can find the record of Tauleshwornath Sanskrit Pathshala and such other schools recognized by the concerned authority of Kashi in those days.

Rashmi Raj Arjyal was also a well-known social worker. The foundation of Shree Ram Library in 1972 BS, collection of the most sacred books of religion taking into account the local needs, inaguration of library by high ranking Rana authorities and sharp vision as well as administrative capabilities were his major accomplishments among others. That was the one and only first-ever public library of the country. The library had books ranging from all four Vedas, Puranas, sub-Puranas, including those of sacred rituals (Karma Kandas) brought from Kashi. Learned Rashmi Raj consumed them all thoroughly. He used to recite Puranas every year in and around the vicinity of Tauleshwor Temple. Money collected from organising such affairs were distributed for various welfare purposes including the poors and the victims of natural disasters.

Besides being a profound Sanskrit scholar, he was enthusiastic towards Tharu and Avadhi languages including national language Nepali. He was proficient in imparting education to the children of local inhabitants of Tharu and Avadhi community in their mother tongue.

At the beginning, Rashmi Raj narrated the story of Satyanarayan in accordance with the language eligible to the respective listeners. Rashmi Raj's unparalled capacity of deliberating Lord Satyanarayan's story in three different languages-- Nepali, Avadhi and Tharu gives evidence of his sincere love, devotion and dedication to the development of these three languages. Moreover, it is also believed that he narrated this story for more than 500 times during his life time. The creation of this epic-story is the natural outcome of that untiring recitation of Lord Satyanarayan's story.

His life motto was simple living and high thinking. He was fond of wearing original Nepali dress Daura Suruwal and Nepali cap made up of local Nepalese cotton. Moreover, the sacred threads necessary for the Janai Purnima (Rishi Tarpani) festival and more were required to be produced in a bulk. His residence

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

"Rashminilaya" was thus turned into a small cottage industry having a spinning wheel per each spouse of the family. Though the production was limited only in fulfilling his own household needs not for sale the then administration suspected these acts to be a part of Charkha Andolan moved in India and summoned that family and later freed them after being furnished with the evidence of being innocent.

He always remained anxious of providing Sanskrit education to his children. His second grand-daughter Kamala Subedi today has realized his dreams being the first Nepalese woman to be adorned with a Doctorate degree in Classical Sanskrit literature. Till then, Rashmi Raj appeared to be the one and only leading Sanskrit scholar and literateur encompassing both the preliminary and medieval period in literary development of Kapilvastu.

There is lot to conduct research and explore further. Currently, Kapilvastu boasts of for having more than two dozens reputed literateurs, scholars and academicians in the forefront of which are Pandit Deva Raj Arjyal, Bhavani Bhikshu, Ram Niwas Pandey, Lato Saathi, Pandit Punya Prasad Arjyal among others.

In this way, scholar Rashmi Raj devoted his entire life to the cause of social, religious, educational as well as cultural development of Kapilvastu. After an untimely demise of his wife, Kesh Kumari in 1998 BS, widowed Rashmi Raj being dejected with material-life attachment and entirely dedicated his life to the creation of new books and compilation of Genealogy. He saw the ever-lasting power in words and letters. His concluding remarks was that the apparent truth lies in generating in real life energy through continuous practice of knowledge and wisdom. Basically, he was a confirmed scholar of classical grammar, astronomy and dictionary compilation and he passed his life in writing books of Rituals commentary on grammar books and dictionary rather than literary writings. Unless and until other aunthentic works become available, for now this epic-story "Satyanarayankathamritam" is his first and last creation.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

As a translator, I express my heartfelt gratitude to academician Prof. Vishnu Raj Atreya (Arjyal), the grandson of late Rashmi Raj Arjyal for his valuable suggestions during translation work, whose untiring efforts and inspiration has made this book possible to appear in this form. This epic work will benefit not only the people of Nepal but also all who are attached to this faith irrespective of their place of stay. In the field of creating Nepalese devotional literature, this epic will secure its distinct position because it is the one and only work created by indigenous scholar filled with original Nepalese blend. Being very rich also in view of its taste and poetical character, this work deserves poetic candour and commendation essential for a scholarly work. Once more, I would like to congralute academician professor Atreya for due respect and fidelity he has paid towards his forefathers. Healthy comments and suggestions are always welcome. Thank you.

**Bhim Nath Ghimere**
Advocate
Supreme Court of Nepal

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# सम्पादकीय

हिजोआज राजधानीमा सडकैपिच्छे महाविद्यालय, मोफसलमा गावैंपिच्छे माध्यमिकविद्यालय र शहरमा गल्ली गल्लीमै आवासीय विद्यालय भएको नेपालको वर्तमानस्थितिमा त देशमा निरक्षर जनसंख्या धेरै नै छ भने आजभन्दा सत्तरी-अस्सी वर्षअघिको यस देशको साक्षरप्रतिशत र शिक्षणसंस्थाको स्थितिको सिंहावलोकन गर्दा अहिले पनि जिउ सिरिङ्ग हुन्छ । एउटा चिठी तमसुक पढाउन-लेखाउन पर्दा एकदिन वा एक बिहानको बाटो छिचोल्नु पर्थ्यो हाम्रो गाउँघरमा ।

शिक्षा र साक्षरताको दृष्टिले कृष्णपक्षको चतुर्दशी जस्तै अँध्यारो हाम्रो देशमा शिक्षाको ज्योति सल्काउने प्रातः स्मरणीय व्यक्तिहरूमा पूर्वमा दिङ्लाका ब्रह्मचारी षडानन्द र पशिचममा अर्घाखाँची खिदिमका महापण्डित दधिराम मरासिनी, कपिलवस्तु तौलिहवाका विद्वद्वर रश्मिराज अर्ज्याल र दाङ-देउखुरीको उपत्यकामा ज्ञानको अखण्ड दीयो सल्काउने शिक्षासेवी विद्वान् पं. चेतोनाथ अर्ज्यालको नाउँ नेपालको शैक्षिक इतिहासमा स्वर्णाक्षरले लेखिइरहन्छ ।

त्यस शैक्षिक अन्धकारको स्थितिमा पनि गुल्मी जिल्लाअन्तर्गत अमरभूमि र आर्यग्राम (अर्जी/अर्जे) शिक्षाशून्य थिएनन् । अमरभूमिको अर्ज्याल घराना पुस्तौंदेखि विद्वद्वंश थियो । त्यहाँका घरआँगन अस्तिका गुरुकुल थिए, हिजोका पाठशाला थिए र आजका महाविद्यालय थिए । अमरभूमि रयालेको जगन्नाथ गुरुकुल यसको पछिल्लो उदाहरण हो । छिमेकी 'थोर्गा', 'धुर्कोट' प्युठान र दाङमा तिनताका फैलिएको शिक्षाको दिव्यज्योति अमरभूमिबाट नै गएको कुरा इतिहासका जानिफकारहरू औंल्याउँछन् ।

प्रस्तुत **श्रीसत्यनारायणकथामृतम्**का कवि विद्वद्वर अर्ज्यालको जन्म विद्या र विद्वान्हरूको त्यही पावन थलो अमरभूमिका ख्यातनामा पण्डित रङ्गनाथ अर्ज्याल र नर्मदादेवीका नाति एवं पण्डित जगन्नाथ अर्ज्याल (वि.सं. १९०९-१९९०) तथा दमयन्ती देवीका ज्येष्ठ सुपुत्रका रूपमा विं.सं. १९४३ भाद्र शुक्लपञ्चमी अर्थात् ऋषिपञ्चमीका दिन भएको हो ।

शैशव अवस्थाका रश्मिराजले शिक्षाको प्रारम्भिक जग आफ्ना पिता पण्डित जगन्नाथ अर्ज्याल र पितामह पण्डित रङ्गनाथ अर्ज्यालको न्यानो काखमा बसेर बलियो बनाएपछि उहाँ अध्ययनार्थ काठमाडौं जानुभयो । उहाँका घनिष्ठ मित्रहरूमा कवि शिरोमणि लेखनाथ पौड्याल तथा महापण्डित दधिराम मरासिनी हुनुहुन्थ्यो । यी तिनैजनाले सँगै बसेर पाठ लगाउने, खेल्ने, डुल्ने,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जिस्कने गर्नुहुन्थ्यो । रश्मिराज, "संस्कृतमा कविता लेख्नुपर्छ, व्याकरणको राम्रो अध्ययन गरेपछि मात्र कवित्व शक्तिको विकास हुन्छ" भन्ने गर्नुहुन्थ्यो । तर दधिराम र लेखनाथको झुकाव भने नेपाली कवितातिर बढी थियो । लेखनाथलाई कवितारचना गर्ने बढी प्रेरणा दधिराम मरासिनीबाट प्राप्त थियो । एकपल्ट दधिराम मरासिनीले आफूले लखेका सम्भवतः पहिलो कविताका दुई पंक्ति आफ्ना दुवै साथीहरूलाई यसरी सुनाउनुभयो-

**नाम हो मेरो दधिराम मरासिनी**
**बस्छु खिदीमको पीपलडाँडैमा ॥**

यो कविता पंक्ति शास्त्रीय छन्दमा नभएर लोकलयमा लेखिएको जस्तो छ । यसलाई सुनेपछि विद्वद्वर रश्मिराजले दधिरामलाई जिस्क्याउँदै 'शास्त्रमा दखल नभएका नै कवि हुन्छन्' भन्ने भावको संस्कृतको यो पंक्ति भन्नुभयो- **शास्त्रेषु भ्रष्टाः कवयो भवन्ति** । रश्मिराजले यसरी के भन्नुभएको थियो, तिनैजनाको रानीपोखरी संस्कृतपाठशालाको चौरमा एकछिन आपसमा लखेटालखेट भएको थियो । त्यस दिन विद्यालय विदा भएर बासस्थान फर्केपछि लेखनाथ र दधिरामले रातभरि कौमुदी पल्टाएर चुरादिको भृशधातु खोज्नुभएछ । वैकल्पिक **णिच** हुने त्यस धातुको 'क्त' प्रत्ययान्तको रूप **भृष्ट** जोडेर अर्को दिन "तिमीले भनेको **शास्त्रेषु भ्रष्टाः कवयो भवन्ति** इन्द्रवज्रा छन्दको पाउ हो । त्यसमा **'भ्र'** अक्षर संयुक्त हुनाले शास्त्रेषुको **'षु'** गुरु हुन जान्छ अतः छन्दो भङ्ग हुन्छ । वास्तवमा यो 'शास्त्रेषु भृष्टाः कवयो भवन्ति' अर्थात शास्त्रमा समृद्ध व्यक्ति नै कवि हुन्छन् भनेको हो । बडा अर्कालाई उसै गिज्याउने !" 'ए : चुरादिको धातु खोजेर जबर्जस्ती अर्थ तानतुन गरेर हुन्छ र ! मैले भनेको **'शास्त्रेषु भ्रष्टाः कवयो भवन्ति'** पद्य नभएर वाक्य हो । मैले त्यसै कहाँ मान्छु र ! रश्मिराजले भन्नुभएछ । यति रमाइलो थियो यी तीन विद्वान् कविको छात्रजीवन । स्मरणीय छ- रश्मिराजका माहिला भाइ पीताम्बर अर्ज्यालले पनि केही समय रानीपोखरी संस्कृत पाठशालामै पढ्नुभयो त्यसपछि बिरामी भई उहीं नै बित्नुभयो ।

विद्वद्वर रश्मिराज अर्ज्याल छात्रावस्थादेखि नै अत्यन्त मेधावी, प्रतिभासम्पन्न र प्रत्युत्पन्नमति हुनुहुन्थ्यो । उहाँको त्यस खालको व्यक्तित्वले तात्कालिक रानीपोखरी संस्कृत प्रधान पाठशालाका सबै अध्यापक गुरुहरूलाई प्रभावित गरेको थियो । पवित्र कृष्णातटको समीपवर्ती क्षेत्र अमरभूमिबाट तिनताक त्यहाँ पढ्न आउने अर्ज्यालछात्रहरूको पठनशीलता र शिष्टाचारबाट प्रभावित पं. जीवनाथ नेपालले अमरभूमिका ती छात्रहरूको प्रशंसामा संस्कृतमा सप्तश्लोकी **प्रशस्तिपद्य** लेखेर वि.सं. १९६१ साल श्रावण महिनामा रश्मिराजलाई दिएका थिए । त्यस समयमा रश्मिराज अर्ज्यालको उमेर १९ वर्षको थियो । त्यो प्रशस्ति पद्य यहाँ प्रस्तुत छ-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रशस्तिपद्य

श्री गणेशाय नमः ।

धन्यास्ते निवसन्ति ये द्विजवरास्तीरे पवित्रे सदा
गण्डक्या अमृताम्बुपान-गलिताशेषैनसः सङ्गताः
कृष्णायाः सलिले पवित्रतनवः सम्मज्जनाद् यत्र वै
देवा अप्यवगाहनं प्रकुरुते ग्रावस्वरूपङ्गताः ॥१॥
कृष्णातीरसमः कश्चिद्देशो भुवि न विद्यते ।
धन्या कृष्णा यत्र देवाश्चक्राङ्गाः सम्भजन्ति तम् ॥२॥
तत्रत्या ब्राह्मणाः सर्वे स्वाध्यायाचारतत्पराः ।
सद्वृत्ताः पूतमनसः पूतगात्राः सुलक्षणाः ॥३॥
तत्र शास्त्ररहस्यज्ञाभावात् कान्तिपुरीं मुदा ।
तन्निवासिद्विजा एत्य विद्योत्कण्ठितमानसाः ॥४॥
लसन्नखिलभूपालमौलि-नेपालशासितुः ।
चन्द्रसंशेरजङ्गस्य महाराजस्य शासनात् ॥५॥
अनेकविध-पाकान्न-सूपादिभिरलङ्कृताम्
नानाविधैर्व्यञ्जनैश्च प्रशस्तघृतसङ्कुलाम् ॥६॥
सायम्प्रातर्भुक्तिदात्रीम्पाकशालाम्प्रविश्य हि ।
जग्ध्वा यथेच्छं स्वाद्वन्नं पठन्ति प्रीतमानसाः ॥७॥

*अर्थ :- "जहाँ देवताहरू पनि नित्यस्नानका लागि शालग्राम शिलाको स्वरूप धारण गर्दछन्, त्यस्ती गण्डकीको पवित्र तटक्षेत्र (अमरभूमि) मा बसेका, गण्डकीमा स्नान गरेर शरीर पवित्र भएका र गण्डकीको अमृतजल पान गरेर आफ्ना समस्त पाप प्रक्षालन गरेका ती ब्राह्मणहरू धन्य छन् । कृष्णाको तटवर्ती त्यो प्रदेशजस्तो भूमि यस संसारमा अरु कुनै छैन । धन्य छन् कृष्णा, जसमा निवास गर्ने चक्रशरीर भएका देवताहरू पनि त्यस क्षेत्रको भजन (तारिफ) गर्दछन् । त्यहाँका सबैका सबै ब्राह्मण (छात्र) हरू आफ्नो स्वाध्याय र आचारमा संलग्न, सच्चरित्र, राम्रा तथा मन र शरीर दुवै पवित्र भएका छन् । त्यस अमरभूमिमा शास्त्रको गहिरो रहस्य जान्ने व्यक्ति नहुँदा त्यहाँका निवासी ब्राह्मणबटु कान्तिपुरी नगरीमा आएर अन्य सबै राजाहरूका मुकुटजस्ता नेपालका शासक चन्द्रसमशेरका आज्ञानुसार तीनधारा छात्रावासमा भर्ना भएर अनेक किसिमका पकवान, दाल, तरकारी र प्रशस्त घ्यू समेतको मिठो अन्न (भात) साँझबिहानै इच्छाअनुसार खाएर प्रसन्न मनले अध्ययन गर्दछन् ।"* काठमाडौंबाट धेरै टाढा र दुर्गममा भएकाले तिनताक अमरभूमिको प्रसिद्धि कृष्णागण्डकीनजिकको क्षेत्रको रूपमा थियो भन्ने कुरा यस प्रशस्तिबाट थाहा हुन्छ ।

रश्मिराज अर्ज्याल विदाका दिन वा अरु कुनै फुर्सदका बेला आफ्ना गुरुकहाँ जाने गर्नुहुन्थ्यो । गुरुले उहाँलाई अध्ययनक्रममा नबुझेको वा शङ्का लागेका विषय छर्लङ्ग पारी बुझाइदिनुहुन्थ्यो । गुरुका कृपापात्र रश्मिराज यदा कदा असनटोल गई गुरुका घरको सानोतिनो किनमेल पनि गरिदिनुहुन्थ्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पहिलोपल्ट रश्मिराज गुरुको आज्ञानुसार दुई पैसाको तेल किन्न असन जानुभएछ । तेल किनेर गुरुआमालाई बुझाएपछि गुरुले सोध्नुभएछ-

"तेल किनेर ल्यायौ ?"

'ल्याएँ गुरु !'

'फोसा के ल्यायौ ?' गुरुले सोध्नुभयो ।

'फोसा त मलाई थाहा भएन घेवारेले दिएन' उहाँले भन्नुभयो ।

"धत् लाटा ! दुई पैसाको तेल किन्दा सुकेको खुर्सानी फोसा पाइन्छ । जाऊ गएर मागेर ल्याऊ ! त्यो तेलको भाँडो पनि लिएर जानू" गुरुले भन्नुभयो । "हवस्" भन्दै रश्मिराजले हस्याङ-फस्याङ गर्दै फेरि असन गएर खुर्सानी फोसासमेतको तेल ल्याई गुरु र गुरुआमाका सामु राखिदिनुभयो । त्यसदिन रश्मिराजलाई गुरुले 'पसलबाट कुन सामान किन्दा के फोसा ल्याउनुपर्छ' भन्ने कुरा पनि सिकाउनुभएको रहेछ ।

युवा रश्मिराज अर्ज्यालको विवाह अर्घाखाँची लम्चीका प्रसिद्ध आचार्य खानदानकी गुणवती कन्या केशकुमारीका साथ सम्पन्न भएको थियो । वनारसबाट काशिकराजकीय संस्कृत महाविद्यालयको व्याकरणमध्यमासम्म अध्ययन गरेका रश्मिराज अर्ज्यालले नेपाल फर्केपछि आफ्नो कर्मक्षेत्र कपिलवस्तुलाई बनाउनुभयो । कपिलवस्तु तौलिहवाको प्रसिद्ध तौलेश्वरनाथ मन्दिरपरिसरको एउटा कोठामा विद्यालय सञ्चालन गरी त्यहाँका अशिक्षित समाजका छोराछोरीहरूलाई साक्षर बनाउने र साक्षरहरूलाई संस्कृतको प्रारम्भिकअध्ययन गराउने कार्यबाट आफ्नो समाजसेवाको श्रीगणेश गरेका रश्मिराजको विद्यालय पछि वि.सं. १९६९ मा खुलेको सरकारी भाषापाठशालामा गाभिएपछि उहाँ २६ वर्षको उमेरमा सरकारी शिक्षकपदमा जागिरे हुनुभयो । कपिलवस्तुको विद्यालय अहिले तौलेश्वरनाथ संस्कृत माध्यमिक विद्यालयको रूपमा हामीसामू आफ्नो गौरवमय इतिहासको ज्वलन्त प्रमाण भएर आज पनि ९४औं वर्षमा अघि बढ्दैछ । यस विद्यालयमा पहिलेदेखि नै हिन्दु मुशलमान दलित थारु बाजी आदि सबै जात जातिका छात्रहरूले अध्ययन गर्ने आदर्श परम्परा आज पनि यथावत छ ।

तिनताक हालको कपिलवस्तु जिल्लालाई ऐनश्रेस्ताको लेखन्दासी शैलीमा खजहनी-स्यूराज (शिवराज) पनि भनिन्थ्यो । कपिलवस्तुको त्यो पश्चिमी भेक शिक्षाको दृष्टिले पूर्वी भेकभन्दा झन् अँध्यारो र अविकसित थियो । यस सन्दर्भमा त्यस क्षेत्रका आफ्ना इष्टजन जमीन्दार श्रीगयाप्रसाद शाहलाई प्रेरणा दिई एउटा अर्को विद्यालय श्रीराम गोर्खाविद्यालयको पनि स्थापना गराउनुभयो रश्मिराजले । त्यस विद्यालयको समस्त खर्चबर्च गयाप्रसाद शाहले आफ्नैतर्फबाट बेहोर्थे । त्यस विद्यालयमा पढाउने
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
योग्य शिक्षक पाउनु तिनताक विद्यालय खोल्नुभन्दा पनि निकै अप्ठेरो कुरा

थियो । सरकारबाट अङ्ग्रेजी नपढाउने शर्तमा स्वीकृति पाएको त्यस विद्यालयको शैक्षिक व्यवस्थापनको जिम्मा रश्मिराजकै शिरमा थियो । उहाँले त्यहाँ वरपर उपयुक्त व्यक्ति नपाएर अन्ततोगत्वा आफ्नै कान्छा भाइ पं. चिरञ्जीवी शर्मा अर्ज्याललाई अमरभूमिबाट झिकाई त्यहाँ अर्को व्यवस्था भैनसकुञ्जेलका लागि अध्यापक पदमा राख्नुभयो । केही समय त्यहाँ अध्यापन गरेपछि चिरञ्जीवी अर्ज्याल पुनः अमरभूमिमै फर्केर आफ्नो पूर्वज परम्पराको आजीवन कुशल सञ्चालन गर्दै रहनुभयो ।

विद्वद्वर रश्मिराज अर्ज्याल व्याकरण, काव्य, ज्यौतिष र धर्मशास्त्रका मर्मज्ञ विद्वान् हुनुहुन्थ्यो । उहाँको विद्वत्ताको प्रभाव त्यस क्षेत्रमा मात्र होइन, काशीमा पनि थियो । काशिक राजकीय संस्कृत महाविद्यालयको मध्यमा परीक्षासम्मको मान्यता उहाँकै विद्वत्प्रतिष्ठाका आधारमा त्यस तौलेश्वरनाथ संस्कृत विद्यालयले तिनताकै प्राप्त गरिसकेको थियो । त्यसबेला वनारसको प्रथमा र मध्यमा परीक्षाको आवेदन पत्रमा विद्वद्वर रश्मिराजकै हस्ताक्षर हुने गर्दथ्यो । काशीको त्यस संस्थाद्वारा मान्यता प्राप्त विद्यालयको सूची र परीक्षाफलको प्राचीन अभिलेख (ढड्डा) हरूमा यस तौलेश्वरनाथ संस्कृत पाठशालाको नाम त्यहाँ पनि पढ्न पाइन्छ ।

कपिलवस्तुको त्यस विद्यालयमा रश्मिराजका शिष्य भई अध्ययन गर्नेहरूमा कपिलवस्तुका पूर्व महान्यायाधिवक्ता एवं गृहमन्त्री शम्भुप्रसाद ज्ञवाली, प्रसिद्ध कथाकार एवं प्राज्ञ भवानी भिक्षु, रत्नराज्य लक्ष्मी हाईस्कुलका संस्थापक चिन्तामणि ज्ञवाली, वरिष्ठराजनीतिज्ञ एवं समाजसेवी पं. भोलानाथ शर्मा, पं. त्रिवेणीमणि त्रिपाठी, प्रजातन्त्रसेनानी दयाशंकर मुन्सी, पद्मबहादुर सिंह, पं. गोपीराज अर्ज्याल, पं. पुण्यप्रसाद अर्ज्याल, केशवराज अर्ज्याल, भगवान्दास गुप्ता आदि थुप्रै शिक्षासेवी, समाजसेवी र राजनीतिज्ञहरू थिए । स्मरणीय छ- गुल्मी बडाचौरका कवि पं. भीमकान्त पन्थीले पनि केही समय कपिलवस्तुमा विद्वद्वर रश्मिराज अर्ज्यालसँग अध्ययन गर्नुभएको थियो । पछि उहाँको झुकाव साहित्यप्रति बढी देखेर उहाँले आफ्ना माहिला छोरा पं. वामदेवका साथ लगाइ काठमाडौं अध्ययन गर्न पठाउनुभएको हो ।

विद्वद्वर रश्मिराज अर्ज्याल सानैदेखि समाजसुधारक व्यक्ति हुनुहुन्थ्यो । कपिलवस्तुका स्थानीय व्यापारी मथुराप्रसाद गुप्ता र अन्य स्थानीय सहयोगीको मिलोमतोमा वि.सं. १९७२ सालमा त्यहाँ **श्रीराम पुस्तकालय**को स्थापना भयो । यस कार्यमा त्यसबेलाका २९ वर्षे युवक रश्मिराजको पनि गहकिलो भूमिका थियो । काठमाडौंमा त्रिचन्द्र कलेज खोल्दा 'आफ्नो खुट्टामा आफैं बञ्चरो हानेको' भन्ने राणा प्रधानमन्त्री चन्द्रसमशेरको शासनकालमा तौलिहवा जस्तो मोफसलमा सर्वसाधारण जनताको तर्फबाट सञ्चालित हुने पुस्तकालय खोल्ने स्वीकृति प्रशासनबाट लिन त्यसैमाथि त्यस पुस्तकालयको समुद्घाटन समेत स्थानीय बडाहाकिमबाट गराउनु भनेको त्यसबेला कुनै सपनाजस्तो वा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकादेशको कथाजस्तो मात्र थियो तर उत्साही समाजसेवी एवं प्रतिभाशाली युवा विद्वान् रश्मिराजले "यस क्षेत्रमा श्रुतिस्मृतिपुराण जस्ता धार्मिक पुस्तक तथा कर्मकाण्ड ग्रन्थको साह्रै नै अभाव हुँदा हाम्रो धार्मिककृत्य नै नचल्ने स्थिति भएकाले त्यस्ता पुस्तकको संकलनका लागि एउटा पुस्तकालय साहू मथुराप्रसाद गुप्ताको घरमा नै राख्न स्वीकृति पाऊँ र हजुरको समेत त्यहाँ पाउकष्ट गरिपाउँ" भन्ने विन्तीपत्र लेखेर बडाहाकिम किशोर नर्सिङ राणालाई दिएपछि मात्र त्यो पुस्तकालय खोल्न स्वीकृति मिलेको हो । यति मात्र होइन, प्रत्युत्पन्नमति रश्मिराज अर्ज्यालले उद्घाटनका दिन त्यहाँ उपस्थित किशोरनरसिंह राणाकै हातबाट पुस्तकालयको समुद्घाटन समेत गराउनुभएको थियो । पुस्तकालयमा चारै वेद, पुराण, उपपुराण तथा कर्मकाण्डका विभिन्न पुस्तकहरू काशीबाट झिकाएर राखिएका थिए । विद्वद्वर रश्मिराज अर्ज्यालले यिनको प्रशस्त सदुपयोग गर्नुभयो । **श्रीराम पुस्तकालय** नेपाल अधिराज्यको पहिलो पब्लिक पुस्तकालय हो ।

स्थानीय तौलेश्वरनाथ मन्दिर परिसरको पुराणकक्षमा प्रतिवर्ष जनसहयोगमा रश्मिराज अर्ज्यालद्वारा पुराणवाचन हुन्थ्यो । चतुर्मासामा त यो नियमित रूपमा नै हुनेगर्दथ्यो । पुराणबाट उठेको दान, दक्षिणा र अन्न द्रव्य आदिमध्ये यज्ञको लागत खर्च छुट्याएर केही संस्कृत पाठशाला र पुस्तकालयका लागि, केही अग्निपीडित परिवारजनलाई र केही अशक्त अनाथहरूलाई पनि वितरण गरिन्थ्यो । यसका लागि चन्दा संकलन गर्ने कमिटी हुन्थ्यो, जसले यो कार्य सम्पन्न गर्थ्यो । १९७९-८० सालतिर रश्मिराज अर्ज्यालद्वारा पुराणवाचनका लागि चन्दा/सहायतापत्रका स्वहस्ताक्षरलिखित नमूना अझै पनि सुरक्षित छन् । जसमा तात्कालिक बडासाहेब मे.क. भोग्यसमशेर थापा क्षेत्रीबाट दानस्वरूप प्राप्त अधिकतम अंक २०।- रुपियाँको पनि उल्लेख छ ।

विद्वद्वर रश्मिराज अर्ज्याल संस्कृतका धुरन्धर विद्वान् भएर पनि राष्ट्र भाषा नेपालीका साथै अवधी, थारुजस्ता स्थानीय भाषा पनि औधी रुचाउनुहुन्थ्यो । अवधी र थारुभाषी गाउँ क्षेत्रमा गई केटाकेटीहरू जम्मा पारी स्थानीय भेली (गुड, सक्खर) र बतासा (मिठाई) बाँडेर उनीसँग अवधी र थारु भाषामा बोल्ने गर्नुहुन्थ्यो । त्यसैगरी उहाँले अवधी र थारुभाषा निर्वाधरूपमा बोल्न र विद्यालयमा साना नानीहरूलाई उनको मातृभाषा अवधी र थारु माध्यमले पढाउन पनि जान्नुभयो ।

सत्यनारायणको पूजा-कथा भाकल गरेका र सो भाकल पूरा गर्न तिनताक प्रायः टाढा टाढाबाट आएका श्रद्धालु भक्तजनहरू तौलेश्वरनाथ मन्दिरमा जम्मा हुन्थे । अरु दिन सामान्यतया दश पन्ध्र समूहले तर पूर्णिमा संक्रान्ति जस्ता मेला-मेसामा त्यहाँ कम्तीमा ५० साठी समूहले सत्यनारायण कथा सुन्ने गर्थे । प्रारम्भिक वर्षहरूमा रश्मिराज अर्ज्यालले व्रतालुको प्रवृत्तिअनुसार सत्यनारायण

CC-0 Nepal Sanskrit Academy, Kathmandu Collection

पूजा गराउने र उनको मातृ भाषाअनुसार नेपाली, अवधी र थारुभाषामा त्यसको कथा भन्ने गर्नुहुन्थ्यो । रश्मिराज अर्ज्यालको यो बहुभाषिक कथा-सेवा र बहुभाषिक अध्यापन कौशललाई स्थानीय अवधी र थारु भाषाप्रतिको सेवा र निष्ठाका रूपमा पनि लिने गरिन्छ । विद्वद्वर रश्मिराज अर्ज्यालद्वारा आफ्नो जीवनमा सयौंपल्ट स्थानीय भाषामा सत्यनारायण कथा भनिएको अनुमान सहजै गर्न सकिन्छ । निश्चय पनि त्यसै कथावाचनको परिणाम हो- उहाँद्वारा संस्कृतमा लेखिएको यो **श्रीसत्यनारायणकथामृतम्** खण्डकाव्य ।

साहू मथुराप्रसाद गुप्ताको घरदलानमा खोलिएको **श्रीराम पुस्तकालय** पछि बन्द भयो । सरकारी पाठशालामा जागिरे भएपछि उहाँले त्यसतर्फ धेरै समय दिन पाउनुभएन । रश्मिराज अर्ज्याल अर्को सुव्यवस्थित पुस्तकालय खोल्ने धुनमा हुनुहुन्थ्यो । अतः त्यसबेलाका स्थानीय उत्साही युवकहरू जस्तै पं. भोलानाथ शर्मा पद्मबहादुर सिंह, पं. ठाकुरप्रसाद शर्मा अर्ज्याल (हाल रूपन्देहीखैरियाका ऋषिकल्प फलाहारी बाबा) र बहादुरगन्जका समाजसेवी ठाकुर गयाप्रसाद शाहको विशेष सक्रियतामा यो कार्य थालियो । फलस्वरूप वि.सं. १९९३ साल आश्विन शुक्ल १२ मंगलबारका दिन खजहनीका स्व. पशुपतिप्रताप पुरीको स्मृतिमा उनले गरेको पुस्तक संग्रहसमेत राखी तौलेश्वरनाथ मन्दिर परिसरमा नै अर्को नयाँ पुस्तकालय **पशुपतिप्रताप पुस्तकालय**को स्थापना भयो । सरकारी जागिरे भएकाले उहाँ आफू पदाधिकारी नभई कार्यकारिणी सदस्यमा मात्र रहनुभयो । यसका पहिलो कार्यकारिणीका संस्थापकसदस्यहरूको हस्ताक्षरित नामावलीको फोटोउतार भवेश्वर पगेनी लिखित 'पश्चिम नेपालमा प्रजातान्त्रिक आन्दोलन' नामक पुस्तकको १५०-१५३ मा संग्रहित छ । त्यसबेला हुने रामलीला आदि नाटक मञ्चन जस्ता सांस्कृतिक कार्यक्रममा पनि रश्मिराज अर्ज्यालको सहभागिता रहन्थ्यो ।

प्रायः सधै नेपाली घरबुनाको सेतो लबेदा सुरूवाल कोट, इस्टकोट र टोपी लगाउने बानी भएका रश्मिराज अर्ज्याल सादा जीवन उच्च विचारका व्यक्ति हुनुहुन्थ्यो । उहाँले वनारस र गोरखपुरबाट धागो कात्ने काठको चर्खा किनेर ल्याउनु हुन्थ्यो । उहाँको घर **रश्मिनिलय**मा जेठा छोरा-बुहारी देवराज-शारदा देवी, माहिला छोरा र बुहारी वामदेव- श्यामा देवी र कान्छा छोरा-बुहारी गिरिराज र इन्दिरा शर्माका अलग अलग आ-आफ्ना चर्खा हुन्थे । जनैपूर्णिमाका दिन नयाँ जनै पुज्ने र मन्त्रने गर्न प्रतिवर्ष कम्तीमा पनि एक हजार जनैको धागो बाट्नु पर्थ्यो । त्यसै हुनाले **रश्मिनिलय**मा चर्खाको घन्काईसँगै दैनिक **सूत्र-यज्ञ** चलिरहन्थ्यो कपासको पनि र पाणिनीय अष्टाध्यायीको पनि ।

**रश्मिनिलय**मा चर्खा चलाउने गरेको थाहा पाएपछि भारतमा

©Nepal Sanskrit Academy, Kathmandu Collection

जस्तै यहाँ पनि चर्खा आन्दोलन चलाउन थाले भनेर त्यसबेलाका बडाहाकिमले

चारै बाबु छोरालाई गोस्वारा अड्डामा हाजिर गराए । त्यसबेला "हामी र हाम्रा यजमानहरूलाई समेत वर्ष दिनभरिका लागि थुप्रै जनै चाहिने र यसबाट कपासको प्युरीबाट बत्ती कात्न पनि सजिलो हुने हुनाले हामीले यो काम गरेका हौं । यहीँ गोश्वारा बङ्गलालाई पनि वर्षको सयजोर जनै चाहिन्छ । जनता भाँड्न र सरकार विरोधी काम गर्ने जस्ता उद्देश्यले होइन" भन्ने विश्वास दिलाएपछि बडाहाकिमले उहाँहरूलाई छोडिदिएका थिए ।

ग्रामीण घरेलु उद्योगका साथै विद्वद्वर रश्मिराज अर्ज्याल नारी शिक्षाका पनि समर्थक हुनुहुन्थ्यो । वंशमा कुनै पनि अविद्वान् नरहोस् भन्ने उच्च विचार भएका विद्वद्वर अर्ज्यालले आफ्ना छोराभतिजाहरूसँगै त्यसबेलाका पढ्ने उमेर भएका आफ्ना नातिनातिना नीलदेव (विष्णुराज), सोमनाथ, हरिराज तथा छोरी सरस्वती, नातिनी माधवी शर्मा एवं कमला शर्मालाई समेत पढाएर संस्कृत अध्ययनको बलियो जग बसालिदिनुभयो । माहिली नातिनी कमलालाई नेपालकी संस्कृत विदुषी बनाउने उहाँको सपना थियो । उहाँको देहान्तपछि उहाँको सपनालाई छोरा देवराज अर्ज्यालले साकार पार्नुभयो । आज प्रा. डा. कमला सुवेदीलाई संस्कृतमा आचार्य र विद्यावारिधि गर्ने पहिलो नेपाली महिलाका रूपमा चिनिन्छ ।

कपिलवस्तुको साहित्यिक इतिहासको व्यापक खोज र विस्तृत लेखनको काम अझ बाँकी नै छ । उपलब्ध धेरथोर सामग्रीका आधारमा यसबारे केही भन्नुपर्दा कपिलवस्तुका साहित्यिक इतिहासको आदिम मियोको रूपमा अवधी भाषा साहित्यका कवि कुक्कुरीपालाई लिन सकिन्छ । त्यसपछिका साहित्यकारका रूपमा हालसम्म संस्कृत कवि विद्वद्वर रश्मिराज अर्ज्यालको नाउँले नै कान्छी औंला भाँच्नुपर्ने भएको छ । यतिमात्र होइन, अवधी कवि कुक्कुरीपा र संस्कृतकवि विद्वद्वर रश्मिराज अर्ज्यालले नै कपिलवस्तुको अहिलेसम्मको सिङ्गो वाङ्मय इतिहासमा प्राथमिक र माध्यमिककालको एकल प्रतिनिधित्व गरेको मान्नुपरेको छ ।

कपिलवस्तुको वाङ्मय-इतिहासमा आधुनिक कविहरूमा पं. देवराज अर्ज्याल (वि.सं. १९६९-२०३२) को नाउँ लिनुपर्नेछ । लोकलयमा लेखिएको योगविषयक **आत्मस्थिति** नामक नेपाली काव्यले नै उहाँलाई कविजगत्मा उभ्याएको छ । यसपछिको नाउँ हो- भवानी भिक्षु (१९७१-२०३८) को । भवानी भिक्षुले विभिन्न कथा र कविताका माध्यमले नेपाली साहित्यको सेवा गरेर यस क्षेत्रबाट सर्वप्रथम नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको प्राज्ञ सदस्य हुने सौभाग्य पाए । यी दुई स्वनामधन्य व्यक्तित्वसँगै कपिलवस्तुमा वाङ्मयका विभिन्न माध्यम र विधामा कलम चलाउने लेखक कविहरू प्राज्ञ रामनिवास पाण्डे, लाटोसाथी, पं. पुण्यप्रसाद अर्ज्याल, विक्रममणि त्रिपाठी, पं. शेखरनाथ पन्थी, विश्वनाथ पाठक, फणिनारायण सिग्देल, हरिराज शर्मा, तेजकुमार बौद्धाचार्य,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नारायण पौडेल, दधिराम सापकोटा, यीशुमयी शाक्य र पार्वती शर्मा अर्ज्याललगायत लगभग दुई दर्जनको हाराहारीमा हुने विश्वास गरिन्छ ।

यसरी त्यस क्षेत्रको धार्मिक, सामाजिक, शैक्षिक तथा सांस्कृतिक विकासमा मन वचन कर्मले लागिपरेका बहुआयामिक व्यक्तित्वका धनी लगभग ५४ वर्षको उमेरका विद्वद्वर रश्मिराजकी सहधर्मिणी पत्नी केशकुमारीको वि.सं. १९९८ साल चैत्रमा असामयिक निधन भयो । त्यसपछि जीवनको नि:सारता बोध भएका विधुर रश्मिराज अर्ज्याल अरु सबै कुराबाट विरक्तिएर मनसा वचसा कर्मणा ग्रन्थलेखन, वंशावली संकलन तथा आफ्ना नातिनातिनाहरूको विशेष अध्यापन जस्ता यशस्वी कार्यमा लाग्नुभयो । उहाँ आफ्नो जीवनका उत्तरार्धको प्रथम प्रहरदेखि केवल विद्याव्यसनमै रमाउन थाल्नुभयो । स्फोट अर्थात् शब्दशक्ति नै वास्तविक शक्ति हो । त्यही नै ब्रह्म हो, त्यसकै अध्ययन र चिन्तन मनन गर्नुपर्छ भन्ने मान्यता भएका विद्वद्वर रश्मिराज मूलत: व्याकरण, ज्योतिष र कोषग्रन्थका प्रामाणिक विद्वान् भएकाले उहाँले साहित्य लेखनमा भन्दा व्याकरण र कोषग्रन्थको लेखनमा नै जीवनको धेरैजसो समय व्यतीत गर्नुभयो । त्यसै हुनाले यो **श्रीसत्यनारायणकथामृतम्** खण्डकाव्य उहाँको अर्को काव्यकृति फेला नपरुन्जेल पहिलो र अन्तिम काव्यकृति हो भन्नु परेको छ ।

### १. विभिन्न सत्यनारायणी कथा

अहिले मूल पौराणिक सत्यनारायण कथा **चतुरध्यायी**, **पञ्चाध्यायी**, **षडध्यायी** र **सप्ताध्यायी** समेत गरी चारथरि पाइन्छन् । यीमध्ये चतुध्यायी पञ्चाध्यायी र सप्ताध्यायी सत्यनारायणकथा स्कन्दपुराणको रेवाखण्ड अन्तर्गतको हो भने षडध्यायी सत्यनारायणकथा भविष्यपुराण अन्तर्गत ।

एउटा स्कन्दपुराणको कलकत्ता संस्करण उहिले बङ्गवासी मुद्रणालयबाट प्रकाशित थियो भने पछि यो कलकत्ताको गुरुमण्डल ग्रन्थमालाको बीसौंपुष्पका रूपमा गोपाल प्रिन्टर्स कलकत्ताबाट २०१९ वि.सं. मा प्रकाशित भएको छ । यसका रेवाखण्डको २३३ औं अध्यायदेखि २३६ औं अध्यायसम्म चार अध्यायमा सत्यनारायण कथा प्रकाशित उपलब्ध छ । यसको नब्बे श्लोकको तेस्रो अध्यायलाई अठ्चालीसौं श्लोक छुट्याएर त्यसलाई तेस्रो अध्याय कायम गरी त्यसको बाँकी ५२ श्लोकलाई चौंथो अध्याय कायम गरी बंगालमा पाँच अध्यायको सत्यनारायणी कथा पनि लोकमा कायम भएको कुरा उल्लेख्य छ ।

### २. श्रीसत्यनारायणकथामृतम्को सम्बद्ध पुराण र संस्कृतका अन्य काव्यसँग तुलना

सत्यनारायणकथामृतम् महर्षि व्यासको पौराणिक कथालाई आधार बनाई विद्वद्वर रश्मिराज अर्ज्यालद्वारा विरचित पाँच सर्गे संस्कृत खण्डकाव्य हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्नो युवावस्थामै कपिलवस्तुमा श्रीराम पुस्तकालय स्थापना गर्ने कामका सक्रिय सहयोगी तथा त्यस पुस्तकालयमा अठारै थरि पुराण-उपपुराणहरू संकलन गरी स्वाध्ययन मनन र कथावाचन गर्ने सुअवसर पाएका विद्वद्वर रश्मिराजले ती चारैथरि सत्यनारायणको मूल कथाको आधारमा यो **श्रीसत्यनारायणकथामृतम्**लाई सुललित खण्डकाव्यको रूप दिएर लेख्नुभएको छ।

भविष्य पुराण अन्तर्गतको षडध्यायी सत्यनारायणकथामा शतानन्द ब्राह्मणले गरेको नारायण स्तुतिको एउटा श्लोक उस्तै शैली र छन्दमा विद्वद्वर रश्मिराजले पनि लेख्नुभएको छ। विद्वद्वर अर्ज्यालको त्यस्तो श्लोकले भने यहाँ तुङ्गध्वज राजाको वर्णन गरेको छ। तुलना गरौं दुवैको-

(क) **नम : सत्यनारायणायास्य कर्त्रे**
**नम : शुद्धतत्त्वाय विश्वस्य भर्त्रे।**
**करालाय कालाय विश्वस्य हर्त्रे**
**नमस्ते जगन्मङ्गलायात्ममूर्त्ते** -भविष्य पुराण प्रतिसर्ग पर्व (२५।१७)

(ख) **प्रभूतभूपाल-कुदर्पहर्ता**
**श्रुतिस्मृतिख्यातमताऽनुसर्ता ॥**
**तुङ्गध्वजाऽऽख्य : सुकृतैककर्ता**
**मुने ! बभूवाऽखिलभूमिभर्ता ॥** -श्री सत्यनारायणकथामृतम् (५।३)

यस्तै खालको अन्त्यानुप्रास मिलेको श्लोक वाल्मीकीय रामायण अन्तर्गत सुन्दरकाण्डमा रावण दरबारको वर्णन प्रसंगमा पनि आएको छ त्यसलाई पनि हेरिहालौं।

(ग) **कृतानि वेश्मानि च पाण्डुराणि**
**तथा सुपुष्पाण्यपि पुष्कराणि।**
**पुनश्च पद्मानि सकेशराणि**
**वनानि चित्राणि सरोवराणि ॥** सर्ग ७, श्लोक १०

यस्तै यस्तै खालको पद्य कालिदासीय रघुवंश महाकाव्यको दोस्रो सर्गमा पनि पाइन्छ। जस्तै-

(घ) **स पल्वलोत्तीर्णवराहयूथा-(नि)**
**न्यावास-वृक्षोन्मुख-बर्हिणानि।**
**ययौ मृगाध्यासित-शाद्वलानि**
**श्यामायमानानि वनानि पश्यन् ॥** रघुवंश २य सर्ग

२. पुराणवर्णित सत्यनारायणी मूलकथालाई यथावत् राख्दै रश्मिराज अर्ज्यालले यो काव्य लेख्नुभएको छ। त्यसै हुनाले यसकाव्यमा कवि रश्मिराजलाई कल्पनामा धेरै दौडिने-हाँकिने स्वच्छन्दता छैन। अत एव पुराणमा उल्लेख भएका विषयवस्तु र भरसक त्यहीँका शब्द छानी-छानी राखेर यसको पौराणिक एवं मौलिक पावनतालाई अविकल राख्ने विद्वान् कविको प्रयास

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

यस **श्रीसत्यनारायणकथामृतम्** काव्यका ठावैं ठाउँमा भेटिन्छ, जो साह्रै स्तुत्य छ । जस्तै-

(क) **नमो वाङ्मनसातीतरूपायानन्तशक्तये**
**नादिमध्यान्त-देवाय निर्गुणाय महात्मने** -भविष्य. (२।२४।१२)

(ख) **नमो वाङ्मनसातीत-रूपायानन्तशक्तये**
**आदिमध्यान्तहीनाय निर्गुणाय गुणात्मने** -स्कन्द. रेवा. (१।८)

(ग) **नमोऽस्तु तेऽतीत ! मनोवचोभ्या-**
**मनन्तशक्ते ! गुणवर्जिताय ।**
**गुणस्वरूपाय च सर्वधात्रे**
**शक्रादिवन्द्याय नमो नमस्ते** -श्रीसत्यनारायणकथामृतम् (१।१०)

माथिका उदाहरणबाट थाहा हुन्छ पौराणिक मूलका **वाङ्मनसातीत अनन्तशक्ति** जस्ता शब्दहरूलाई कवि रश्मिराज अर्ज्यालका पद्यमा सकभर उसैगरी संयोजन गर्ने प्रयास भएको छ ।

३. दुवै पौराणिक मूलमा साधु पसलेकी छोरी कलावतीको वर्णन गर्दा उनलाई चन्द्रमाको उपमा दिइएको छ । कविवर अर्ज्यालको यस काव्यमा पनि उसैगरी चन्द्रमाको उपमा दिइएको छ तर सामान्य अनुष्टुप् छन्दमा लेखिएका पौराणिक पद्यभन्दा **प्रमाणिका** छन्दमा गरिएको रश्मिराजको वर्णन भने काव्यात्मक दृष्टिले व्यासको भन्दा उत्कृष्ट भएको मान्दा कुनै अत्युक्ति हुँदैन । यसलाई पनि तुलना गरी हेरौं-

(क) **कलानिधिकलेवासौ ववृधे सा कलावती** -भवि. २।२८।२१

(ख) **ततः कलावती कन्या ववृधे पितृवेश्मनि**
**दिने दिने सा ववृधे शुक्लपक्षे यथा शशी** -स्कन्द रेवाखण्ड (३।१३)

(ग) **युवेन्दु-वक्त्र-शोभिनी नवेन्दु सत्कलेव सा ।**
**प्रतिक्षणं कुमारिका**
**ततः स्म वर्धत भृशम् ॥** -श्रीसत्यनारायणकथामृतम् (३।१२)

४. हास्यको स्वरूप सेतो र उज्यालो हुन्छ । कविहरू यसलाई झन् चहकिलो पार्न हाँस्ने व्यक्तिका दाँतलाई पनि सहयोगी मान्दछन् । कविवर रश्मिराज अर्ज्यालद्वारा काव्यको पहिलो सर्गमा सूतजीको मन्द मुस्कानसहितको वाणीलाई **अतीव-वलक्ष** जस्ता शब्दको प्रयोग गरेर विलक्षणप्रकाशयुक्त भनिएको छ भने यसै काव्यको दोस्रो सर्गमा ब्राह्मणले दाउरेलाई सत्यनारायणको पूजाको फल बताउन लाग्दा उनका मन्द हास्यले घरको भित्री भाग नै झलमल्ल उजेलिएको भनिएको छ । हेरौं काव्यकै पंक्तिहरू-

(अ) **मन्दस्मितातीववलक्षयेत्थं**
**वाण्या मनोज्ञस्वरया बभासे** -सत्यनारायणकथामृतम् (१।१८)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(आ) विप्रः समाकर्ण्य तथा विधां गां
तथाविधस्यापि नरस्य तस्य ।
कुर्वन् गृहाभ्यन्तरमेव शुभ्रं
प्रसन्नवक्त्रेन्दुरुचा जगाद -सत्यनारायणकथामृतम् (१।१८)

महाकवि कालिदासको रघुवंश, महाकवि माघको शिशुपालवध, महाकवि भारविको किरातार्जुनीय र आद्यश्रीशंकराचार्यको सौन्दर्यलहरीमा पनि यसै भावका पद्यहरू देख्न पाइन्छन् । हेरौं ती पद्यहरू-

(क) द्विजावलिव्याजनिशाकरांशुभिः
शुचिस्मितां वाचमवोचदच्युतः -शिशुपालवध सर्ग १

(ख) व्यक्तोदितस्मितमयूखविभासितोष्ठ-
स्तिष्ठन्मुनेरभिमुखं स विकीर्णधाम्नः ।
तन्वन्तमिद्धमभितो गुरुमंशुजालं
लक्ष्मीमुवाह शकलस्य शशाङ्कमूर्तेः - किरातार्जुनीयम् २।५९

(ग) स्मितज्योत्स्नाजालं तव वदन-चन्द्रस्य पिबतां
चकोरीणामासीदतिरसतया चञ्चुजडिमा ।
अतस्ते शीतांशोरमृतलहरीमाम्लरुचयः
पिबन्ति स्वच्छन्दं निशि निशि भृशं काञ्चिकधिया -सौन्दर्यलहरी ६३

५. मानवीय प्रकृतिअनुसार जलको पान गर्ने काम मुखबाट र रसतत्त्व ग्रहण गर्ने काम रसनेन्द्रियबाट अर्थात् जिब्रोबाट हुन्छ । वस्तुतः अलग अलग इन्द्रियबाट प्राप्तहुने ती विभिन्न खालका आनन्दहरू विभिन्न खोल्साखोल्सीहरू महानदीमा मिसिएजस्तै अखण्डानन्दरस वा ब्रह्मानन्दरसमा एकाकार हुन जान्छन् र त्यसैलाई महापुरुषहरू पान गर्दछन् । त्यसै हुनाले नै कानले श्रवण गरिने कथामृत कर्णपेय हो भने आँखाले ग्रहण गरिने आनन्ददायक दृश्यहरू पनि नयनपेय हुन् । यहाँ पनि कवि रश्मिराज अर्ज्याल नैमिषारण्यको अर्थात् पावन क्षेत्रलाई **नयनैकपेये** आँखाले पिउनयोग्य एकमात्र वस्तु भन्नुहुछ । यो कुरा कवि रश्मिराजको मात्र भनाइ होइन । उहाँभन्दा पहिलेका कालिदास आदि संस्कृतका महाकविहरूको पनि हो । हेरौं दुवैका उदाहरणहरू-

(क) अथैकदा नैमिषनामधेये
क्षेत्रे पवित्रे नयनैकपेये ॥
चक्रुर्मनोज्ञां सुविचार्य गोष्ठीं
श्रीशौकनाद्या मुनयः प्रमोदात् -श्रीसत्यनारायणकथामृतम् (१।१)

(ख) पपौ निमेषालसपक्ष्मपंक्ति-
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
रूपोषिताभ्यामिव लोचनाभ्याम् -रघुवंश २य सर्ग

(ग) **नेत्रैः पपुस्तृप्तिमनाप्नुवद्भि-**
**र्नवोदयं नाथमिवौषधीनाम्** -रघुवंश २य सर्ग

६. हामी सनातन धर्मानुयायीहरू रूरूक्षेत्र र काशीमा देहत्याग गरियो भने आत्मा मुक्त हुन्छ भन्ने कुरामा विश्वस्त छौं। "काश्यां मरणान्मुक्तिः।" शास्त्रले बताएको पनि छ। रश्मिराज अर्ज्याललाई पनि काशी अत्यन्त प्रिय थियो। उहाँका **श्रीसत्यनारायणकथामृतम्**का एउटा ब्राह्मण पात्र काशीका थिए। पौराणिक सत्यनारायणकथामा काशीको लामो वर्णन छैन। 'राम्रो काशी नगरी' भन्ने मात्र उल्लेख त्यहाँ गरिएको पाइन्छ तर कविवर रश्मिराजले भने त्यसको भाव विस्तार गरेर लामो छन्दको पूरै श्लोकमा लेख्नुभएको छ। तुलना गरौं यसलाई पनि पौराणिक उद्धरणका साथ-

(क) **कश्चित् काशीपुरे रम्ये ह्यासीद् विप्रोऽतिनिर्धनः** -रेवाखण्ड (२।१)
(ख) **काशीपुरीतिविख्याता तत्रासीद् ब्राह्मणो वरः** -भविष्य पु. (२५।२)
(ग) **श्रीविश्वनाथं भुवनैकनाथं**
**दृष्ट्वा नरो यत्र विशुद्धिमेति।**
**मृत्वाऽथ कैवल्यमुपैति काश्यां**
**तत्राऽभवत् कश्चन भूमिदेवः** -सत्यनारायणकथामृतम् (१।३१)

कविवर रश्मिराज अर्ज्यालले काशीलाई मुक्तिक्षेत्रको रूपमा वर्णन गरेजस्तै नैषध महाकाव्यका रचयिता महाकवि श्री हर्ष काशीनगरीको वर्णन यसरी गर्छन्-

(घ) **वाराणसी निविशतेऽत्र वसुन्धरायां**
**तत्र स्थितिर्मखभुजां भवने निवासः॥**
**तत्तीर्थमुक्तवपुषामत एव मुक्तिः**
**स्वर्गात् परं सुखमुदेतु मुदे तु कीदृक्।** -नैषधमहाकाव्य ११।११६

माथिका यी उद्धरणहरूबाट विद्वद्वर कवि रश्मिराज अर्ज्याल आफ्नो काव्यशिल्पमा आद्य शंकराचार्यका साथै महाकवि कालिदास, महाकवि भारवि, महाकवि माघ, महाकवि भवभूति तथा महाकवि श्रीहर्षसँग सादृश्य राख्नुहुन्छ भन्ने कुरा छर्लङ्ग हुन्छ।

**काव्यको मङ्गलाचरण**

व्याकरण, साहित्य कर्मकाण्ड तथा ज्योतिषका ख्यातनामा विद्वद्वर रश्मिराज अर्ज्यालको यस **श्रीसत्यनारायणकथामृतम्** खण्डकाव्यमा अझ त्यसमा पनि धार्मिक खण्डकाव्यमा प्रारम्भमा मङ्गलाचरण छैन। 'ग्रन्थका थालनीमा मध्यमा र अन्त्यमा मङ्गलाचरण गर्नुपर्छ भन्ने प्रसिद्ध शास्त्रीय वचन उहाँलाई थाहा थिएन भन्न मिल्दैन। झन् व्याकरण महाभाष्यमा नै यस किसिमको वाक्यको उल्लेख भएकोले त्यसमा उहाँको दृष्टि नपुगेको हुनैसक्तैन जस्तै- 'मङ्गलादीनि मङ्गलमध्यानि, मङ्गलान्तानि च शास्त्राणि प्रथन्ते वीरपुरुषाणि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भवन्त्यायुष्मत् पुरुषाणि च अध्येतारश्च वृद्धियुक्ता यथा स्युः ।, (महाभाष्य-पतञ्जलि) । यति हुँदाहुँदै पनि किन गरिएन **श्रीसत्यनारायणकथामृतम्** खण्डकाव्यमा मङ्गलाचरण ! यो एउटा प्रश्न श्रोता पाठक सबैसामु तेर्सिनु अस्वाभाविक होइन ।

माथिको प्रश्नको समाधानमा पंक्तिकारको दृष्टि यस्तो छ- विद्वद्वर रश्मिराज वैयाकरण भएको कुरा अवगत नै छ । व्याकरणका स्फोटवादी उपदेष्टा र अध्येताहरू संक्षिप्तमा वा थोरै शब्दमा धेरै कुरा भन्न चाहन्छन् । वाणीमा एकआध मात्राको कमीले पनि उनलाई पुत्रोत्सवको आनन्द दिन्छ भनिएको छ- "अर्धमात्रालाघवेन पुत्रोत्सवं मन्यन्ते वैयाकरणाः" ।

महावैयाकरण पाणिनिले **अष्टाध्यायी**मा छुट्टै मङ्गलाचरण नगरी **वृद्धिरादैच्** बाट नै ग्रन्थ प्रारम्भ गरेका छन् । यसैगरी महाभाष्यकारपतञ्जलिले पनि "**अथ शब्दानुशासनम्**" बाट आफ्नो ग्रन्थको सुरुवात गरेका छन् । यहाँ विद्वद्वर रश्मिराज अर्ज्यालले पनि आफ्नो काव्यमा त्यसै परम्परालाई पछ्याउनुभएको छ ।

कवि रश्मिराजले कुनै देवताको छुट्टै स्तुति प्रार्थना नगरे पनि उहाँका काव्यको प्रथम सर्गका प्रथम पद्यको **अथ** पदले नै मङ्गलोच्चारणको काम गरेको छ । किनभने ॐकार र अथ शब्द दुवै मङ्गलकारक छन् भनेर शास्त्रमा बताइएको छ-

**ॐकारश्चाथ शब्दश्च द्वावेतौ ब्रह्मणःपुरा ।**
**कण्ठं भित्वा विनिर्यातौ तस्मान्माङ्गलिकावुभौ ॥**

त्यसै हुनाले महाभाष्यको थालनीको 'अथ शब्दानुशासनम्' वाक्यको अथशब्द मंगलवाचक हो । पाणिनीय अष्टाध्यायीको वृद्धिरादैच् सूत्रको वृद्धिशब्द पनि मंगलवाचक हो । वृद्धिशब्दो मंगलार्थः । त्यसैगरी आफ्नो **श्रीसत्यनारायणकथामृतम्** काव्यमा विद्वद्वर कवि रश्मिराज अर्ज्यालले छुट्टै मङ्गलाचरण श्लोक नलेखे पनि काव्यको पहिलो श्लोकको पहिलो पद 'अथ' द्वारा मंगलाचरणको र काव्य प्रारम्भ दुवैको काम लिनुभएको छ- **एका क्रिया द्व्यर्थकरी प्रसिद्धा** । यतिमात्र होइन, पुराणहरूमा पाइने पञ्चाध्यायी षडध्यायी र सप्ताध्यायी सत्यनारायणी कथाहरू सबै **एकदा** शब्दबाट प्रारम्भ भएका पाइन्छन् । जस्तै :- **एकदा नैमिषारण्ये** इत्यादि । यस **श्रीसत्यनारायणकथामृतम्** काव्यमा भने विलक्षण विचक्षण कवि रश्मिराज अर्ज्यालले कथाको त्यस पौराणिक एवं मौलिक स्वरूपलाई कत्ति पनि नबिगारी व्यासको **एकदा** शब्दको अगाडि आफ्नो तर्फबाट मात्र **अथ** शब्द जोडेर **अथैकदा** बनाई काव्य प्रारम्भ गर्नुभएको छ । हेरौं, त्यो श्लोक पनि-

**अथैकदा नैमिषनामधेये**
**क्षेत्रे पवित्रे नयनैकपेये ॥**
**चक्रुर्मनोज्ञां सुविचार्य गोष्ठीं**
**श्रीशौनकाद्याः मुनयः प्रमोदात्** -श्रीसत्यनारायणकथामृतम् (१।१)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**छन्दः प्रयोगमा विवेक-**

कवि रश्मिराज अर्ज्यालका यस खण्डकाव्यमा **उपजाति**, **प्रमाणिका**, **पुष्पिताग्रा भुजङ्गप्रयात**, **मालिनी**, **वियोगिनी**, **शार्दूलविक्रीडित** जस्ता ठुला छन्दको प्रयोग गरेको पाइन्छ । पुराणमा प्रयोग गरिएका अनुष्टुप् छन्द त यस खण्डकाव्यमा ओखतीका लागि पनि पाइँदैन । आफ्ना खण्डकाव्यमा आधा दर्जन बढी छन्दको प्रयोग गर्ने कविवर रश्मिराज अर्ज्याल लय वा छन्द र संगीतका पनि पारखी व्यक्ति भएको यथार्थलाई कत्ति पनि नकार्न मिल्दैन । यतिमात्र होइन, कुन छन्दको कुन स्थितिमा प्रयोग गर्नुपर्छ भन्ने कुराको पनि यथार्थ बोध कविवर रश्मिराज अर्ज्याललाई छ । त्यसै हुनाले विलाप र वियोगजस्ता कारुणिक प्रसङ्गमा वियोगिनी छन्दको प्रयोग गर्नुपर्ने कुरा थाहा भएर नै कविवर रश्मिराज आफ्नो काव्य **श्रीसत्यनारायणकथामृतम्**मा डुँगा समेत आफ्नो पति नदीमा डुबेपछि कलावतीले गरेको विलापको प्रसङ्ग आउँदा तत्कालै छन्द फेरेर वियोगिनीमा रचना थालेको उदाहरण यहाँ द्रष्टव्य छ-

**अनिरीक्ष्य पतिं कलावती**
**प्रहरन्ती प्रतलौ स्ववक्षसि ।**
**विललाप भृशं भृशाकुला**
**लुठति स्माऽपि मुहुर्मुहुःक्षितौ** -श्रीसत्यनारायणकथामृतम् (४।३०)

महाकवि भारविले पनि दुर्योधनद्वारा जुवामा छलगरी वनमा पठाइएका पाण्डवलाई पौरुषहीन जस्ता भएर बसेको देखेर अत्यन्त दुःखी भएकी द्रौपदीले विलौना गरेको प्रसङ्गलाई आफ्नो किरातार्जुनीयम् महाकाव्यको दोस्रो सर्गमा वियोगिनीछन्दमा वर्णन गरेका छन् । जसको एउटा पद्य-

**चतसृष्वपि ते विवेकिनी**
**नृप विद्यासु निरूढिमागता ।**
**कथमेत्य मतिर्विपर्ययं**
**करिणी पङ्कमिवावसीदति ॥**

कालिदास आदिकविहरूले पनि अजविलाप आदि करुणाप्रसंगमा वियोगिनी छन्दको प्रयोग गरेको कुरा यस प्रसङ्गमा स्मरणीय छ । छन्दको यस प्रसंगलाई बिट मार्नुभन्दा पहिले व्यासले अनुष्टुप्मा लेखेको कथावस्तुलाई ठूलो छन्दमा बढाएर, तन्काएर लेख्नुपर्दा कतै कतै अनावश्यक शब्द थुपारेजस्तो भान हुन गए पनि त्यसको भावलाई घोरिएर विचार गर्दा सहृदय पाठकले त्यस्ता शब्दको औचित्य काव्यमा भएको तथ्य स्वतः थाहा पाउँछन् ।

**सूक्तिसंयोजन**

प्रतिभाशाली कविले बनाएका काव्यहरूमा ठाउँ ठाउँमा स्वभावतः उक्तिविशेष पनि आउँछन् । कविवर रश्मिराज अर्ज्यालका यस खण्डकाव्यमा पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्तो सूक्ति पर्न गएको छ र जसमा भनिएको छ- जो पुरुष आफूले गर्छु भनेर निश्चय गरेको कामलाई आलस्य वा बेवास्तावश छोडेर अन्यत्र लाग्छन् तिनीहरू दुःखकष्ट र भै-भमेलामा फस्न पुग्छन्-

**संकल्पितं कर्म तु ये त्यजन्ति**
**भजन्ति दुःखैकपरम्परान्ते** -श्रीसत्यनारायणकथामृतम् (४।२१)

**नाटकीय संवाद-**

कवि रश्मिराज अर्ज्यालको काव्यिक वैशिष्टचको चर्चा गर्दा उहाँको संक्षिप्त संवादात्मक शैलीलाई पनि ओभेल पार्न मिल्दैन । यसले काव्यमा नाटकीय संवादको आस्वाद दिन्छ । काव्यको तृतीय सर्गमा एकजना साधुबनिया व्यापार गर्न गएका बेला समस्त मनःकामना पूर्ण गर्ने सत्यनारायणको व्रतपूजाका विषयमा जानकारी लिएर फर्किन्छन् । उनी सबैभन्दा पहिले आफ्नी पत्नी लीलावतीलाई त्यस अमूल्य कुराको जानकारी पाएको बताउँछन् । त्यस प्रसङ्गमा दुवैको संवाद भएको यो श्लोक-

**पप्रच्छाऽतो किं किमित्येव सा तं**
**तामूचेऽसौ सत्यदेवव्रतन्तत् ॥**
**तस्य स्वामिन् ? किंफलो वाञ्छितोऽर्थः**
**कर्तव्यन्तत् सन्ततौ साध्वि!सत्याम्** -श्रीसत्यनारायणकथामृतम् (३।१०)

**पौराणिक सत्यनारायणीकथा र सत्यनारायणकथामृतम्**

**श्रीसत्यनारायणकथामृतम्** काव्य पौराणिक सत्यनारायणी कथामा आधृत भए पनि यसका केही आफ्ना विशेषताहरू छन् । जसले यसमा मौलिकताको मौलि थपेको छ । त्यसको चर्चा गरिएन भने यस काव्यको विवेचन विश्लेषण साँच्चिकै अपूरो रहन्छ ।

१. रेवाखण्डीय र भविष्यपुराणअन्तर्गतको सत्यनारायणीय व्रतकथामा- मर्त्यलोकमा डुलेको अवस्थामा नारद, मानवजातिले अत्यत कष्ट पाएको देखेर तिनका दुःख नाशहुने उपाय जान्ने उद्देश्यले विष्णुलोकमा गएको कुरा बताइएको छ । ती दुवै पुराणहरूमा यो कुरा उस्तै पदावलिद्वारा व्यक्त छ । जस्तै-

(क) **एकदा नारदो योगी पराऽनुग्रहवाञ्छया ।**
**पर्यटन् विविधान् लोकान् मर्त्यलोकमुपागमत्** -भविष्य. (२।२४।७)

(ख) **एकदा नारदो योगी पराऽनुग्रहकाङ्क्षया ।**
**पर्यटन् विविधान् लोकान् मर्त्यलोकमुपागतः** -स्कन्द. रेवाखण्ड (१।४)

कविवर अर्ज्यालको **श्रीसत्यनारायणकथामृतम्** काव्यका नारदजी भने मर्त्यलोकको विपत्तिविनाशका लागि विष्णुलोक वा वैकुण्ठलोक नगएर सोभै ब्रह्मलोक पुग्छन् । जस्तै :

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**मर्त्यान् क्षितिस्थानतिदुःखभाजो**
**व्याध्याधि-दारिद्र्यभरेण वीक्ष्य।**
**स ब्रह्मलोकं समगात् तदीश-**
**न्तुष्टाव नत्वा शिरसा नतेन** -श्रीसत्यनारायणकथामृतम् (१।९)

पुराण युगीनकथामा लोक कल्याणकारी उपाय सोध्न नारदजी वैकुण्ठलोक जानु विष्णुसँग त्यसबारे सोध्नु र उनले आफ्नै पूजाको बखान गरेर आफैंलाई पुज्न भन्नु जस्तो कुरा उचित थियो तर आधुनिक युगमा यस्तो कथानकले भगवान् विष्णुले आफ्नो राग आफैं बखान्नुभन्दा अर्काद्वारा उनको महिमा वर्णन हुनु उचित हुने ठानी कविवर रश्मिराज अर्ज्यालले कथाको प्रारम्भमा स्वोपज्ञ परिवर्तन ल्याउनुभएको तथ्य बुझ्न सकिन्छ। कथाको प्रारम्भमा आएको यस बद्लाउले गर्दा पुराणहरूमा नारदले विष्णुलाई गरेको स्तुति यस काव्यमा ब्रह्मालाई नै गर्नुपर्ने भएको छ। जस्तै-

**सर्वादिभूताय निरञ्जनाय**
**स्थिराय चाद्यन्त-विवर्जिताय।**
**शरण्यवर्याय दयालवे स्ताद्**
**नमोऽनिशं मे चतुरास्य ! तुभ्यम्** -श्रीसत्यनारायणकथामृतम् (१।११)

२. पौराणिक चतुरध्यायी, पञ्चाध्यायी, षडध्यायी तथा सप्ताध्यायी सत्यनारायणी व्रतकथाको पहिलोअध्यायमा नारद घुम्दै डुल्दै मर्त्यलोकमा आउनु, त्यहाँ दुःखकष्ट भोगिरहेका प्राणीहरूलाई देख्नु, त्यसको उपाय सोध्न वैकुण्ठमा जानु, भगवान्को स्तुति गरेर आफू आएको उद्देश्य बताउनु र भगवान् विष्णुद्वारा नारायणपूजाको विधि वर्णन गर्नु यत्तिमै सकिन्छ।

कविवर रश्मिराज अर्ज्यालको **श्रीसत्यनारायणकथामृतम्** काव्यको पहिलो सर्गमा भने नैमिषारण्यमा सूतजीको आगमन-शौनकजीद्वारा उनको स्वागत सत्कार र शिष्टाचारका साथै सरल उपायले मनुष्यलोकको कष्ट निवृत्तिको लागि जिज्ञासा, सूतजीद्वारा नारद ब्रह्मलोक पुगेर ब्रह्माको स्तुति, ब्रह्माजीसँग नारदको प्रश्न र ब्रह्माद्वारा सत्यनारायणव्रतको महत्त्ववर्णन साथै काशीवासी भिक्षुक ब्राह्मणलाई विप्ररूपधारी सत्यदेवद्वारा नारायणकथाविधि उपदेश र भिक्षुकद्वारा गरिएको सत्यनारायणको व्रतद्वारा उनलाई ठूलो ऐश्वर्य प्राप्तिको कथा वर्णित छ। यसरी कवि रश्मिराज अर्ज्यालका **श्रीसत्यनारायणकथामृतम्**को पहिलो सर्गको कलेवर वृद्धि भएको छ। पञ्चाध्यायीमा प्रथम सर्गको श्लोक संख्या २४ षडध्यायीमा ३८ छ भने कवि अर्ज्यालको काव्यमा त्यो संख्या बढेर उपजाति छन्दमा ४१ पुगेको छ।

३. पौराणिक चतुरध्यायी र पञ्चाध्यायीको दोस्रो अध्यायमा काशीका निर्धन ब्राह्मण र काष्ठविक्रेताको कथा छ। षडध्यायीमा तिनै काशीका शतानन्द ब्राह्मण र ब्राह्मण रूपधारी नारायणको कथा छ भने रश्मिराजको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**श्रीसत्यनारायणकथामृतम्**को दोस्रो सर्गमा सत्यनारायणव्रतकथा लगाएर ऐश्वर्यशाली भएका ब्राह्मणले एक दिन सत्यदेवको पूजा गर्न लाग्दा काष्ठविक्रेता उनीकहाँ आउनु, पूजा देख्नु र स्वयं पनि पूजा गरेपछि ऐहलौकिक सुखसमृद्धि र मोक्ष पाउनुजस्ता प्रसंगको वर्णन छ ।

४. पौराणिक सत्यनारायणकथामध्ये चतुरध्यायी र पञ्चाध्यायीको तेस्रो अध्यायमा उल्कामुख राजाको कथा छ । उनले सत्यनारायणको पूजा गरेको साधु नामक वनियाले देखेपछि उनले पनि पूजाभाकल गर्छन् । साधुलाई कलावती नामकी छोरी जन्मिन्छे अनि उसको विवाह हुन्छ । ज्वाईं-ससुरा व्यापारमा जान्छन् । सत्यनारायणको पूजा नगरेकोले तिनीहरूले चोरीको अभियोगमा कारावासको सजाय भोग्नुपर्छ तर घरमा आमाछोरीले सत्यदेवको पूजा गरी प्रसाद खाएकोले उनीहरू कारागारमुक्त भई घर फर्किन्छन् भन्नेसम्मको कथा छ । षडध्यायीको तेस्रो अध्यायमा भने चन्द्रचूड राजाको उपाख्यान विशेष रूपमा छ ।

कवि रश्मिराजको खण्डकाव्यको तेस्रो सर्गमा अरू कथा उस्तै हो तर साधु वनिया र उसका ज्वाईं झ्यालखाना परेकोसम्म मात्र कथा वर्णित छ ।

५. पौराणिक पञ्चाध्यायीको चौथो अध्यायमा डुँगामा धनमाल लिएर घर फर्केका साधुले उसको परीक्षा लिन आएका भगवान्सँग असत्य बोलेकाले उसको धनमाल पात-पत्करमा परिणत हुनु, सत्यनारायणको नैवेद्य नखाई छोरी श्रीमान् भेट्न आएकीले डुँगासहित उसको श्रीमान् डुब्नुका साथै पुनः नैवेद्य खाएपछि उसको उद्धार भएको कथाको वर्णन छ ।

यस्तै कवि रश्मिराजका काव्यको चौथो सर्गमा झ्यालखानामा परेका साधुको घरको पनि धनमाल चोरले लुट्नुदेखि षडध्यायीको चौथो अध्यायमा काठ बोक्ने भिल्ल जातिका भरियाले ब्राह्मणले पूजा गरेको देखेर पूजाविधि सिकेर घर आई व्रतपूजा गरेर सम्पत्ति लाभ गरेको कथा छ ।

६. चतुरध्यायी सत्यनारायणी कथामा र रेवाखण्डीय पञ्चाध्यायी कथाको अन्तिम पाँचौं अध्यायमा तुङ्गध्वज राजाको कथा छ । चतुरध्यायी सत्यनारायणी कथामा **तुङ्गध्वज**को ठाउँमा **वंशध्वज** राजाको नाउँ उल्लिखित छ । गोठालाहरूका सत्यनारायणको प्रसाद नखाँदा तुङ्गध्वजका सय भाइ छोरा समेत धनसम्पत्तिको नाश भएको र पछि पूजा गरी प्रसाद खाएपछि पुनः धनधान्य सम्पन्न भएको कथा वर्णित छ । अन्त्यमा शतानन्द ब्राह्मण आदिहरूले अर्को जन्ममा भक्त सुदामा आदिको रूपमा पुनर्जन्म लिएको संकेतसाथ कथा समाप्त हुन्छ ।

भविष्यपुराणीय सत्यनारायण कथाको पाँचौं र छैठौं दुवै अध्यायमा साधु वनियाको कथा वर्णित छ । कविवर रश्मिराज अर्ज्यालको **श्रीसत्यनारायणकथामृतम्**को अन्तिम पाँचौं सर्गमा पञ्चाध्यायीमा जस्तै तुङ्गध्वज राजाको कथाबाट काव्य समाप्त हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

७. पञ्चाध्यायी रेवाखण्डीय सत्यनारायण व्रतकथामा सत्यनारायणको व्रतसंकल्प, पूजा र कथा श्रवण एवं प्रसाद ग्रहणको मात्र उल्लेख छ । त्यसमा हवन कृत्यसम्बन्धी कुनै उल्लेख छैन । भारतीय र तराई मूलका नेपाली व्रतालुहरूले त्यही पञ्चाध्यायी अनुसार पूजा कथाको अनुष्ठान गरे पनि अन्त्यमा अति संक्षिप्त हवन गर्ने चलन छ ।

पहाडी मूलका नेपाली व्रतालुहरूमा भने रेखाखण्डीय सप्ताध्यायी कथा सुन्ने परम्परा छ । यिनीहरू पनि पूजा कथा सकिएपछि अनुष्ठान समाप्त गर्छन् यहाँ हवन गर्ने विधान कथामा पनि छैन व्यवहारमा पनि । भविष्य पुराणप्रति सर्ग पर्वमा उल्लिखित सत्यनारायण व्रतकथामा सत्यनारायणको पूजा गरिसकेपछि हवन गर्ने त्यसको दशांशले तर्पण र मार्जन गर्ने अनिमात्र कथा श्रवण गरेर प्रसाद ग्रहण गर्ने विधि उल्लेख छ-

**पञ्चामृतेन संस्नाप्य चन्दनादिभिरर्चयेत् ॥२९॥**
**ॐनमो भगवते नित्यं सत्यदेवाय धीमहि ।**
**चतुःपदार्थदात्रे च नमस्तुभ्यं नमो नमः ॥३०॥**

**जप्त्वेत्यष्टोत्तरशतं जुहुयात्तद्दशांशकम् ।**
**तर्पणं मार्जनं कृत्वा कथां श्रुत्वा हरेरिमाम् ॥३१॥**
**षडध्यायीं सत्यमुख्यां तत्पश्चात् तत्प्रसादकम् ।**
**सम्यग्विभज्य तत्सवं दापयेच्छ्रोतृकाय च -भविष्य प्रतिसर्ग पर्व : २४**

विद्वद्वर रश्मिराज अर्ज्यालकृत **श्रीसत्यनारायणकथामृतम्** खण्डकाव्यमा पनि भविष्य पुराणको षडध्यायीमा जस्तै व्रत पूजा र कथासहित हवनको विधान छ । तर यसमा उसै दिन तत्कालै हवन नगरी अर्को दिन हवन गर्ने निर्देश गरिएको छ । पहिलो दिन पूजा र कथा श्रवण गरिसकेपछि व्रतालुहरूले पण्डित व्यासलाई विदा गरेपछि प्रसाद ग्रहण गरी आफू रातभर भजनकीर्तन र नृत्य गर्दै जागरण वस्ने र अर्को दिन हवन गर्ने कुराको उल्लेख छ । जस्तै-

**प्रसाद्य विद्वांसमथो विसृज्य**
**व्रती तु भुक्त्वा स्वजनैः समेतः ।**
**सुनृत्यगीतादि विधाय रात्रौ**
**निद्रां परित्यज्य भजेत सत्यम् ॥**
**होमं विधायाऽथ दिने स्वभक्त्या**
**पक्वैस्तथान्नैरतिदर्शनीयै : ।**
**सत्यञ्जनैर्नारद तर्पयित्वा**
**सदक्षिणान् विप्रवरान् नमेत् सः -श्रीसत्यनारायणकथामृतम् १।२७-२८**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**स्तुतिविशेषको संयोजन**

यस काव्यको पाँचौं सर्गमा तुङ्गध्वज राजाद्वारा सत्यनारायणको जुन स्तुति गरिएको छ त्यो साह्रै नै उच्चकोटिको छ। रश्मिराजीय कविप्रतिभा मात्र होइन, उहाँका विद्वत्ताको समेत पारख गर्न सकिने खालको यो स्तुति छ। अर्को शब्दमा भन्नुपर्दा यस खण्डकाव्यको यही नै रमणीयता हो, यही नै प्राणतत्त्व हो। धर्म दर्शन योग अध्यात्मका साथै वैयाकरण धुरन्धर कवि रश्मिराज अर्ज्यालको शब्द शास्त्रीयप्रतिभाको चामत्कारिक छटा पनि यसमा देख्न पाइन्छ। यसमा कारकका सात विभक्तिका आदिम वचन अर्थात् एकवचनबाट सुरूहुने छ श्लोकहरू छन् भने पहिलो श्लोकमा पनि सातै विभक्तिलाई संयोजन गरिएको छ। हेरौं यो चामत्कारिक उदाहरण-

**यस्त्राता जगतस्तदर्चयति यं येनैतदुत्पाद्यते**
**यस्मै शक्रमुखा दिशन्ति च बलिं शं याति यस्मादिदम्।**
**यस्योच्चैर्महिमा विभाति भुवने यस्मिन् समाः शक्तयो**
**वन्दे तं निगमागमस्तुतपदं श्रीसत्यनारायणम्** -श्रीसत्यनारायणकथामृतम् (५।११)

**काव्यमा पद र भावको संयोजनशिल्प**

विद्वद्वर कवि रश्मिराज अर्ज्यालको **श्रीसत्यनारायणकथामृतम्** खण्डकाव्य विश्रुत वैयाकरणको रचना भए पनि यसका पदसंयोजन र भाव निरसनमा अद्भुत चमत्कार भएको पाइन्छ। महाकवि कालिदासको जस्तो सललल बग्ने शब्दप्रवाह यसमा छ भने भारविको जस्तो गहिरो र नीलो भाव-ह्रदमा डुबुल्की मार्ने अवसर पनि पाठकले यसमा प्राप्त गर्दछन्। कतै **भुजङ्गप्रयात** कतै **शार्दूलविक्रीडित,** कतै **शालिनी** त कतै **उपजाति** जस्ता आधा दर्जन बढी छन्दमा सर्वतन्त्र स्वतन्त्र भएर बगेको कविवर रश्मिराजको काव्यशिल्प यस दृष्टिले साह्रै नै उत्कृष्ट भएको कुरामा वैमत्य हुनै सक्तैन। पदसंयोजन र भावसंयोजनका अद्भुत शिल्पी कवि रश्मिराजका यस काव्यको एउटै पदले एकैसाथ आफ्ना पाठकहरूलाई करुणरस र श्रृङ्गाररसका उभयानुभूतिको आनन्द पनि दिन्छन्। प्रस्तुत छ त्यो पद्य-

**लीलाविलासाऽवसरे सुशीला**
**लीलावती चञ्चलकुन्तला सा॥**
**तदा कदाचिद् दयिता सुदक्ष-**
**ञ्जगाद दीनेव सुमन्दमन्दम्** -श्रीसत्यनारायणकथामृतम् (३।१३)

काव्यको कथाअनुसार साधु बनियाले 'मलाई सन्तान भयो भने सत्यनारायणको पूजा कथा गर्नेछु' भन्ने प्रतिज्ञा गर्छ। फलस्वरूप उसलाई छोरी जन्मिन्छे। नामकरण, कर्णवेध आदि संस्कार हुँदै त्यो शिशु बालिका बढ्दै बढ्दै विवाहयोग्य उमेरकी हुन्छे। आफ्नो पति अर्थात् कन्याका बाबुद्वारा भाकल पूरा गर्नेतर्फ कुनै चासो नलिएको देख्दा पत्नी लीलावती

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसले गर्दा कतै अनिष्ट पो हुने हो कि भन्ने डरले भित्रभित्रै पिरोलिन्छिन् । श्रीसम्पत्तिको भोगविलासका समयमा पनि उनी दुःखी चिन्तित र पीडित रहन्छिन् । एकपल्ट पुत्रीको विवाह र पतिले भाकल पूरा नगरेको चिन्ताले वैरागिएजस्ती भएकी दीनहीन लीलावतीले आफ्ना पतिलाई विगतको भाकल सम्झाउन थाल्छिन । माथि काव्यका उद्धृत पद्यमा आएको **दीन** शब्दले त्यस बेलाको सम्भोग श्रृङ्गारको वातावरणलाई करुणापूर्ण बनाइदिन्छ । यसरी एउटै शब्दबाट करुणरस उछाल्ने भाव दिने सामर्थ्य देखिन्छ कवि रश्मिराज अर्ज्यालमा ।

अर्कोतिर- नारीशक्ति कर्तुमकर्तुमन्यथाकर्तुं समर्थ हुन्छ । त्यो शक्ति नारीहरूमा पतिसँगको लीला विलासका अवसरमा प्रादुर्भूत हुन्छ । झन् त्यसवेला पत्नीले आफनो नारीसुलभ भय र संकोचको मर्यादामा रहेर केही प्राप्तिकामनाका साथ आफूलाई दीनहीन जस्ती गराएर प्रस्तुत गर्दा त उनले जे चाह्यो, जे माग्यो, त्यही दिन तयार हुन्छन् पतिहरू । यस अर्थमा माथिको 'दीन' शब्दले श्रृङ्गाररसकै उद्रेक ल्याउँछ काव्यमा । शान्तरस एव प्रसादगुणयुक्त प्रसाद माहात्म्य भएको यस **श्रीसत्यनारायणकथामृतम्** काव्यभरिमा श्रृङ्गाररसतिर उन्मुख पद्य पनि माथि उद्धृत त्यही एउटा पद्य मात्र हो ।

यसैगरी "पाण्डवलाई वनवास पठाएका दुर्योधनले हस्तिनापुरका जनतालाई पुऱ्याएको उच्चकोटिको सुखसुविधाले गर्दा कतै त्यहाँका जनताले हामीलाई बिर्सेर पछि दुर्योधनलाई नै रुचाउने हुन् कि" भन्ने आशङ्काले अत्यन्त पीडित द्रौपदीले आफूलाई दीनहीन अनाथ अबला नारीको रूपमा विनीत भावले प्रस्तुत गर्दै युधिष्ठिरलाई सम्झाउने र दुर्योधनविरुद्ध उक्साउने प्रयत्न गर्छिन् । द्रौपदीको यो विनीत भाव र लीलावतीको माथिको दीनभाव निश्चय पनि दुवै यहाँ तुलनीय छन् । सहृदय पाठकहरूलाई यसको तुलनात्मक भावबोधले निश्चय पनि अनुपम आनन्द दिन्छ । महाकवि भारवि र विद्वद्वर रश्मिराज अर्ज्यालका काव्यशैलीको तुलनात्मक चित्रणको यस प्रसङ्गलाई किरातार्जुनीयम्को सम्बद्ध श्लोकको उद्धरणसाथ यहीं विराम दिन चाहन्छ यो पंक्तिकार-

**भवादृशेषु प्रमदाजनोदितं**
**भवत्यधिक्षेप इवानुशासनम् ।**
**तथापि वक्तुं व्यवसाययन्ति मां**
**निरस्तनारीसमयादुराधयः** -किरातार्जुनीयम् (१।२८)

**यस काव्यको उद्देश्य र काव्यरचनाको नयाँ शैली**

पौरस्त्यसाहित्यका सुप्रसिद्ध लक्षणकार विद्वान् आचार्य मम्मटले आफ्नो प्रसिद्ध लक्षण ग्रन्थ 'काव्यप्रकाश' मा काव्यको उद्देश्यमाथि चर्चा गर्ने क्रममा यसका यश प्राप्ति, धनलाभ आदि विभिन्न उद्देश्यको उल्लेख गरेका छन् । तीमध्ये एउटा उद्देश्य समाज, राष्ट्र र विश्वको कल्याण पनि हो । कविवर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रश्मिराज अर्ज्यालको पनि काव्यलेखनको उद्देश्य व्यक्तिगत यश कमाउनु र धन कमाउनुभन्दा पनि लोककल्याण नै रहेछ भन्ने कुरा यो काव्यले छर्लङ्ग्याएको छ । हुन पनि हो नारदजीले पनि त मर्त्यलोकका मानवहरूको कल्याणका लागि सत्यलोकसम्म धाएर आफ्ना पिता ब्रह्माबाट यो सत्यनारायणीकथा प्राप्त गरी जनजनमा फैलाएका हुन् । त्यही उद्देश्य थियो विद्वद्वर रश्मिराज अर्ज्यालको पनि । उहाँले पनि प्रथम र द्वितीय विश्वयुद्धले प्रलयको ताण्डवलीला देखाएको विश्व र निरङ्कुश राणातन्त्रको फलामे साङ्लाले जकडिएको स्थितिबाट दुःखकष्ट भोगिरहेको नेपाल र नेपाली जनतालाई मुक्त गर्ने उद्देश्यले यस **श्रीसत्यनारायणकथामृतम्** खण्डकाव्यको सिर्जना गर्नुभएको हो भन्दा अत्युक्ति हुने यस पंक्तिकारलाई कत्ति पनि लाग्दैन । यसको घामजस्तै टड्कारो उदाहरण हो यसै काव्यको अन्तिम श्लोक, जो यस्तो छ-

**कुर्वन्तु लोका निजधर्मरक्षां**
**दुष्टामसूयाञ्च परित्यजन्तु ।**
**सांसारिका दुःखत आशु मुक्ताः**
**कल्याणयुक्ताः सततं भवन्तु** -श्रीसत्यनारायणकथामृतम् (५।२७)

(लोक अर्थात् जनता सबैले आ-आफ्ना धर्मको रक्षा गरून् । तिनीहरूले अर्काको रीस डाह र निन्दा, हिंसा गर्ने काम छोड्न् । विभिन्न थरिका सांसारिक दुःखकष्टबाट चाँडै नै मुक्त भएर सदासर्वदा कल्याणमय जीवन व्यतीत गर्न पाउने होऊन् ।)

संस्कृत वाङ्मयमा श्रव्यकाव्यको समाप्तिमा यस्तो खालको मङ्गलकामना गरिएको पद्य पूर्ववर्ती कवि महाकविहरू जस्तै कालिदास, भारवि, भट्ट, श्रीहर्ष आदिका काव्यमा पनि पाइँदैन । तर यहाँ कविवर रश्मिराज अर्ज्यालले भने आफू सामाजिक एवं लोककल्याणकारी प्रवृत्तिका भएका हुनाले काव्यान्तमा यसरी लोकको लागि मङ्गलकामना गर्नुभएको छ । त्यसै हुनाले यस एउटै पद्यले एकातिर कविवर रश्मिराज अर्ज्यालका काव्यको उद्देश्यमाथि प्रकाश पार्दछ भने अर्कोतर्फ कवि स्वयंको सामाजिक चरित्र तथा उहाँको महान् व्यक्तित्वको पनि प्रत्यक्ष परिचय दिन्छ ।

आज पनि आतंक र आततायी क्रियाकलापद्वारा अशान्त विश्व र नेपालको कहालीलाग्दो वर्तमान परिस्थितिमा हामी सबैले झुठ र छलको व्यवहार छोडी एकआपसमा विश्वासको वातावरण तयार पार्दै आफ्नो अभीष्ट एवं शाश्वत सुखको प्राप्तिका लागि सत्यको बाटोमा निष्ठापूर्वक हिँड्नुपर्दछ । सत्य नै धर्म हो । सत्य नै नारायणको स्वरूप हो । त्यसै हुनाले सत्यनारायणकै आराधना उपासना गर्नु हाम्रो एकमात्र कर्तव्य पनि हो । '**नास्ति सत्यात् परो धर्मः । सत्यं जयति नानृतम्** । सर्व सत्ये

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

**प्रतिष्ठितम् । सत्यं शिवं सुन्दरम् ।'** ले यही सन्देश हामीलाई आज पनि **श्रीसत्यनारायणकथामृतम्** काव्यमार्फत् विद्वद्वर कवि रश्मिराज अर्ज्यालद्वारा प्राप्त भएको छ । यो त भयो कविको र यस काव्यका उद्देश्यको कुरा ।

काव्यशिल्पका दृष्टिले विलक्षण एवं विचक्षण कवि रश्मिराज अर्ज्यालले आफ्नो यस श्रव्यकाव्यमा पनि दृश्यकाव्यमा जस्तो संवादशैली प्रस्तुत गरेको उदाहरण माथि प्रस्तुत भएकै छ । उहिले संस्कृतका दृश्यकाव्यहरूमा भरतवाक्यम्को रूपमा काव्यान्तमा प्रयोग गरिने मङ्गलकामना वाक्यलाई अहिले यस श्रव्यकाव्यमा पनि संयोजन गरेर कविवर अर्ज्यालले परम्परागत श्रव्यकाव्य प्रणयनप्रविधिमा एउटा नयाँ प्रवृत्तिको श्रीगणेश गरेको कुरा पनि यहाँ उल्लेख गर्नुपरेको छ । काव्यको प्रारम्भमा विशेषमङ्गलाचरण नै नगरी **'अथ'** जस्ता शब्दबाट मङ्गल र आख्यान प्रारम्भ भएको संकेत एकैपल्ट गर्ने मात्रालाघवी कविले काव्यान्तमा अरुले नगरेको लोकमङ्गलको कामना गर्नुले उहाँलाई नयाँ प्रविधिका जनक मान्ने कुरामा दुईमत हुनै सक्तैन ।

विद्वद्वर कवि रश्मिराज अर्ज्यालको यो काव्य **श्रीसत्यनारायणकथामृतम्**को विषयमा स्वल्पमति यस पंक्तिकारले आफूले जानेबुझेको कुरा यहाँ अक्षराङ्कित गर्ने प्रयास गरेको छ । उहाँको विशाल वैदुष्य र विपुल ज्ञानराशिलाई जनसमक्ष ल्याउने यो पहिलो जमर्को हो । वैकुण्ठलोकवासी आफ्ना विद्वत् पितृहरूबाट हामी शाखासन्तानहरूले आशीर्वाद र प्रेरणा पाइरहौं भगवान् श्रीसत्यनारायणसँग यही प्रार्थना छ ।

यो काव्यको पाण्डुलिपि पुराना काम नलाग्ने चिठीपत्र, तमसुक खेस्रा भनेर पोकोमा जम्मा गरी एउटा कुनामा थन्किइराखेको कालो मैलो र धूलिरञ्जित अवस्थामा फेला पर्‍यो । आज कवि जन्मेको एकसय उन्नाइस वर्ष र दिवंगत भएको पनि सतचालिस वर्षपछि यसले सम्पादन र प्रकाशनको मेलो पाएको छ । यस पाण्डुलिपिको सम्पादन गर्ने क्रममा अक्षर थप्ने, दोहोरिएका शब्द हटाउने, चिन्ह दिएर लेखेका अक्षर र शब्दलाई यथास्थानमा मिलाउनेबाहेक खास परिवर्तन भएको छैन । पाण्डुलिपिको भाषा, शैली र विषयवस्तु स्तरीय रहेको कुरा सबै विद्वान्हरूले भूमिकाहरूमा नै व्यक्त गर्नुभएको छ । चलनअनुसार सम्पादकको हैसियतले काम गरेर समाजसमक्ष यसको उपयोगिता व्यक्त गर्ने मात्र मेरो कर्तव्य भएको छ । यस कार्यबाट दिवंगत लेखकको आत्मा सन्तुष्ट होस् भन्दै यसका लागि भगवान् श्रीसत्यनारायणप्रति सविनय प्रार्थना गर्दछु ।

यो श्रीसत्यनारायणकथामृतम् एकातिर साहित्यिक कृति हो भने अर्कोतिर पौराणिक एवं धार्मिक महत्त्वको सत्यनारायणव्रतकथा पनि हो । सिद्धहस्त विद्वान्को यस कृतिमा सिद्धि पनि छ । अतः श्रद्धालु एवं व्रतालु भक्तजनहरूलाई सजिलो होस् भन्ने पुनीत उद्देश्यले विद्वद्वर अर्ज्याल लिखित श्रीसत्यनारायणपूजाविधि समेत सँगै राखी सम्पादन गर्ने प्रयास गरेको छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जसले गर्दा यो कृति साङ्ग-सर्वाङ्ग हुनपुगेको छ । समादरणीय जनसमुदायबाट जति बढी यसको उपयोग हुन्छ, उति धेरै म आफू कृतकृत्य हुने ठानेको छु ।

यसलाई अध्ययन गरी यसको नेपाली राष्ट्रभाषामा अनुवाद र गहकिलो शास्त्रीय भूमिका लेखिदिने प्रा.डा. टीकाराम अधिकारीज्यूप्रति जति कृतज्ञता व्यक्त गरे पनि त्यो अपुरो नै रहन्छ । यस काव्यको सरल अंग्रेजी अनुवाद गरिदिएर संस्कृत तथा नेपाली भाषा नजान्नेहरूका लागि यसको अर्थ बुझ्न सजिलो पारिदिने मित्रवर अभिवक्ता भीमनाथ घिमिरेप्रति पनि धन्यवाद ज्ञापन नगरी हुँदैन । प्रा. डा. टीकाराम पन्थी जो हाम्रो लुम्बिनी अञ्चलका विद्वन्मणि नै हुनुहुन्छ, उहाँका सशक्त एवं वैदुष्यपूर्ण लेखनीको कसी नलगाई कुनै पनि संस्कृत कृतिको ठिकठिक पारख हुनसक्दैन, प्राज्ञ डा. पन्थीज्यूका वाक्पुष्पोपहारले यो काव्य समृद्ध भएको छ, यसको चाकचक्यमा वृद्धि भएको छ, उहाँलाई झन् कुन शब्दले र कति शब्दले आभार व्यक्त गरुँ कृतज्ञताको राएँडोको घोप्ट्याए पनि त्यो मानेडाली जत्तिकै हुन्छ । यसैगरी श्रद्धाभाजन डा. लक्ष्मीकान्त पन्थीद्वारा प्राप्त सुललित प्रशस्तिका लागि कृतज्ञता ज्ञापन गर्नु आफ्नो पुनीत कर्तव्य ठान्दछु ।

यस प्रसंगमा भाइ विष्णुप्रभात अर्ज्यालको पनि त पंक्तिकार ऋणी छ । उनले यसरी नघच्घच्याएको भए यो काव्य यति चाँडै छापिने थिएन । उनलाई पनि मुरीमुरी साधुवाद छ । यस सम्बन्धमा आफूलाई प्रोत्साहित गर्ने डा. दुर्गादत्त शर्मा पौडेल, डा. वेणीमाधव ढकाल, प्रा. भरतराज पन्त र लुम्बिनी अञ्चलका होनहार साहित्यकार विष्णुबहादुर सिंह सामु समेत यो पंक्तिकार आभारको भारी उपहार गर्दछ ।

अन्त्यमा विद्वद्वर रश्मिराज अर्ज्यालको यस **श्रीसत्यनारायणकथामृतम्** कृतिलाई यसैसँग सम्वद्ध उहाँले लेखेको अर्को कृति **श्रीसत्यनारायणपूजाविधि** समेत राखी प्रकाशन गरिदिने **हिमालय बुक स्टल** डिल्लीबजार, काठमाडौंले लगाएको गुन मेरो लागि नम्बरी सुनभन्दा पनि बहुमूल्य भएको छ । साथै यी दुवैकृतिको पुरातन पाण्डुलिपिलाई टङ्कण गरी सहयोग गरिदिने **ईमेज कम्प्युटर कन्सर्न,** डिल्लीबजारलाई पनि धन्यवाद नदिई रहन सक्तिन ।

**विनीत**
**प्राज्ञ डा. विष्णुराज आत्रेय**
प्राध्यापक
महेन्द्र संस्कृत विश्वविद्यालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# श्रीसत्यनारायणकथामृतम्

(Sri Satyanarayankathamritam)

## प्रथमः सर्गः

अथैकदा नैमिषनामधेये
क्षेत्रे पवित्रे नयनैकपेये ॥
चक्रुर्मनोज्ञां सुविचार्य गोष्ठीं
श्रीशौनकाद्या मुनयः प्रमोदात् ॥१॥

*एकपल्ट शौनक आदि ऋषिहरूले ज्यादै राम्रो र पवित्र 'नैमिषारण्य' नाम गरिएको क्षेत्रमा बडो हर्षका साथ चिन्तन-मनन गर्दै यौटा सुन्दर सभा गरे ॥१॥*

*1. Once upon a time, Shaunak and his fellow sages gathered in a most beautiful as well as a sacred place named Naimisharanya and organized a solemn congregation and then began holding discussion in a very pleasing atmosphere.*

श्रीव्यासशिष्योऽथ महानुभावः
शिष्यैरनेकैरभिवेक्ष्यमाणः ॥
हरिं स्मरँस्तीर्थवरेष्वटन् सँ-
स्तदैव सूतः समुपाजगाम ॥२॥

*यसपछि त्यसै बखत ठूलो पराक्रम भएका व्यासका शिष्य सूतजी आफ्ना अनेकौं शिष्यहरूका साथ चारैतिरको दृश्य अवलोकन गर्दै र हरिस्मरणपूर्वक महत्त्वपूर्ण तीर्थ घुम्दै त्यही नैमिषारण्य क्षेत्रमा आइपुग्नुभयो ॥२॥*

*2. In the meantime, Sutaji, one of the disciples of the great saint Vyas arrived in Naimisharanya accompanied by his pupils after visiting different religious places. They were chanting the glories of Lord Vishnu and enjoying the pleasure of natural beauty of the surrounding areas.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्थाय सत्कारपुरस्सरन्तं
नत्वा समानीतमथाऽऽसनस्थम् ॥
सम्प्रेरितस्तं मुनिवारवर्यैः
कृताञ्जलिः शौनक इत्युवाच ॥३॥

*यसपछि ठूलाठूला मुनिहरूद्वारा प्रेरणा दिइएका शौनक ऋषिले आफू उठेर स्वागत सत्कारका साथ सूतजीलाई ल्याएर आसनमा बसाली उनलाई नमस्कार गरेपछि अञ्जलि बाँधेर यसप्रकार भने- ॥३॥*

*3. Then, Shaunak followed and inspired by various saints stood himself up and extended warm welcome to Sutaji and begged him to take his seat. Then he began addressing solemn words of adolation to Sutaji with folded hands as follows.*

**शौनक उवाच ।**
विद्वँस्त्वमस्माकमिहोच्चभाग्यैः
समागतो नः सुकृतैकराशिः ॥
सिताऽमिताञ्चद्यशसः कृतार्था
जाता वयं दर्शनतस्तवाऽद्य ॥४॥

*शौनकले भने-*

*हे विद्वान् सूतजी ! तपाईंको कीर्ति अत्यन्त उज्ज्वल र अपार छ । तपाईं पुण्यको एकमात्र खानी हुनुहुन्छ । हामीहरूका भाग्यले नै तपाईं यहाँ आइपुग्नुभएको छ । आज हामीहरू तपाईंको दर्शन पाएर कृतार्थ बन्न पुगेका छौं ॥४॥*

***Shaunak** said:*

*4. Oh! Sutaji, you are famous for your boundless reputation and scholarly wisdom. Your works and achievements have no limits. You are the one and only source of virtues. Your presence itself is the manifestation of our good fortune. Today we feel most grateful by your presence.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पृच्छामि किञ्चिद् भगवन् भवन्तं
यतो भवान् सर्वपुराणविज्ञः ॥
अथैतिहासैकरहस्यवेत्ता
सन्देहभेत्ता शरणागतानाम् ॥५॥

*भगवन् सूतजी ! तपाईं सारा पुराणहरूका ज्ञाता, इतिहासहरूका एकमात्र रहस्य जान्ने र शरणमा आउनेहरूको शंका निवारण गर्ने पनि हुनुहुन्छ । यसैले म (शौनक) तपाईंलाई केही सोध्छु ॥५॥*

*5. Oh! Learned Sutaji, you have a thorough knowledge of history and ancient philosophy. You are competent enough to clear ambiguities of all secrets. Therefore, I, (Shaunak) with all humilities would like to ask you about something.*

व्रतेन पुण्येन तपस्यया वा
जपेन दानेन च पाठतो वा
येनाऽस्यलोकस्य विना प्रयासं
दुःखं विनश्येद् वद विज्ञ तत्त्वम् ॥६॥

*हे विद्वान् सूतजी ! व्रतले होस् वा पुण्यले, तपस्याले होस् वा जपले, दानले होस् वा पाठले , (जसरी हुन्छ) यस संसारका निवासीहरूको दुःख विना नै कष्ट नष्ट हुने कुनै उपाय भन्नुहोस् ॥६॥*

*6. Oh! Venerable Sutaji, please state such measures which could alleviate sufferings either by fasting or by virtuous deeds, by penance and austerity, by chanting the holy text of religious books, by charity or by meditation.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूत उवाच ।
श्रीशौनक ! त्वम्भवसीह धन्यः
परोपकारैकधनाऽग्रगण्यः ॥
मत्तस्तदाकर्णय नारदेन
ब्रह्माऽत्र पृष्टो यदवोचदेनम् ॥७॥

*सूतजीले भन्नुभयो-*

*हे शौनक ! परोपकारलाई नै ठूलो धन मान्नेहरूमा श्रेष्ठ तिमी धन्य छौ । उहिले नारद ऋषिले यसैगरी सोधिएका ब्रह्माले नारदलाई जे कुरा भनेका थिए, त्यो कुरा तिमी पनि मबाट सुन ॥७॥*

***Sutaji** said:*

*7. Oh! Shaunak! How fortunate you are to be the supreme among those who believe that the greatest virtue lies only in thinking good of others. Listen attentively ! I am going to narrate you the same story, which earlier Brahmaji had told at the quest of Narada.*

कदाचिदानन्दभरेण पूर्णो
वीणाङ्कुणीन्द्रो रणयँश्च गायन् ॥
जनान् कृतार्थान् विदधत् स्वभक्त्या
श्रीनारदोऽगादथ मर्त्यलोकम् ॥८॥

*कुनै समयमा आनन्दले परिपूर्ण भएका र गुणीहरूमा श्रेष्ठ मानिने देवर्षि नारद वीणा बजाउँदै, गाउँदै र आफूबाट गरिने समाज सेवाद्वारा मानिसहरूलाई कृतार्थ पार्दै ब्रह्मलोकबाट मर्त्यलोक पुगे ॥८॥*

*8. One day the most virtuous Celestial sage Narada imbued with great blissfullness came down to mortal earth from Brahmalok singing and playing his Bina and making people grateful through his service to them.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मर्त्यान् क्षितिस्थानतिदुःखभाजो
व्याध्याधि-दारिद्र्यभरेण वीक्ष्य ॥
स ब्रह्मलोकं समगात् तदीश-
न्तुष्टाव नत्वा शिरसा नतेन ॥९॥

*आधि, व्याधि र गरिबीको बोझले अत्यन्त दुःख पाएका पृथिवीका मानिसहरूलाई देखेर र उनका दुःखकष्ट बुझेर देवर्षि नारद मर्त्यलोकबाट ब्रह्मलोक फर्के । त्यहाँ पुगेर उनले सामर्थ्य सम्पन्न पिता ब्रह्मदेवलाई शिर झुकाएर प्रणाम गर्दै यसरी उनको स्तुति गरे ॥९॥*

*9. Narada saw people in earth suffering from various types of diseases and troubles. He noticed their pitiable conditions and then returned to Brahamalok. There he offered his humble salutation to Brahma bowing his head, praised him & thus spoke:*

नारद उवाच ।
नमोऽस्तु तेऽतीत ! मनोवचोभ्या-
मनन्तशक्ते ! गुणवर्जिताय ॥
गुणस्वरूपाय च सर्वधात्रे
शक्रादिवन्द्याय नमो नमस्ते ॥१०॥

*नारदले भने-*

*जनसाधारणका मन र वचनदेखि पर रहेका र अनन्त शक्ति भएका हे पिता ! निराकार भएर पनि साकार हुने, सबैका पालनकर्ता र इन्द्रादि देवताहरूका पनि वन्दनीय भएका तपाईंलाई मेरो बारम्बार अभिवादन छ ॥१०॥*

***Nadrada** said:*

*10. Oh Father, You are creator and protector of all beings, You are beyond the reach of words and mind of the ordinary people and You possess boundless strength. You appear in the form even though being formless. Even Indra, the King of gods gives You due regards.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्वादिभूताय निरञ्जनाय
स्थिराय चाद्यन्तविवर्जिताय ॥
शरण्यवर्याय दयालवे स्ताद्
नमोऽनिशं मे चतुरास्य ! तुभ्यम् ॥११॥

*हे पिता ब्रह्मदेव ! सारा प्राणीहरूका आदिकारण भएका, काम क्रोधादि कुनै दोष नभएका, सधैं आफूमा स्थिर रहने, आदि र अन्त्य नभएका, शरणागतलाई शरण दिने, देवताहरूमा श्रेष्ठ र दयालु तपाईंलाई मेरो सदा सर्वदा नमस्कार छ ॥११॥*

*11. Oh Lord Brahama! You are the first and foremost cause of all creatures, You bear no illusions like anger and greed, have unshaken wisdom, You have no beginning and end, You are the shelter of all helpless people, superior to all gods and deities, of kind heart, you the four-faced Lord! please accept my all-time salutation to you.*

सूत उवाच ।
निजाँस्तुतिन्दीनदयालुरेतां
श्रीब्रह्मदेवः सुतरां निशम्य ॥
वत्साऽस्मि तुष्टस्त्वयि तद् वद त्वं
यत्तेऽस्ति चित्ते द्रुतमित्युवाच ॥१२॥

*सूतजीले भन्नुभयो-*

*दुःखी जनहरूमा दया गर्ने श्रीब्रह्मदेवले पनि नारदद्वारा गरिएको यसप्रकारको आफ्नो स्तुति सुनेपछि भन्नुभयो- हे बाबु नारद ! तिम्रो यो भक्ति देखेर म तिमीप्रति प्रसन्न छु । त्यसै हुनाले आफ्ना मनमा लागेका कुरा तिमी मलाई भन ॥१२॥*

**Sutaji narrates :**

*After hearing Narada's salutation the kind-hearted Brahamadev expressed his pleasures at Narada's devotion and asked him about his quest.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततोऽतिहृष्टः स मुनिर्दयालुः
परोपकारैकपरो जगाद ॥
देवेश ! मर्त्याः खलु मर्त्यलोके
नितान्तमेवाऽनुभवन्ति दुःखम् ॥१३॥

*त्यसपछि ब्रह्माजीका कुरा सुनेर अत्यन्त प्रसन्न भएका, दयालु र लोकोपकारको उद्देश्य लिएका नारदऋषिले भने- हे देवताहरूका अधिपति ब्रह्मदेव ! मर्त्यलोकमा रहने मानिसहरू अहिले अत्यन्त नै संकष्टको अनुभव गरिरहेका छन् ॥१३॥*

*13. Narada, whose mission is only to be dedicated to the good of others, became very happy after hearing such words from Brahmadev said: Oh Lord! People in earth at this moment are suffering from troubles and misfortunes.*

यतोऽल्पधी-शक्ति-धनाऽऽयुषस्ते
ततः प्रभो ! साधु विचार्य किञ्चित् ॥
भवेद् यथैषां समदुःखनाशः
स्वल्पेन यत्नेन तथा वदाऽऽशु ॥१४॥

*हे प्रभु ! ती मर्त्यलोकका समस्त वासिन्दाहरू बुद्धि, शक्ति तथा धनमा पनि अत्यन्त कमजोर र आयु पनि थोरै भएका छन् । त्यसैले अत्यन्त सजिलो तरिकाले छिटोभन्दा छिटो जसरी उनीहरूको समस्त दुःखको नाश हुन्छ, राम्ररी विचार गरेर त्यो तरिका मलाई कृपा गरेर बताउनुहोस् ॥१४॥*

*14. Oh! Lord! People in Earth are very weak of wisdom, power as well as in wealth and they die prematurely. Kindly suggest me the easiest way by which they could soon be alleviated from all such misfortunes.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीब्रह्मदेव उवाच ।
धन्योऽसि भो पुत्रक ! साधु पृष्ट-
न्त्वया समाकर्णय दत्तचित्तः ॥
एकं व्रतं दुर्लभमस्ति लोके
त्वयि प्रसादादधुना ब्रुवे तत् ॥१५॥

*श्रीब्रह्मदेवले भन्नुभयो-*

*हे बाबु नारद ! तिमीले मर्त्यलोकका दुःखीजनको कल्याणका लागि राम्रो कुरा सोध्यौ र यसो हुनाले तिमी धन्य पनि छौ । संसारमा अन्त कतै पनि नपाइने यौटा व्रत छ, तिम्रो परोपकारी भावना देखेर तिमीप्रति खुशी भएको हुँदा म आज त्यस व्रतको विधि तिमीलाई भन्दछु । यसलाई तिमी ध्यान दिएर सुन ॥१५॥*

***Brahamadev said :***

*15. Oh my beloved pupil ! Your thirst to alleviate poor creatures of Earth from all troubles is highly commendable. Thank you very much. As I know about your attitude towards goodness of others I would like to state you about an unique and for most fasting and its ways of practice. Listen attentively.*

श्रीसत्यनारायणदैवतं तत्
निःशेषदुःखैकविनाशहेतु ॥
सङ्कल्पसंसिद्धिकरं पवित्रं
संसारपाथोनिधिगाढसेतु ॥१६॥

*भगवान् श्री सत्यनारायणलाई नै परम देवता मान्ने त्यो व्रत नै प्राणिमात्रका सम्पूर्ण दुःखहरूको विनाश गर्ने एकमात्र उपाय हो । यसले आफ्ना मनले चिताएको कुरा सिद्ध गराउँछ, यो व्रत सबै व्रतहरूमा अत्यन्त पवित्र छ र संसाररूपी सागर सजिलैसँग तार्नको लागि यो व्रत यौटा बलियो पुल पनि हो ॥१६॥*

*16. This should be undertaken with the greatest regard that the Lord Satyanarayan* the God Supreme of all and this is the one and only way to liberate the earthly beings from misfortune. It will also fulfill one's all desires. It is the most sacred of all fastings and is also a very strong bridge to easily cross over the ocean of sorrow.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नारद उवाच ।
महाप्रभो ! भक्तजनैकबन्धो !
कदा कथं वा करणीयमेतत् ॥
पूर्वङ्कृतङ्केन च तीर्थपाद !
व्याचक्ष्व पद्मासन ! विस्तरेण ॥१७॥

*नारदले भने-*

*महाप्रभु ! पूज्यपाद ! हे कमलासन ब्रह्मदेव ! त्यो सत्यनारायणको व्रत कहिले र कसरी गर्नुपर्छ ? सबैभन्दा पहिले कसले गर्‍यो ? यो सबै कुरा म माथि कृपा गरेर विस्तारपूर्वक भन्नुहोस् ॥१७॥*

***Narad** said :*

*Oh, Mighty Lord and the most respected one, You who are seated on lotus bed, kindly state me how and when this fusting of Lord Satyanarayan should be performed? Who had undertaken this fasting for the first time?*

सूत उवाच ।
श्रुत्वा कृपासिन्धुरनाथनाथ-
स्त्रैलोक्यनाथस्तु मुनीन्द्रवाक्यम् ॥
मन्दस्मिताऽतीववलक्षयेत्त्थं
वाण्या मनोज्ञस्वरया बभाषे ॥१८॥

*सूतजीले भन्नुभयो-*

*यसप्रकारको नारद ऋषिको वचन सुनेर दयाका सागर,अनाथहरूका नाथ र तीनैलोकका स्वामी ब्रह्मदेवले मन्द मुस्कानले गर्दा चहकिलो र मीठो स्वर भएको बोलीका साथ यसप्रकार भन्नुभयो- ॥१८॥*

***Sutaji** said :*

*18. After hearing Narada's plea, Brahamadev, the Master of the three Worlds, the ocean of kindness and the lord of the helpless ones said the following with very bright and smiling face in gracious words as follows:*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीसत्यनारायणपादपद्मे
यदैव जायेत समुत्तरङ्गः ॥
श्रद्धाऽञ्चितो देवमुनेऽनुरागो
व्रतन्तदैवाऽऽशु नरो विदध्यात् ॥१९॥

*हे देवर्षि नारद ! जतिखेर मनुष्यका हृदयमा भगवान् श्रीसत्यनारायणको चरणकमलमा अत्यन्त भक्ति र श्रद्धापूर्ण प्रेमका तरङ्ग छचल्किन थाल्छन्, त्यही नै यस व्रतको शुभ मुहूर्त हो । त्यतिखेर नै मानिसले यो व्रत गरोस् ॥१९॥*

*19. Oh Celestial sage Narada, Listen to me. As and when the waves of love and devotion emerges into one's heart towards the Lord Satyanarayan's lotus feet, know that time as the opportune one to observe this fasting.*

श्रीसत्यनारायणदेवताकं
व्रतं यथाशक्तिधनं करिष्ये ॥
इत्थं प्रभाते कृतनित्यकृत्य-
स्सङ्कल्पयेद् वारिविसर्गपूर्वम् ॥२०॥

*"आफ्नो शक्ति र धन अनुसार म सत्यनारायण देवताको व्रत गर्नेछु" भनेर निश्चय गर्दै बिहान आफ्ना शौच स्नानादि नित्यकर्म सकेर सबैभन्दा पहिले जलको धारा चुहाउँदै व्रतको सङ्कल्प गर्नू ॥२०॥*

*20. One who would like to observe a religious fasting in honour of to Lord Satyanarayan, he is required to get up early in the morning and after having purified himself with fresh water, be mentally prepared to make a vow holding in his hands the holy water that "I will observe this religious fasting of Lord Satyanarayan as to the best of my physical strength and wealth.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ प्रदोषाऽपहरे प्रदोषे
स्नात्वा वसित्वा नववस्त्रयुग्मम् ॥
सन्मण्डलस्थायिविनायकादीन्
समर्च्य भक्त्या धनशाठ्यवर्जम् ॥२१॥

व्रती लसद्भक्तिरसार्द्रचेताः
मिताऽभिभाषी स्वहृषीकजेता ॥
पञ्चामृतस्नानपुरस्सरन्तं
श्रीसत्यनारायणमर्चयेत् सः ॥२२॥ (युग्मम्)

*यसपछि मनुष्यका ठूला ठूला दोष र पापहरू नष्ट गर्न सक्ने र रात्रिगत दोष अपहरण गर्ने प्रदोष अर्थात् सन्ध्याकाल (दिनको अन्तिम भाग) मा नुहाएर र नयाँ जोडा कपडा पहिरेर बसेका, भगवान्को भक्तिले हृदय रसिलो भएका, चाहिँदो मात्र बोल्ने र आफ्ना इन्द्रियमाथि विजय प्राप्त गर्ने व्रतालु मानिसले धनमा कञ्जुसी नगरी भक्तिपूर्वक मण्डलमा रहेका गणेश आदि देवताहरूको पूजा गरी पञ्चामृतको स्नान पूर्वक भगवान् सत्यनारायणको पनि पूजा गर्नू ॥२१-२२॥*

*21-22. Thereafter the person undertaking the fasting should wear a set of neat and clean dress after duly taking bath at dusk that cleans all sin, committed during night times as well as other big faults and sins of persons. Thus, being saturated in his depth of heart with the devotion of the lord the person should talk about only as necessary and then restoring peace of mind acquired by restrain over the sense organs would first worship Lord Ganesh along with other deities in the mandala and then worship Lord Satyanarayan with shower of nectar i.e, a mixture of milk, butter, sugar, honey and curd. (Couplet)*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गोधूमचूर्णं तदभावतो वा
सुशालिचूर्णं घृतभर्जितं सत् ॥
सशर्करं वा सगुडं सपादं
भक्त्या यथाशक्ति मुने! निवेद्य ॥२३॥

नीपाम्ररम्भादिफलानि रम्यं
पक्वान्नमत्युच्चमपूपमुख्यम् ॥
सुभक्ष्य-भोज्यादि भवेद् यदिष्टं
वृन्दादलाऽलङ्कृतमर्पयेत् तत् ॥२४॥ (युग्मम्)

*हे नारद ! चिनी वा सख्खर राखेको तथा घिउमा भुटेको गहुँको पीठो अथवा त्यो नभए राम्रो शालीधानको पीठो जे सुलभ हुन्छ, आफ्नो शक्ति, गच्छेअनुसार त्यसको एक किलो एक पाउ जति अपुङ्गो बनाई मुख्य नैवेद्यका रूपमा त्यो अपुङ्गो भक्तिपूर्वक भगवान्लाई चढाउनू, यसैगरी कदम, आँप र केराका फलहरूका साथै मनपर्दो, मीठो र खानलायक पक्वान्न (नैवेद्यविशेष) पनि तुलसी दल राखेर अर्पण गर्नू ॥२३-२४॥*

*23-24. Narada! Then prepare a sweet food made up of the mixture of sugar and fried wheat flour in ghee or grains or pure rice depending upon one's own ability and offer it with great love and devotion to your Lord. Similarly, offer some fruits like kadam, banana, mango and others along with tasty and consumable rich foodstuffs added with green leaves of Tulasi plant.*

ताम्बूलमेलादियुतं निवेद्य
प्रदक्षिणीकृत्य च तम्प्रणम्य ॥
समित्रबन्धुःस्वजनः स्थिरात्मा
कथामथाऽयं श्रृणुयाद् बुधाऽऽस्याद् ॥२५॥

*यसपछि भगवान् सत्यनारायणलाई अलैंची ल्वाङ, सुकमेल आदिका साथ ताम्बूल (पानसुपारी आदि) चढाएर, प्रदक्षिणा गरी नमस्कार गरेर त्यस व्रतालु व्यक्तिले मित्र,बन्धु र आफन्तका साथ स्थिर चित्त भएर पण्डितका मुखबाट कथा सुनोस् ॥२५॥*

*25. Then, after offering your Lord with spices - - the cloves, cardamom and like other spices (betel nuts) with great respect, walk around the idol of the Lord with folded hands and then listen with patience the character of the Lord recited by the pundits amidst the relatives and friends.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पीत्वाऽथ पादोदकमस्य पुण्य-
मादाय नैवेद्यमघौघनाशि ॥
श्रीसत्यदेवं विनिधाय चित्ते
स्वं स्वं गृहं भक्तजना व्रजेयुः ॥२६॥

*यसपछि भगवान् सत्यनारायणको पवित्र चरणोदक पान गरेर तथा पूजा-कथा सकिएपछि समस्त पापनाश गर्ने नैवेद्य लिएर मात्र मनले निरन्तर श्रीसत्यनारायणको स्मरण गर्दै भक्तजनहरू आ-आफ्ना घर जाऊन् ॥२६॥*

*26. Devotees shall return to their homes contemplating about the great character of their Lord after the end of the story by taking sprinkle of holy water coming out of washing the Lord's lotus feet as gift of God which destroys all their sins.*

प्रसाद्य विद्वांसमथो विसृज्य
व्रती तु भुक्त्वा स्वजनैः समेतः ॥
सुनृत्य-गीतादि विधाय रात्रौ
निद्रां परित्यज्य भजेत सत्यम् ॥२७॥

*यसपछि व्रतालु व्यक्तिले पण्डितलाई प्रसन्न पारेर बिदा गरोस् अनि आफन्तहरूका साथमा जलप्रसाद ग्रहण गरेर निद्रालाई त्यागी रातभरी जागराम बसी नाच र कीर्तन आदि गरी सत्यनारायणलाई भजोस् ॥२७॥*

*27. Then the person observing the fasting should make the pundit satisfied with money and goods and bid him farewell and pass the whole night happily chanting the names of the Lord and dancing and enjoying the whole night together with the relatives and friends.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

होमं विधायाऽथ दिने स्वभक्त्या
पक्वैस्तथान्नैरतिदर्शनीयैः ॥
सव्यञ्जनैर्नारद ! तर्पयित्वा
सदक्षिणान् विप्रवरान् नमेत् सः ॥२८॥

*हे नारद ! यसपछि (अर्को) दिन व्रतालु व्यक्तिले भक्तिका साथ होम गरेर, अनेक किसिमका व्यञ्जनहरूका साथ देख्दैमा राम्रा पक्वानहरूले ब्राह्मणहरूलाई तृप्त गराई उनलाई दक्षिणा समेत दिएर नमस्कार गरी बिदा गरोस् ॥२८॥*

*28. The next day, the person taking fasting should perform an oblation to Fire God with small wooden pieces and bid warm farewell to pundits after making them satisfied with rich and nutritious foods and giving enough remuneration as reward.*

सत्यव्रतं यत् कुरुते महर्षे !
भक्त्येत्थमेनांसि विधूय सद्यः ॥
मनोरथानामधिगम्य सिद्धिं
वैकुण्ठवासी स भवेन्नरोऽन्ते ॥२९॥

*हे देवर्षि नारद ! जो मानिस यसरी भक्तिका साथ सत्यनारायणको व्रत गर्छ, त्यो मानिस आफ्ना सबै पापहरू पन्छाएर र इच्छासिद्धि भएर अन्त्यमा वैकुण्ठवासी हुन्छ ॥२९॥*

*29. Narada, be sure that a person who observes a religious fasting in this way with sincere love and devotion to Lord Satyanarayan, will certainly have fulfilled all his desires, alleviate himself from all evils and finally rest in the abode of god.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऋषे ! समाकर्णय येन पूर्व-
ङ्कृतं व्रतं पुण्यमिदं विधाय ॥
सर्वाणि दुःखानि विहाय तूर्णं
भोगाँश्च भुक्त्वाऽधिगता विमुक्तिः ॥३०॥

*हे देवर्षि ! जसले यो व्रत पहिले गऱ्यो र यो व्रत गर्नासाथै सम्पूर्ण दुःखहरूबाट मुक्त भई संसारिक भोगहरू भोगेर (अन्त्यमा) मुक्तिपद पनि प्राप्त गऱ्यो, त्यो सबै कथा पनि तिमीलाई सुनाउँछु सुन ॥३०॥*

*30. Therefore, Narada, now I am going to tell you the whole content of the story about the person who first observed this religious fasting, cleaned off his sins and enjoyed pleasures of the material world and finally got liberation.*

श्रीविश्वनाथम्भुवनैकनाथं
दृष्ट्वा नरो यत्र विशुद्धिमेति ॥
मृत्वाऽथ कैवल्यमुपैति काश्या-
न्तत्राऽभवत् कश्चन भूमिदेवः ॥३१॥

*जगत्का यौटा मात्र नाथ श्रीविश्वनाथको दर्शनले मात्र पनि मानिस शुद्ध हुन्छ र मरेपछि पनि उसले कैवल्यमुक्ति पाउँछ, त्यसप्रकारको पवित्र काशी-नगरीमा उहिले कुनै यौटा ब्राह्मण थिए ॥३१॥*

*31. Long long ago, there lived a Brahmin in the city of Kashi where Lord Bishwanath (Master of this universe) is situated. It is believed that a man instantly purifies himself from all his sins and get final liberation even with the sight of the Lord for a second.*

कुटुम्बवान् वृद्धतरो दरिद्रो
बभ्राम भिक्षार्थमसौ सदैव ॥
तमेकदा विप्रतनुं विधाय
श्रीसत्यदेवः कृपयेत्युवाच ॥३२॥

*आफ्ना जहान परिवारले घेरिएका ती बुढा र गरीब ब्राह्मण सधैंभरि भिक्षाको लागि यत्र तत्र घुम्थे । कुनै दिन तिनका अगाडि त्यस्तै ब्राह्मणको वेषधारण गरेका सत्यनारायण भगवान् स्वयं प्रकट भएर दयापूर्वक ती ब्राह्मणलाई भन्नुभयो ॥३२॥*

*32. With a large family, the old poor Brahamin had to wander always from one place to another in course of begging alms. One day, Lord Satyanarayan suddenly appeared before him wearing a Brahamin's dress and said:*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

कोऽसीह नित्यं श्रृणु वृद्ध ! कस्मा-
दितस्ततः सम्भ्रमणं तवाऽस्ति ॥
स्वान्तः स्थितामार्य! विहाय लज्जां
निःशेषमाख्याहि मुदा मदग्रे ॥३३॥

*हे वृद्ध ब्राह्मण ! तिमी को हौ ? किन तिमी यहाँ यताउती घुम्दैछौ ? हे सज्जन व्यक्ति ! आफ्नो संकोचलाई त्याग गरेर मेरा अगाडि खुशीले आफ्ना मनमा लागेका कुरा भन ॥३३॥*

*Oh! You old Brahamin! Who are you? Why are you wandering about here and there? Please tell me without any embarrassment all about your problems.*

**श्रीब्रह्मदेव उवाच ।**

पृच्छन्तमागत्य यदृच्छया तं
विप्रं स विप्रो निजगाद सत्यम् ॥
विप्रः कुटुम्बी भगवन् ! दरिद्रो
भ्रमामि भिक्षार्थमितस्ततोऽहम् ॥३४॥

*श्रीब्रह्मदेवले भन्नुभयो-*

*आफूखुशी आएर प्रश्न गर्ने ब्राह्मण रूपधारी श्रीसत्यनारायण भगवान्लाई ती वृद्ध ब्राह्मणले भने- 'हे भगवन् ! ठूलो जहान परिवार भएको म एउटा दरिद्र ब्राह्मण हुँ । भिक्षाको लागि नै यताउती घुम्छु ॥३४॥*

*34. The old Brahmin humbly replied to the Lord Satyanarayan dressed as a Brahamin: Oh Lord I am a poor Brahmin with a large family. So, I travel here and there for collecting alms.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मदीयदारिद्र्यविनाशहेतुं
जानासि चेद् ब्रूहि तदार्यवर्य ॥
श्रुत्वेति चोक्त्वा सविधि व्रतन्तत्
सोऽन्तर्दधे विप्रतनुस्तदैव ॥३५॥

*'हे सज्जनहरूमा श्रेष्ठ ब्राह्मण ! मेरो दरिद्रता नाश गर्ने कुनै कारण जान्नुहुन्छ भने भन्नुहवस्' ती वृद्ध र दरिद्र ब्राह्मणको कुरा सुनेर र तिनलाई विधिपूर्वक त्यस व्रतको अनुष्ठानविधि भनेर ब्राह्मण रूपधारी सत्यनारायण त्यसै बखत अदृश्य हुनुभयो ॥३५॥*

*35. Oh! The most respected one amongst the Brahamin, please tell me about the way, which alleviates my poverty.*

*Hearing such a plea of that old and poor Brahmin, Lord Satyanarayan stated him the entire rule of observing the fasting and instantly disappeared from there.*

ततस्तदासक्तमनास्स विप्रो
रात्रावनिद्रोऽथ विभातकाले ॥
व्रतङ्करिष्येऽद्य तदित्त्यमुच्चैः
सङ्कल्प्य भिक्षार्थमगात् स्वगेहात् ॥३६॥

*त्यसपछि त्यो व्रतमा मन लगाएका ती दरिद्र ब्राह्मणलाई रातमा पनि निद्रा परेन । भोलिपल्ट बिहानै 'आज म ती ब्राह्मणले बताएअनुसार सत्यनारायणको व्रत गर्नेछु, भनेर संकल्प गरी भिक्षाको लागि उनी आफ्नो घरबाट हिंडे ॥३६॥*

*36. Due to his deep motivation to make a religious fasting as told by Brahamin he lost his sleep the whole night. Next day, he left his home early in the morning for begging alms is concentrating his mind fully on the fasting of the Lord as told by that Brahamin.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तस्मिन् दिने भूरि धनं स लब्ध्वा
बन्धून् समाहूय सभक्तिभावम् ॥
श्रीसत्यदेवञ्च समर्च्य साय-
न्तस्य प्रसादादभवद्धनाढ्यः ॥३७॥

*त्यस दिन ती दरिद्र ब्राह्मणले धेरै नै धन पाए । अनि आफ्ना दाजुभाइलाई बोलाएर भक्तिभावका साथ सायंकालमा सत्यनारायणको पूजा गरी सत्यनारायणको प्रसाद ग्रहण गरेपछि तिनी क्रमशः धनाढ्य हुँदै गए ॥३७॥*

*37. That day the poor Brahamin received wealth in abundance. In the evening he invited his relatives and worshipped Lord Satyanarayan and took blessings. Day by day he began growing rich.*

विधाय भक्त्या प्रतिमासमेतद्
व्रतं महोच्चानि सुखानि भुक्त्वा ॥
प्रापाऽन्तकाले परमं पदं स
श्रीसत्यनारायणसम्प्रसादात् ॥३८॥

*ती वृद्ध ब्राह्मणले त्यसपछि प्रत्येक महिना भक्तिपूर्वक यो श्रीसत्यनारायणको व्रत गर्दै ठूला ठूला सुखभोग गरे र अन्त्यमा श्रीसत्यनारायणको प्रसादले परमपद अर्थात् मोक्ष पनि प्राप्त गरे ॥३८॥*

*38. Then he began observing religious fasting of Lord Satyanarayan every month with great devotion and enjoyed great pleasures and blissfullness. Then he finally acquired salvation with the grace of the Lord.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यदा त्वमप्यस्य मनुष्यलोके
मुनेऽकरिष्यो विधिवत्प्रकाशम् ॥
तदा मनुष्योऽन्वभविष्यदुच्चैः
परं सुखं दुःखभरं विधूय ॥३९॥

*हे देवर्षि नारद ! जब तिमी पनि मनुष्यलोकमा गएर विधिपूर्वक यस सत्यनारायणव्रतको प्रचारप्रसार गर्नेछौ, त्यसबखत त्यहाँका मनुष्यहरूले पनि आफ्ना सङ्कष्टहरूलाई पन्छाएर सबै सुखभोग गरी अन्त्यमा परमसुख (मोक्ष) को अनुभव गर्नेछन् ॥३९॥*

*39. Oh celestial sage Narada! You go back to earth and tell this story there. By this the people in Earth will have ended their hardships and misfortunes, restore peace and happiness and acquire emancipation from all troubles.*

मयाऽर्कशुक्राऽग्नि-यमेन्द्र-पाशभृत्-
कुबेरमुख्यैरमरैर्महर्षिभिः ॥
व्रतोत्तमस्याऽस्य मुने! प्रभावतः
प्रभुत्वमेतत् समवाप्तमञ्जसा ॥४०॥

*हे देवर्षि नारद ! यस सत्यनारायणव्रतको प्रभावले नै मैले पनि सूर्य, शुक्र, अग्नि, यम, इन्द्र, वरुण, कुवेर आदि देवता र महर्षिहरूबाट सजिलैसँग यो प्रभुता अर्थात् ब्रह्मासन प्राप्त गरें ॥४०॥*

*40. Oh famous sage Narada! Know that, the reason behind my acquiring of such a supreme abode as Brahmalok from Surya (Sun), Shukra (Venus), Agni (Fire) Yama (The God of Death), Indra (The King of the Gods), Varun (The God of Fire), Kuber (The God of Wealth) and the other leading saints was the effect of my observing Lord Satyanarayan's worship.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूत उवाच ।

ऋषे ! पुनर्नारदमित्थमुक्त्वा
जग्राह मौनम्भुवनैकनाथः ॥
मयाऽपि तुभ्यं मुनिभिर्वृताय
निवेदितन्तत् किमथो ब्रवीमि ॥४१॥

*सूतजीले भन्नुभयो-*

*हे शौनक ऋषि ! फेरि पनि आफ्ना छोरा नारदलाई यसप्रकार सत्यनारायणको व्रतको विधि वर्णन गरेर जगत्का एकमात्र नाथ ब्रह्मा चुप लागे । ऋषिहरूले घेरिएका तिमी (शौनक) लाई मैले पनि त्यो व्रत र त्यसको विधि बताएँ । यसपछि म के भनूँ ? ॥४१॥*

***Sutaji mentions:***

*41. Oh Shaunak! The one and only master of this universe Lord Brahma remained quiet after explaining to his pupil Narada the ways of observing the religious fasting of Lord Satyanarayan. I have narrated here the same story to you crowded by with many saints. Is there anything more to explain further?*

इति श्रीसत्यनारायणकथामृते
प्रथमः सर्गः समाप्तः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# अथ द्वितीयः सर्गः

श्रुत्वाऽथैनां सत्कथां सूतवक्त्रात्
तुष्टात्माऽसौ शौनकाऽऽख्यो महर्षिः ॥
भूयोऽवोचत् प्राञ्जलिर्ब्रूहि विद्वन् !
तस्मात् पश्चात् केन चीर्णं व्रतन्तत् ॥१॥

*यसपछि सूतजीको मुखबाट यस्तो सुन्दर कथा सुनेर मन प्रसन्न भएका ती महर्षि शौनकले अञ्जलि बाँधेर फेरि भने- हे विद्वान् सूतजी ! त्यसपछि त्यो सत्यनारायणको व्रत कसले गऱ्यो, भन्नुहोस् ॥१॥*

*1. After hearing such a beautiful story from Sutaji, Shaunak became very happy and asked Sutaji again: Oh learned Sutaji! now kindly tell me about the person who then observed this religious vow?*

प्रोवाचाऽथो सूत आकर्णयेत्थं
भूयः पृष्टो नारदेनाऽब्जभूर्यत् ॥
तम्प्रत्यूचे तन्महर्षे ! ब्रवीमि
श्रद्धा यस्मात् तेऽस्ति सत्यव्रतेऽस्मिन् ॥२॥

*सूतजीले भन्नुभयो- हे महर्षि शौनक ! उहिले नारदद्वारा सोधिएका ब्रह्माले नारदलाई जे जे भन्नुभयो, त्यो सबै कुरा म पनि भन्दछु, सुन किनकि यस सत्यनारायणव्रतमा तिम्रो पनि श्रद्धा जागेछ ॥२॥*

*2. **Sutaji** said: Oh, great saint Shaunak! Listen to me. I will narrate you the same story, which in earlier time Brahma had told to Narada. Because I found you much eager to learn more about it.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूत उवाच ।
अथो मुनिर्विश्वसृजं समूचे
ततः प्रभो ! केन कृतं व्रतं तत् ॥
श्रुत्वेति तं सोऽपि जगाद भूयः
श्रुणु त्वमेकाग्रमना महर्षे ! ॥३॥

*सूतजीले भन्नुभयो-*

*यसपछि नारदमुनिले ब्रह्मालाई भन्नुभयो- हे प्रभु ! त्यसपछि त्यो सत्यनारायणको व्रत कसले गऱ्यो ? यो नारदको कुरा सुनेर ब्रह्माले पनि फेरि सत्यनारायणको बाँकी कथा भन्नुभयो । हे शौनक ! तिमी पनि एकचित्त भएर त्यो कथा सुन ॥३॥*

*Sutaji further explained:*

*3. Then Narada asked Brahma: Oh Lord who observed this religious fasting thereafter? At the request of Narada Brahma began to explain the rest of the story.*

*Shaunak, you also are requested to listen to it attentively.*

स एव विप्रोऽतिमहानुभावो
व्रती कदाचित् प्रमदात् प्रदोषे ॥
श्रीसत्यदेवाऽर्चनदत्तचित्तो
गृहाङ्गणे बन्धुभिरावृतोऽभूत् ॥४॥

*अत्यन्त प्रभावशाली भएका ती काशीवासी ब्राह्मण कुनै दिन साँझमा आफ्ना दाजभाइहरूका साथ आँगनमा खुशीपूर्वक सत्यनारायणको पूजा गर्न लागिरहेका थिए ॥४॥*

*4. The Brahmin who had been living in the city of Kashi and had become most influential and prosperous, was one day performing the worship of the Lord Satyanarayan at his courtyard together with his brothers and relatives.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

तदैव दैवादगमद् दरिद्रः
काष्ठोपजीवी खलु तत्र कश्चित् ॥
द्वार्येव संस्थाप्य स काष्ठभार-
न्तृषाकुलः प्राविशदस्य सद्म ॥५॥

*त्यस पूजाको बेलामा दैववश कुनै यौटा काठ बेच्ने दरिद्र (दाउरे) मानिस त्यहाँ आइपुग्यो र तिर्खाले आत्तिएको त्यो व्यक्ति ढोकामा नै काठको भारी राखेर ब्राह्मणको घरभित्र पस्यो ॥५॥*

*5. About the same time there arrived coincidentally a poor wood-cutter. He put out his bundle of woods from his head and placed it by the door side and entered straight into the Brahamin's house to quench his thirst.*

तथाविधं तं स विलोक्य विप्रं
नत्वा मुदोवाच विधीयते किम् ॥
अस्मिन् कृते किं फलमाप्यते वा
सविस्तरं ब्रूहि महीसुरेन्द्र ! ॥६॥

*त्यसप्रकार पूजामा लागेका ती व्रतालु ब्राह्मणलाई देखेर त्यो काठ बेच्ने मानिसले खुशी हुँदै ती ब्राह्मणलाई नमस्कार गरेर भन्यो- हे ब्राह्मणजी ! यो कसको पूजा गर्दै हुनुहुन्छ ? यो गरेर के फल पाइन्छ ? विस्तारसाथ भन्नुहोस् ॥६॥*

*6. He offered salutation to the Brahmin who was busy worshiping and asked him whom he was worshiping and what for? He further enquired about the end result of such endeavour all about in detail.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विप्रः समाकर्ण्य तथाविधाङ्गा-
न्तथाविधस्याऽपि नरस्य तस्य ॥
कुर्वन् गृहाऽभ्यन्तरमेव शुभ्रं
प्रसन्नवक्त्रेन्दुरुचा जगाद ॥७॥

*त्यस गरीब काठ बेच्ने मानिसको त्यो कुरा सुनेर ती व्रतालु ब्राह्मणले पनि चन्द्रमा जस्तो हँसिलो मुखको कान्तिले आफ्नो घरको भित्रीभाग नै उज्यालो पार्दै भने- ॥७॥*

*7. Hearing such words from the wood-cutter, the Brahmin observing the religious fasting replied him smiling with a moon-liked brilliant face the flash of which illuminated all the interior parts of his house.*

ययाऽऽप्यते भूरि धनञ्च धान्यं
नीरोगता सन्ततिरर्थसिद्धिः ॥
मया व्रताढ्येन विधीयते सा
श्रीसत्यनारायणदेवपूजा ॥८॥

*जुन पूजा गर्नाले धेरै धेरै धनधान्य, स्वास्थ्य लाभ, सन्तान र आफ्नो समेत उद्देश्य पूर्ति हुन्छ, नित्य व्रतालु भएको म आज त्यही श्रीसत्यनारायण देवताको पूजा गर्दैछु ॥८॥*

*8. Regularly till today too, I am worshiping Lord Satyanarayan whose blessings would soon result in wealth, fortune, good health, sons and daughters and fulfill all desires.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मयाऽभवद्दृष्टचरेण पूर्वं
सर्वं महैश्वर्यमवाप्तमस्याः ॥
यदीच्छसि स्थायिधनादिसौख्यं
त्वयाऽप्यसौ तद्व्रतिना विधेया ॥९॥

*तिमीले मलाई उहिले निर्धन अवस्थामा देखेका थियौ तर अहिले सत्यनारायणको पूजाका प्रभावले मैले ठूलो ऐश्वर्य प्राप्त गरें । यदि तिमी पनि स्थायी धनसम्पत्ति र दिगो सुख आदि चाहन्छौ भने यी सत्यनाराणको व्रत र पूजा अवश्य नै गर ॥९॥*

*9. Earlier, I, too, was a poor fellow but today I have become very rich by the grace of Lord Satyanarayan. If you also are desirous of getting a lot of wealth and happiness, you must certainly perform the fasting & worship Lord Satyanarayan.*

**श्रीब्रह्मदेव उवाच ॥**

विधिं समाकर्ण्य स काष्ठजीवी
पीत्वा जलं मूर्द्धगकाष्ठभारः ॥
ययौ धनाऽऽढ्यालयवीथिकान्त-
ङ्काष्ठस्य मूल्यं द्विगुणं तदाप ॥१०॥

*श्री ब्रह्मदेवले भन्नुभयो-*

*ती काशीवासी व्रतालु ब्राह्मणबाट श्रीसत्यनारायण देवताको पूजाविधि सुनेर र पानी खाएपछि त्यो काठ बेच्ने मानिस आफ्नो काठको भारी टाउकामा राखेर धनी धनी मानिसहरूका घर भएका सडकतिर पस्यो । त्यस दिन उसले काठको मोल पनि पहिलेभन्दा दोब्बर पायो ॥१०॥*

***Brahmadev went on saying:***

*10. After hearing the details about the manner of worshiping Lord Satyanarayan and have relinquished his thirst, the wood-cutter put again the bundle of fire-wood on his head and went towards the city where rich people had their residences. That day, he sold the fire-woods at a price two-times more than the other days.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तन्मूल्यवित्तेन स सत्यदेव-
मानीतया संविधया समर्च्य ॥
धनी सुभोगानुपभुज्य गुर्वी
विस्तार्य कीर्तिं समवाप मोक्षम् ॥११॥

*त्यस दाउरेले काठ बेचेर दोब्बर मोल पाएको पैसाले पसलबाट किनेर ल्याएका सामग्रीले श्रीसत्यनारायणको पूजा गरेपछि आफू पनि धनी भयो। जीवनभरि ठूला ठूला सुख भोगेर र ठूलो कीर्ति पनि फैलाएर अन्त्यमा उसले मोक्ष पनि पायो ॥११॥*

***11. The money he earned from the selling of the fire-woods was used to buy goods to worship Lord Satyanarayan because of which he soon became very rich. Then he passed his rest of life in plenty spreading his fame, and finally he acquired liberation.***

इति श्रीसत्यनारायणकथामृते
द्वितीयः सर्गः समाप्तः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# अथ तृतीयः सर्गः

**सूत उवाच ॥**

महामुने ! शौनक ! शृण्वथाऽन्यद्
भूयो यथोक्तो विधिना महर्षिः ॥
यतोऽसि नारायणसत्कथाया-
मतीवलुब्धः परमार्थनिष्ठः ॥१॥

*सूतजीले भन्नुभयो-*

*हे महर्षि शौनक ! ब्रह्माले नारदमुनिलाई अरु जे जे कुरा भन्नुभयो, फेरि त्यो पनि सबै सुन किनकि तिमी श्रीसत्यनारायण देवताको सुन्दर कथामा लोभिएका र परमार्थमा लागेका पनि छौ ॥१॥*

***Sutaji** said:*

*1. Oh! great saint Shaunak! Listen what Brahmadev had furthermore told to Narada about it because you have shown a great interest to hear this beautiful story of Lord Satyanarayan and have committed yourself to acquire salvation.*

श्रीब्रह्मदेवोऽच्युतलग्नचेताः
स्वयं मुनिं प्रत्यवदत् प्रमोदात् ॥
पुनर्मुने ! नारद ! श्रृण्वथैका-
मन्यां कथां प्रीतमना वदामि ॥२॥

*सत्यनारायण देवतामा चित्त लगाएका श्रीब्रह्मदेव आफैंले खुशीका साथ देवर्षि नारदलाई भन्नुभयो- हे देवर्षि नारद ! फेरि यौटा अर्को कथा पनि सुन ! किनकि म प्रसन्न मनले तिमीलाई यो कथा भन्दछु ॥२॥*

*2. Brahmadev who himself was devoted to Lord Satyanarayan told Narada in a very pleasant mood: Oh Celestial sage Narada! Listen one more story in this regard.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रजैकभर्ता सुकृतैककर्ता
देवद्विजार्चैकमना यशस्वी ॥
जितेन्द्रियः शूरतरोऽतिविद्वान्-
उल्कामुखो नाम बभूव भूपः ॥३॥

*प्रजाहरूको पालन र पुण्यकर्महरू गर्ने, देवता र ब्राह्मणहरूको पूजामा मात्र मन लगाउने, कीर्तिशाली, जितेन्द्रिय, शूरा र अत्यन्त विद्वान् 'उल्कामुख' नाम गरेका कुनै राजा भए ॥३॥*

*3. There was a virtuous, brave, learned and famous king named Ulkamukh. He had a great affection towards his subjects, always prepared to give respect to Gods and Brahmins and was involved to their worshipings.*

स भद्रशीलां निजधर्मपत्नीं
सेनां समादाय चतुर्विधाञ्च ॥
भक्त्या कदाचिद् विदधे व्रताढ्यः
श्रीसत्यदेवस्य नदीतटेऽर्चाम् ॥४॥

*ती उल्कामुख नामका प्रतापी राजाले कुनै समयमा आफ्नी धर्मपत्नी भद्रशीलाका साथ हात्ती, घोडा, रथ र पैदल समेत चार प्रकारका सेना लिएर नदीको तीरमा गएर व्रतालु बनी भक्तिपूर्वक सत्यनारायण देवताको पूजा गर्न लागेका थिए ॥४॥*

*4. One day the King and his Queen Bhadrashila accompanied by host of all types of troops (elephants, horses, chariots and foot soldiers) was gathered at a river bank to perform worship of Lord Satyanarayan with great devotion.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देशान्तराणि क्रयविक्रयार्थं
शनैर्व्रजिष्यँस्तरणीसमेतः ॥
अत्राऽन्तरे तत्र च साधुनामा
वैश्योत्तमो दैववशाज्जगाम ॥५॥

*त्यसै समयमा किनबेच (व्यापार)- को कामको लागि डुँगाका साथ क्रमशः यौटा देशबाट अर्को देशमा घुम्ने कुनै यौटा 'साधु' नामका वैश्य (व्यापारी) भाग्यवश राजाले श्रीसत्यनारायणको पूजा गर्न लागेको त्यसै नदीको तीरमा पुगे ॥५॥*

*5. At the place where the king was performing worship a businessman named Sadhu who used to visit one country after another sailing his boat suddenly arrived there.*

श्रुत्वा रावं शङ्ख-घण्टादिकानां
वीक्ष्याऽश्वेभस्यन्दनान् भूपभृत्यान् ॥
गत्वा ज्ञात्वा भूमिपालं प्रणम्य
प्रोवाचाऽसौ कुर्वते किं भवन्तः ॥६॥

*त्यहाँ पूजामा बजाइएका शङ्ख, घण्टा आदिको आवाज सुनेर र त्यहाँ ठूला ठूला हात्ती, रथ र नोकरचाकरहरू पनि देखेर उनलाई राजा भन्ने जानेर ती साधुले नजिक गएर उनलाई प्रणाम गर्दै भने- तपाईं यो के गर्दै हुनुहुन्छ ? ॥६॥*

*6. As he heard the voices of blowing conch and ringing bells and saw a large number of elephants, horses and servants gathered at that place, he knew the person worshipping to be a King. Then Sadhu approached the King, paid his salutations and enquired about what the King was doing here?*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भूपालोऽसावर्यवर्यं निरूप्य
स्वाऽभ्यर्णस्थं सादरं तं जगाद ॥
श्रीमन् ! एतां सत्यदेवस्य पूजां
भक्त्या कुर्वे पुत्र-पौत्राऽऽदिसिद्ध्यै ॥७॥

*ती उल्कामुख राजाले पनि आफ्नो अगाडि आइबसेका ती साधु नामका ठूला वैश्यलाई घोरिएर हेर्दै आदरका साथ भने- श्रीमान् ! छोरा, नाति, धनसम्पत्ति र ऐश्वर्य आदि पाउनका निमित्त म भक्तिपूर्वक यो श्रीसत्यनारायणको पूजा गर्दैछु ॥७॥*

*7. King Ulkamakh also gazed at the Sadhu seated in front of him and said respectfully that he was worshipping Lord Satyanarayan with the hope of getting wealth and big fortune as well as large family of sons and grandsons.*

शक्तिं ज्ञात्वा सत्यदेवाऽर्हणायाः
दृष्ट्वा श्रुत्वा तद्विधिं भूपवक्त्रात् ॥
तत्तद्देशे स क्रयं विक्रयं वा
कृत्वा प्राप स्वं पुरं नाम रत्नम् ॥८॥

*यसप्रकार सत्यनारायण देवताका पूजाको शक्ति जानेर र उल्कामुख राजाको मुखबाट त्यस पूजाको विधि सुनेर र गरेको पनि देखेर ती साधु त्यो देशमा व्यापारको काम सिध्याएर 'रत्नपुर' नाम गरेको आफ्नो शहरमा पुगे ॥८॥*

*8. When Sadhu came to know the result of worshiping Lord Satyanarayan he got some instructions from King Ulkamukh about the methods of performing the worship and left for his town Ratnanagar after completing his business mission there.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साध्वीमुख्यान्धर्मपत्नीं शुशीला-
ञ्चख्यौ प्रीत्या नाम लीलावतीं सः ॥
सद्यात्रायां दैवतोऽस्यां मयाऽऽप्तं
कान्तेऽत्यन्तं दुर्लभं वस्तु किञ्चित् ॥९॥

*आफ्नो शहरमा पुगेका ती साधुले सुशील र श्रेष्ठ पतिव्रतामध्ये गनिएकी लीलावती नामकी आफ्नी धर्मपत्नीलाई भने- हे सुन्दरी ! यसपालिको यो किनबेच (व्यापार) को यात्रामा मैले कहीं नपाइने अत्यन्त दुर्लभ एउटा कुरा थाहा पाएँ ॥९॥*

*9. Arriving at his home, he told his wife Lilawati-- a woman famous for her fidelity and graceful manners. Oh you the most beautiful woman! During this business trip of mine, I came to know about the most valuable thing rarely available in other places.*

पप्रच्छाऽतो किं ! किमित्येव सा तं
तामूचेऽसौ सत्यदेवव्रतं तत् ॥
तस्य स्वामिन् ! किंफलो वाञ्छितोऽर्थः
कर्तव्यन्तत् सन्ततौ साध्वि ! सत्याम् ॥१०॥

*त्यसपछि ती लीलावतीले पतिलाई सोधिन्- तपाईंले त्यस्तो दुर्लभ कुरा के थाहा पाउनुभयो ? अनि साधुले लीलावतीलाई भने- त्यो दुर्लभ वस्तु भनेको श्रीसत्यनारायणको व्रत हो । फेरि लीलावतीले सोधिन्- स्वामी ! यो व्रतले इच्छा गरिएका कुराको कस्तो फल दिन्छ ? फेरि साधुले भने- हे पतिव्रता ! सन्तान भएपछि हामीले पनि त्यो व्रत गर्नुपर्छ ॥१०॥*

*10. Then Lilawati asked: What could be such a rare thing? Sadhu told that rarity was nothing but to observe a religious fasting in honour of Lord Satyanarayan. Lilawati further added: My dear husband! What advantage will we have by observing such religious fasting? Sadhu told that we must observe this fasting after we had a child.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**श्रीब्रह्मदेव उवाच ॥**

अन्तर्वत्नी सत्यदेवप्रसादात्
जाता साध्वी मङ्क्षु लीलावती सा ॥
प्रासूताऽथो कन्यकां पङ्कजाक्षी
चक्रे साधुर्जातकर्मादि तस्याः ॥११॥

*श्री ब्रह्मदेवले भन्नुभयो-*

*यसपछि सत्यनारायणका प्रसादले सुन्दर आँखा भएकी ती साधु बनियाकी पतिव्रता पत्नी लीलावती चाँडै नै गर्भवती भइन् र उनले एउटी छोरी पनि पाइन् । साधुले पनि ती कन्याको न्वारान आदि सम्पूर्ण संस्कार गरिदिए ॥११॥*

***Brahmadev said:***

*11. Lilawati, Sadhu's virtuous having with beautiful eyes because of the effect of Lord Satyanarayan's grace, soon became pregnant and gave birth to a daughter. Sadhu performed the girl-child's birth ritual.*

युवेन्दुवक्त्रशोभिनी
नवेन्दुसत्कलेव सा ॥
प्रतिक्षणङ्कुमारिका
यतः स्म वर्धते भृशम् ॥१२॥

*पूर्णचन्द्र जस्तै सुन्दर मुख र भर्खर उदाउँदाका चन्द्रमा जस्तै सुन्दर जिउडाल भएकी ती कुमारी शुक्लपक्षका चन्द्रमाको कलाझैं प्रतिदिन बढ्दै गइन् ॥१२॥*

*12. The girl child with her moon like tender and glittering face and pretty physique grew like the moon.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अतः स तत्पिता
प्रसन्नमानसः स्वबन्धुभिः ॥
विमृश्य सम्यगाख्यया
चकार तां कलावतीम् ॥१३॥

*यसपछि ती कन्याका पिता साधु (बनिया) ले मन खुशी गरेर र दाजुभाइहरूसँग राम्ररी विचार पनि गरेर ती कन्याको नाम 'कलावती' राखे ॥१३॥*

*13. Sadhu Baniya (the trader) gave his daughter the name of Kalawati (a beautiful girl) after consulting with his brothers and relatives.*

लीलाविलासाऽवसरे सुशीला
लीलावती चञ्चलकुन्तला सा ॥
तदा कदाचिद् दयितं सुदक्ष-
ञ्जगाद दीनेव सुमन्दमन्दम् ॥१४॥

*त्यस समयमा नै लीलापूर्वकको विलासको अवसर पारेर चञ्चल केश भएकी सुशीला लीलावतीले आफू दुःखी जस्तै बनेर आफ्ना योग्य पतिलाई बिस्तारै बिस्तारै भनिन् ॥१४॥*

*14. Lilawati, blurring her beautiful hair that intensifies a dense atmosphere of merry-making asked her husband somewhat in a low tone as if she is impassionate to get his love.*

त्वया प्रतिज्ञातमभीष्टदातृ
श्रीसत्यदेवस्य परं व्रतं यत् ॥
सत्यान्तदस्यामपि कन्यकायां
भक्त्या प्रभो ! नाऽऽशु विधीयते किम् ॥१५॥

*हे स्वामी ! यो छोरी जन्मेर पनि तपाईंद्वारा कबोल गरिएको र इच्छाएको दिने श्रीसत्यनारायणको त्यो उत्कृष्ट व्रत भक्तिपूर्वक चाँडै किन गर्नुहुन्न ?॥१५॥*

*15. Oh! My master! Why don't you observe the desire-fulfilling ceremonial vow of Lord Satyanarayan as promised by you?*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रुत्वेति सत्येव सुताविवाहे
प्रिये ! करिष्येऽहमिदं स ऊचे ॥
गत्वा विपण्याञ्च ददर्श कन्यां
यान्तीं कदाचित् क्वचिदालिवर्गे ॥१६॥

*लीलावतीको यस्तो कुरा सुनेर ती साधु बनियाले भने- हे प्रिये ! अब छोरीको विवाह भएपछि म त्यो सत्यनारायणको व्रत गर्नेछु । त्यसपछि बनियाले एकदिन कहिले पसलमा र कहिले साथीहरूमाझ मस्किँदै हिँड्ने आफ्नी छोरीलाई आफैं पनि देखे ॥१६॥*

*16. After hearing such a plea from Lilawati Sadhu Baniya told: Oh my dear! I will fulfill my words after our daughter is married.*

*Time passed by. One day, Sadhu saw her daughter making jests and jokes with youths in neighborhood and market places.*

सञ्जातेयं मत्सुतोद्वाहयोग्या
कार्योऽवश्यङ्कश्चिदुद्योग आशु ॥
इत्थं मित्रैर्बन्धुभिः संविमृश्य
प्रोवाचाऽसौ क्षिप्रमाहूय विप्रम् ॥१७॥

*'यो मेरी छोरी (कलावती) बिहे गर्नलायक भइसकिछ । त्यसैले यसको विवाहका लागि चाँडै नै कुनै प्रयास गर्नुपर्छ' भनेर आफ्ना इष्टमित्र र दाजुभाइहरूसँग राम्ररी विचार गरेर ती साधु बनियाले तत्कालै कुनै ब्राह्मणलाई बोलाएर भने- ॥१७॥*

*17. Then he came to realize that she was fit for marriage. He consulted his brothers and relatives to get married her soon and immediately called a Brahmin and made the further requests:*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भवतु नम इदं ते विप्रवर्य ! प्रसादं
मयि कुरु कृपया त्वं सत्वरं क्वाऽपि याहि ॥
वरमिह वरबुद्धिं ख्यातसद्वंशशुद्धिं
लघु मम वरपुत्र्या आनयोद्वाहसिद्ध्यै ॥१८॥

*हे ब्राह्मण श्रेष्ठ ! तपाईंलाई मेरो नमस्कार छ । तपाईं मप्रति प्रसन्न हुनुहोस्, तपाईं कृपा गरी मेरी छोरीको बिहे सम्पन्न गर्न श्रेष्ठ बुद्धि भएको, प्रसिद्ध र असल कुलमा जन्मनाले निर्दोष भएको कुनै यौटा वर कतैबाट खोजेर तुरुन्त ल्याउनुहोस् ॥१८॥*

*18. Oh! respected Brahmin! Please accept my salutation. It is my sincere request to you kindly bring here a wise, reputed and a pure boy of a good family background to marry my daughter.*

द्विजेन्द्रोऽप्यसौ साधुकार्यार्थदर्शी
पुरेष्वर्यवंश्यैकवर्येष्वटित्वा ॥
पुरात् काञ्चनाऽऽख्यादथाऽऽदाय दत्त्वा
वरं सुन्दरं मोदयामास साधुम् ॥१९॥

*यसपछि राम्रा राम्रा कामहरूलाई मात्र लक्ष्य बनाउने असल दृष्टिकोण भएका ती श्रेष्ठ ब्राह्मणले पनि बनिया जातिको मात्र मुख्यतया बसोबास भएका विभिन्न शहरहरूमा घुम्दै 'काञ्चनपुर' नाम गरिएको एउटा शहरबाट सुन्दर वर ल्याएर र बुझाएर ती साधु बनियालाई खुशी पारे ॥१९॥*

*19. Then the respected Brahmin endowed with the qualities of good conscience and vision travelled to different Baniya settlements and found a handsome boy (bridegroom) in the city of Kanchanpur whom he presented before the Sadhu Baniya, and made him very pleased.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लब्ध्वा साधुर्वाञ्छितं वैश्यसूनु-
न्दत्त्वा तस्मै स्वां विधानेन कन्याम् ॥
विस्मृत्याऽथो सत्यदेवव्रतन्तद्
वाणिज्याऽर्थं तेन साकं जगाम ॥२०॥

*यसपछि साधु बनिया पनि आफूले चाहेजस्तो वैश्यको छोरो (वर) पाएर, उसलाई विधिपूर्वक आफ्नी छोरी दिए, तर विवाहको रमझममा त्यो सत्यनारायणको व्रत गर्न बिर्सेर ज्वाईंका साथ साधु बनिया व्यापार गर्न हिँडे ॥२०॥*

*20. Sadhu found a suitable bridegroom fitting his caste and married away his daughter to him. In the hurly-burly atmosphere of the marriage ceremony he forgot about the fasting in honour of Lord Satyanarayan and went for business with his son- in-law.*

नौकारूढः कर्मणि स्वेऽत्यमूढः
प्रज्ञामुक्तः प्राज्ञजामातृयुक्तः ॥
देशान् मार्गे वर्तमानानतीत्य
तस्थौ तीरे नावमाबध्य नद्याः ॥२१॥

*डुङ्गामा चढेका, धन कमाउने काममा केही निपुण तर प्राज्ञिक कार्यमा मूढ नै रहेका ती साधु बनिया आफ्ना बुद्धिमान् ज्वाईंका साथ बाटोमा पर्ने विभिन्न देशहरू घुम्दै पार गर्दै यौटा नदीको तीरमा डुङ्गा बाँधेर बसे ॥२१॥*

*21. Sadhu Baniya efficient in earning money, however, had no knowledge of intellectual field. Then he boarded the boat and travelled far of countries and once rested in a place mooring the boat in a river side.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उदारे पुरे रत्नसारे जितारेः
सुकेतोरथो चन्द्रकेतोर्नृपस्य ॥
सरिष्टः प्रहृष्टः प्रविष्टः कुदिष्टः
स सत्याऽपराधाद् वणिज्यां व्यधत्त ॥२२॥

*यसपछि ती दुवै ससुराज्वाईं शत्रुहरूका विजेता बनेर आफ्नो पताका फहराउने 'चन्द्रकेतु' नामका राजाका 'रत्नसार' नाम गरेको ठूलो शहरमा प्रवेश गरे । श्री सत्यनारायणको व्रतपूजा नगरेका अपराधले दैव लागेका ती साधु बनियाले त्यहाँ बडो निस्फिक्री भएर आफ्नो व्यापार गर्न थाले ॥२२॥*

*22. Then they both entered into a big city named* ***'Ratnasar'*** *where king Chandraketu was reigning after defeating all his enemies. Sadhu who was already under a curse because of failing to observed Lord Satyanarayan's fast began spreading his business without any hindrance, instead.*

तदैकदा राजधनं निशीथे
चोरोऽथ कश्चिद् बहु चोरयित्वा ॥
नदीतटं प्राप्य च पृष्ठदेशे
निरूप्य भूपालभटाँश्चकम्पे ॥२३॥

*त्यसैताका एक दिन कुनै यौटा चोरले राजा चन्द्रकेतुको धेरै धन चोऱ्यो र त्यो धन लिएर भाग्ने सुरमा ऊ त्यही नदीको तीरमा पुगेको थियो । पछि पछि राजाका सिपाहीहरूले आफूलाई लखेटेको देखेर त्यो चोर डरले थरथर काँप्न थाल्यो ॥२३॥*

*23. About the same time there came a thief and looted a large amount of King Chandraketu's property. The thief along with the property of theft reached the riverbank where the Sadhu and his son-in-law had moored their boat. The thief saw the King's soldiers following him and began shivering with fear.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विचार्य पार्श्वेऽथ विशोस्तयोः स
क्षिप्त्वा धनं तत् समलक्षितोऽभूत् ॥
यतस्ततोऽन्विष्य धनञ्च लब्ध्वा
चक्रुर्भटाश्चौरमतिं तयोस्ते ॥२४॥

*त्यस चोरले आफ्नो ज्यान बचाउन नदीको किनारमा बसेका ती दुई ज्वाईं-ससुराको छेउ त्यो चोरिएको धन फालेर लुक्यो । परन्तु ती सिपाहीहरूले उनीहरूको छेउमा नै खोजेको धन पाएर ती दुवै ज्वाईं-ससुरालाई नै चोर भन्ने ठाने ॥२४॥*

*24. To save his life from capture by the King's soldiers he threw the property near the father and son-in-laws and disguised himself. Consequently, the soldiers traced the property they were searching for near them and took them to be the real thieves.*

अथ प्रसन्ना नृपतेर्भटास्तौ
सन्दानितौ भूपतिवित्तशीर्षौ ॥
आनीय राज्ञः पुरतः प्रणेमुः
प्रोचुश्च दस्यू नृप ! ताविमौ स्तः ॥२५॥

*यसपछि आफ्नो काम बनेर खुशी भएका राजाका ती सिपाहीहरूले त्यसरी चोरेको धन टाउकामा बोक्न लगाएर बाँधेर ल्याइएका ती दुवै बनियाहरूलाई राजाको अगाडि ल्याएर उभ्याउँदै उनलाई नमस्कार गरेर भने- हे महाराज ! यी दुवैजना बनिया चोर हुन् ॥२५॥*

*25. The soldiers having succeeded in their mission became very happy and then produced both the father and son-in-laws before the King having made them carry in their heads the looted property and convicted as thieves.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तथाविधौ तौ प्रसमीक्ष्य रोषात्
स्वीयान्तदुक्तामवमत्य वार्ताम् ॥
सद्यस्तदीयन्तरणीस्थितं स्वं
सर्वं नृपोऽसौ सुतराञ्जहार ॥२६॥

*ती दुवै बनियाहरूलाई देखेर रिसाएका ती राजा चन्द्रकेतुले उनीहरूले दिएको आफ्नो सफाइको कुरालाई अस्वीकार गरी तत्कालै तिनका डुँगामा रहेको सारा धन समेत पूरै हरण गरे ॥२६॥*

*26. Then the king Chandraketu seized their entire property aboarded in boat without listening to their explanations of being innocent.*

अङ्घ्र्योश्च पाण्योर्विनिधाय गाढा-
ङ्गुर्वीमदीर्घामथ श्रृङ्खलान्तौ ॥
श्रीसत्यनारायणमायया सः
प्रावेशयत् प्रेरित एव काराम् ॥२७॥

*श्रीसत्यनारायणको मायाले प्रेरित भएका ती चन्द्रकेतु राजाले पनि दुवै खुट्टामा र दुवै हातमा गह्रुङ्गा, केही लामा र कडा साङ्लाहरू बाँधेर ती दुवै बनियाहरूलाई जेलखानामा थुने ॥२७॥*

*27. The King fascinated by the effect of illusion caused by Satyanarayan put into prison both the father and son-in-laws having tied their hands and feet with heavy nails.*

इति श्रीसत्यनारायणकथामृते
तृतीयः सर्गः समाप्तः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# अथ चतुर्थः सर्गः

**श्री ब्रह्मदेव उवाच ।**

अथ प्रकोपात् परमेश्वरस्य
श्रीसत्यदेवस्य मुनीन्द्र ! सद्यः ॥
हृतं धनं तत्सदनेऽपि चौरै-
स्तयोः स्त्रियावीयतुरर्त्तिभारम् ॥१॥

*हे देवर्षि नारद ! यसपछि परमेश्वर सत्यनारायण रिसाएका हुँदा ती दुवै व्यापारीहरूको घरमा रहेको धन-सम्पत्ति पनि चोरहरूले चोरे । अनि त तिनका पत्नीहरूले पनि अत्यन्त दुःख पाए ॥१॥*

***Brahamadev went on saying :***

*1. Oh! Celestial sage Narada! The thieves looted the whole property kept into the house of both the merchants because of the displeasure of Lord Satyanarayan. Then their wives also faced great difficulties.*

कलावती सायमथो कदाचित्
कस्याऽपि विप्रस्य जगाम गेहम् ।
श्रुत्वा कथान्तत्र च सात्यदेवीं
नैवेद्यमादाय गृहं स्वमाप ॥२॥

*यसपछि कुनै एक दिन साँझमा साधु बनियाकी छोरी कलावती साँझपख कुनै एउटा ब्राह्मणको घरमा पुगिन् । त्यहाँ भइरहेको सत्यनारायणको कथा सुनेर र नैवेद्य पनि लिएर आफ्ना घर फर्किन् ॥२॥*

*2. Overtime, one evening, Kalawati, daughter of Sadhu Baniya went to a Brahmin's home. There she listened to Lord Satyanarayan's story, got offerings and returned to her home.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लीलावती वीक्ष्य जगाद कन्यां
कोपाद् रजन्यां क्व सुतेऽगमस्त्वम् ॥
किन्तेऽस्ति चित्ते वद मन्दवृत्ते !
श्रुत्वेति सोवाच वचः प्रसूं स्वाम् ॥३॥

*आमा लीलावतीले आफ्नी छोरी कलावतीलाई राती ढिलो घर फर्केको देखेर रिसाउँदै भनिन्- रातिको समयमा तँ कहाँ गएकी थिइस् ! तेरो मनमा के विचार छ ? यसप्रकारको आमाको कुरा सुनेर छोरी कलावतीले आफ्नी आमा लीलावतीलाई भनिन्- ॥३॥*

*3. Her mother Lilawati became angry because of her staying out late in evening, she enquired : Where had you been so late in night time? What are you thinking about? After hearing her mother's scolding words Kalawati told her mother:*

मातर्गत्वा विप्रसद्माऽद्य दृष्ट्वा
वाञ्छादात्रीं सत्यदेवस्य पूजाम् ॥
तन्नैवेद्यं त़त्र लब्ध्वा च नत्वा
वृत्वाऽभीष्टं स्वं वरञ्चागताऽस्मि ॥४॥

*हे आमा ! आज म एकजना ब्राह्मणको घरमा गएँ र आफूले चाहेको कुरा दिने श्रीसत्यनारायण भगवान्‌को पूजा गरेको देखें अनि कथा पनि सुनें । त्यहाँ मैंले सत्यनारायणको नैवेद्य पाएँ । उनलाई ढोगेर र आफूले चिताएको वरदान पनि मागेर म अहिले आएकी छु ॥४॥*

*4. Oh! My mother! Today I had been in the home of a Brahmin where I saw the worshipping performed in honour of Lord Satyanarayan. There I listened to Lord Satyanarayan's story whose blessings would fulfill one's desire. I took offerings of the Lord. I paid my Lord a sincere tribute and asked him for a boon and returned therefrom.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कन्यावाक्यं सा तदाकर्ण्य मिष्टं
सम्पूज्य श्वः सव्रता सत्यदेवम् ॥
आगच्छेतां स्वामि-जामातरौ मे
भूयो भूयः प्रार्थयामास चेत्थम् ॥५॥

*ती आमा लीलावतीले पनि छोरी कलावतीको राम्रो कुरा सुनेर भोलिपल्ट नै व्रतालु भई सत्यनारायणको पूजा गरिन् । यसप्रकार मेरा स्वामी र ज्वाईं घरमा आऊन् भन्दै उनले बारम्बार भगवान्सँग प्रार्थना गरिन् ॥५॥*

*5. Impresed by her daughter Kalawati's inspiring story mother Lilawati observed a fasting and worshiped Lord Satyanarayan the following day. She prayed to her Lord time and again for the return of her husband and son-in-law soon.*

तेनाऽत्यन्तं सत्यदेवोऽभितुष्ट-
स्तस्यां रात्रौ रत्नसारे समूचे ॥
बद्धौ शीघ्रं मोचय द्वौ विशौ तौ
नो चेद् राज्यं तेऽखिलं नाशयिष्ये ॥६॥

*लीलावतीको त्यो पूजाद्वारा खुशी भएका सत्यनारायणले राति सपनामा 'रत्नसार' नगरका राजालाई भन्नुभयो- हे राजन् ! बाँधिएका ती दुवै बनियाहरूलाई चाँडै छोड । छोडेनौ भने तिम्रो सारा राज्य मैले नष्ट पार्नेछु ॥६॥*

*6. By such devotion of Lilawati Lord Satyanarayan became very please and ordered the King of Ratnasar in dream: Oh King! Immediately release those two imprisoned tradesmen! Otherwise you will have all you empire destructed.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वप्ने श्रुत्वा चन्द्रकेतुर्नृपस्तत्
प्रोत्थायाऽथो मन्त्रिणं सम्बभाषे ।
आनेतव्यौ मुक्तबन्धौ सभायां
शीघ्रं तौ द्वौ वैश्यवर्यौ ससान्त्वम् ॥७॥

*स्वप्नमा राजा चन्द्रकेतुले यस्तो कुरा सुनेपछि अर्को दिन बिहान जाग्नेबित्तिकै मन्त्रीलाई भने- हे मन्त्री ! ती दुबै बनियाहरूलाई बन्धनबाट छुटाएर प्रेमपूर्वक यस सभामा तुरुन्त ल्याऊ ॥७॥*

*7. When King Chandraketu had such a dream at night, the next morning he called his ministers and ordered the release of those two tradesmen and bring them before the King's court, respectfully.*

भृत्यानीतौ मन्त्रिवर्याऽऽज्ञया तौ
वीक्ष्याऽवोचद् भूमिपालोऽथ साधुम् ।
नेदानीं ते भीतिरल्पाऽपि कार्या
पूर्वं दुःखं दैवयोगात् त्वयाऽऽप्तम् ॥८॥

*यसपछि राजा चन्द्रकेतुले मन्त्रीको आज्ञाले सेवकद्वारा उपस्थित गराइएका ती दुवै बनियाहरूलाई हेरेर ती साधु बनियासँग भने- यस बखत तिमीले रत्ती मात्र पनि डर मान्नु पर्दैन । तिमीले दैवसंयोगले गर्दा यसभन्दा पहिले दुःख पायौ ॥८॥*

*8. Then the King closely examined both the tradesmen presented before him by his servants and assured them : Here you are nothing to afraid of anymore. Tragedy you suffered up to now was because of the unforeseeable reasons.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संस्कृत्यैनौ मङ्गलस्नानपूर्वं
द्वैगुण्यर्द्धन्तद्धनञ्चाऽपि दत्वा
वाङ्माधुर्यैस्तोषयित्वाऽतिवेल-
म्प्रस्थानाज्ञां स्वं पुरम्प्रत्यदात् सः ॥९॥

*ती चन्द्रकेतु राजाले ती दुवै बनियाहरूलाई मंगलस्नान गराएर शुद्ध पारेर उनको साबिकको धनको दोब्बर धन पनि दिए, अनि मीठो बोलीले अत्यन्त खुशी पारेर आफ्नो शहरमा जान आदेश दिए ॥९॥*

*9. Then King Chandraketu purified them with a holy bath and returned their property making it double. He made them happy with sweet words and advised them to go home.*

ततः प्रणम्याऽवनिपालपादौ
दत्त्वाऽथ वित्तं बहुलन्द्विजेभ्यः ॥
नावं समायोज्य वरैःपदार्थै-
र्जामातृभृत्यैः सह सम्प्रतस्थे ॥१०॥

*त्यसपछि साधु बनिया पनि राजाका पाउमा ढोग गरेर, ब्राह्मणहरूलाई धेरै धन दान गरेर र बहुमूल्य पदार्थहरूले डुङ्गा भरेर ज्वाईं र नोकरचाकरसहित आफ्नो घरतिर प्रस्थान गरे ॥१०॥*

*10. Sadhu Baniya bowed down to the king's feet, offered plenty of wealth to Brahmins as reward, boarded his boat with valuables and left the place for home town along with his son-in-law and servants.*

तस्मिन् कियद्दूरगतेऽथ साधौ
श्रीसत्यदेवो यतिवेषधारी ॥
पप्रच्छ तं नावि किमस्ति धीमन् !
आयासि कस्माद् विषयात् क्व यासि ॥११॥

*यसपछि साधु बनिया केही टाढा पुगेपछि जोगीको भेष धारण गरेका सत्यनारायणले उसलाई सोध्नुभयो- हे बुद्धिमान् बनिया ! तिम्रो डुँगामा के छ ? के कामले तिमी यहाँ आएका छौ र कहाँ जान्छौ ? ॥११॥*

*11. Sadhu Baniya had just reached little farther, Lord Satyanarayan in the form of an ascetic appeared suddenly and asked him : Oh! Clever merchant! What have you loaded in your boat? What is the purpose of your coming here? And where you are heading for?*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीब्रह्मदेव उवाच ।

जिज्ञासमानस्य वचः स्वभावं
श्रीसत्यदेवस्य यतेर्निशम्य ॥
मत्तो धनर्द्ध्या विहसन् स वैश्यः
प्रोवाच दण्डिन्नसि किं धनेप्सुः ॥१२॥

*श्रीब्रह्मदेवले भन्नुभयो-*

*केही बुझ्न चाहने जोगीको भेष लिएका सत्यनारायणको बोलीको तरिका सुनेर आफ्नो धनको समृद्धिले मत्त ती बनियाले हाँस्दै भने- हे संन्यासी ! के तिमी मेरो धनको लोभी भएका छौ ? ॥१२॥*

***Brahamadev** went on:*

*12. Calculating boastfully the way of talking of lord Satyanarayan in the dress of an ascetic the arrogant merchant boasted of his wealth asked: Oh! Beggar! Are you greedy of my wealth ?*

अस्यान्तरण्यां खलु केवलं भोः
लता-पलाशादि न किञ्चिदन्यत् ॥
आकर्ण्य देवोऽस्तु तथेति चोक्त्वा
गत्वा कियद्दूरमतिष्ठदेव ॥१३॥

*हे संन्यासी ! यो डुँगामा केवल लहरा र पात आदि मात्र छ तर अरु केही महत्वपूर्ण वस्तु छैन । साधु बनियाको यो झूठो कुरा सुनेर सत्यनारायण पनि तिमीले भने जस्तै 'तिम्रो यो सारा धन लहरापात नै होस्' भनेर केही पर गएर बसिरहे ॥१३॥*

*13. Well, know that this boat contains nothing but only the tree branches and their leaves. Hearing such deceitful words from Sadhu Baniya Lord Satyanarayan thought to convert the wealth as merchant had described and rested a while going little farther of the place.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततस्स साधुः कृतनित्यकृत्य-
स्तथाविधान् वीक्ष्य तरीं मुमूर्च्छ ॥
कन्यापतिस्तस्य च तं समीक्ष्य
प्रोत्थाप्य किं शोचसि हेत्युवाच ॥१४॥

*त्यसपछि आफ्नो नित्यकर्म गरेका साधु बनिया धनसम्पत्तिले भरिएको आफ्नो डुँगा केवल लहरा र पात आदिले भरिएको देखेर मुर्छा परे । उनका ज्वाईं पनि उठेर ससुरालाई बेहोश देखेर भन्न थाले- 'हे ससुराज्यू ! किन यस्तो चिन्ता गर्नुहुन्छ !' ॥१४॥*

*14. Sadhu who had finished with his routine-wise business now seeing his boat earlier loaded with valuables now converted into leaves and worthless grasses immediately fainted down. His son-in-law who was nearby saw his father-in-law in a state of senselessness and cried anxiously : Oh father-in-law! Why are you too depressed?*

त्वयाऽभिभूतेन हि दण्डिना त्वं
शप्तोऽसि तात ! द्रुतमेव गत्वा ॥
नत्वाऽथ नुत्वा कुरु तं प्रसन्नं
स निग्रहाऽनुग्रहयोः समर्थः ॥१५॥

*हे ससुराज्यू ! तपाईंबाट अपमानित भएका संन्यासीले नै तपाईंलाई शाप दिएका छन् । त्यसैले तुरुन्त गएर, ढोगेर र स्तुति समेत गरेर उनलाई खुशी पार्नुहोस् किनकि ती संन्यासी शाप दिने र वरदान दिने दुबै कुरामा समर्थ कुनै अलौकिक व्यक्ति हुन् ॥१५॥*

*15. Oh! Father in-law! the Sanyasi whom you have shown disrespect might have cursed you. So, go at once, offer your humble salutation, praise and make him pleased, because the Sanyasi might be a divine personality who has power both to curse and bestow reward.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रुत्वैव जामातृवचः स गत्वा
पूर्णं प्रभुन्तञ्च ददर्श तूर्णम् ॥
ननाम भूमौ प्रणिपत्य भक्त्या
बद्ध्वाऽञ्जलिर्नम्रशिरा नुनाव ॥१६॥

*यसप्रकार ज्वाईंको कुरा सुनेर ती साधु बनियाले तत्कालै केही पर गएर संन्यासीरूपका पूर्ण परमेश्वर श्री सत्यनारायणलाई देखेर भक्तिका साथ भुईंमा पस्रेर नमस्कार पनि गरे । अनि साधु बनियाले शिर झुकाएर र अञ्जली बाँधी स्तुति पनि गर्न थाले ॥१६॥*

*16. In this way, Sadhu immediately left the place as son–in-law had suggested and reached to Lord Satyanarayan who was resting as asectic in his absolute form and offered salutation lying in the ground flatly. Then Sadhu bowing his head before the Lord started praising in this manner.*

साधुरुवाच ।
नमोऽस्तु ते नाथ ! ममाऽपराधं
क्षमस्व जाने न हि ते प्रभावम् ॥
माया तवाऽजादि-विमोहदक्षा
ममाऽतिमूढस्य तु काऽस्ति वार्ता ॥१७॥

*साधुले भने-*

*हे नाथ ! तपाईंलाई मेरो नमस्कार छ । मेरो अपराध क्षमा गर्नुहोस् किनकि म तपाईंको शक्ति जान्न सक्दिन । हे प्रभो ! तपाईंको माया ब्रह्मा आदि देवताहरूलाई मोहित पार्न समर्थ छ भने अत्यन्त मूर्ख मेरा विषयमा त के कुरा गर्नु र ? ॥१७॥*

*17. Oh! Lord! Kindly accept my sincere regards. Pardon me,. since I have no knowledge of Your boundless strength. Oh Lord! Whereas even Brahma and all other Gods are unable to free themselves of the illusionary spells of your divine character role-play, what to talk of an unwise fellow like me?*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ज्ञातं मया मे खलु निग्रहाऽर्थं
धृतन्त्वया रूपमिदं दयालो !
जानीहि दीनं शरणागतं मां
जाने शरण्यङ्खलु न त्वदन्यम् ॥१८॥

*हे दयालु ! मलाई शाप दिन नै तपाईंले यो संन्यासीको भेषधारण गरेको बुझें । म दुःखीलाई आफ्नो शरणमा आएको सम्झनोस् किनकि म पनि तपाईंभन्दा अर्कालाई शरण दिन सक्ने अर्को कोही बुझ्दिन ॥१८॥*

*18. Oh God of mercy! I think you had come in the form of a Sanyasi to curse me. Kindly, this poor guy, surrendering in front of you and since there is nobody other than You competent enough to give me shelter.*

**ब्रह्मदेव उवाच ।**

भक्ताऽर्त्तिमोषी नतिमात्रतोषी
श्रीदायिसेवः स च सत्यदेवः ॥
क्षान्त्वाऽपराधं परिसान्त्वयँस्तं
मन्दस्मितं साधु जगाद साधुम् ॥१६॥

*ब्रह्मदेवले भन्नुभयो-*

*हे देवर्षि नारद ! भक्तहरूको कष्टहरण गर्ने, विनयले मात्र सन्तुष्ट हुने र सेवा तथा अर्चनाद्वारा धनसम्पत्ति दिने ती सत्यनारायण देवताले अपराध क्षमा गरेर बिस्तारै हाँस्दै सम्झाउँदै ती साधु बनियालाई भन्नुभयो- ॥१९॥*

***Brahamadev** said :*

*19. Oh! Celestial sage Narada! Lord Satyanarayan who alleviates his devotees' sufferings, who becomes happy just because of humbleness and gives wealth for your service and praise redeemed the guilt of Sadhu Baniya and said smiling:*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भिक्षून् समर्च्यानवमत्य मोहा-
दद्धाऽसि साधो ! त्वमसाधुकर्मा ॥
व्रतप्रतिज्ञामविचिन्त्य काञ्चि-
ल्लब्धं त्वया पूर्वमतीव दुःखम् ॥२०॥

*हे साधु ! पूजा गर्न लायक भिक्षु संन्यासीहरूलाई मोहवश अपमान गरेर निश्चय नै तिमीले खराब कर्म गरेका छौ । छोरी कलावती जन्मनुभन्दा पहिले गरेको सत्यनारायणको प्रतिज्ञालाई पनि बेवास्ता गरेकाले तिमीले अत्यन्त कष्ट पायौ ॥२०॥*

*20. Sadhu! You have certainly committed the crime of showing disrespect to Sanyasis and Vikchus (monks) who in fact were to be worshipped. You have also broken the solemn vow of worshiping Lord Satyanarayan before your daughter was born. Therefore, you suffered a lot.*

गच्छ त्वयैवं न पुनर्विधेयं
समर्चनीयः खलु कोऽपि देवः ॥
सङ्कल्पितं कर्म तु ये त्यजन्ति
व्रजन्ति दुःखैकपरम्परान्ते ॥२१॥

*हे साधु ! तिमी जाऊ र अब उप्रान्त यस्तो प्रतिज्ञा भङ्ग हुने काम नगर । जति वर्णन गरेर पनि नसकिने सत्यनारायण देवताको पूजा भने अवश्य गर किनकि संकल्प गरेको काम पूरा नगर्ने व्यक्तिहरू निश्चय नै दुःख मात्र पाउँछन् ॥२१॥*

*21. Now, Sadhu! You go and never commit such an offence, which violates your promise. You must worship Lord Satyanaran whose virtues are boundless. One who does not fulfill his words is certain to suffer many problems.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आलप्य दण्डी स्वजनाऽघखण्डी
विश्वैककर्ता जगदैकगोप्ता ॥
पुरोऽस्य सम्पश्यत उन्मुखेन्दो-
रन्तर्दधे तत्र तदैव देवः ॥२२॥

*आफ्ना भक्तजनहरूको अपराध नष्ट गर्ने, विश्वका एकमात्र निर्माता र पालक संन्यासीको रूपधारण गर्ने सत्यनारायण यसप्रकार बोलेर आकाशतिर मुख फर्काएर हेरिरहेका साधु बनियाका अगाडि त्यही ठाउँबाट त्यसै बेला अदृश्य हुनुभयो ॥२२॥*

*22. The one and only creator and protector of this world and the destroyer of sins of his devotees lord Satyanarayan in the form of a Sanyasi disappeared from that place after giving instruction to Sadhu who was gazing skyward.*

वैश्योत्तमः साधुरपि प्रसन्नो
गत्वाऽथ पूर्णां स्वतरीं स्वपूर्णाम् ॥
जहर्ष देवञ्च समर्च्य भक्त्या
नावं समारुह्य ययौ स्वदेशम् ॥२३॥

*यसपछि वैश्यहरूमा उत्तम ती साधु बनिया पनि खुंशी हुँदै धनदौलतले भरिएको आफ्नो डुँगाको नजीक पुगेर भक्तिपूर्वक सत्यनारायणको पूजा गरेर डुँगा चढी स्वदेशतर्फ लागे ॥२३॥*

*23. Then Sadhu became very happy and having worshiped Lord Satyanarayan proceeded towards the boat filled with great wealth and returned to his home country sailing in the boat.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दूरादसौ रत्नपुरं निरीक्ष्य
प्रोवाच जामातरमेहि पश्य ॥
आहूय भृत्यं निजमन्तरङ्-
न्तं प्रेषयामास गृहं स्वकीयम् ॥२४॥

*ती साधु बनियाले टाढाबाट नै 'रत्नपुर' नाम गरिएको आफ्नो शहर देखेर ज्वाईंलाई भने- ज्वाईं ! हेर्नुहोस् हाम्रो शहर । अनि बनियाले विश्वासिलो सेवकलाई बोलाएर आफ्नो घरतिर पठाए ॥२४॥*

*24. The Sadhu Baniya saw his home town Ratnapur from distance and informed his son-in-law about it. He called one of his faithful servants to inform about his arrival.*

आगत्य नत्वा स च साधुपत्नी-
मधोदृगूचेऽञ्जलिमेव बध्वा ॥
जामातृयुक् स्वामिनि भूरिवित्तः !
प्रसन्नचित्तः पतिरागतो नः ॥२५॥

*बनियाले पठाएको त्यो सेवकले पनि घरमा आएर र बनियाकी पत्नी लीलावतीलाई प्रणाम गरेर उँधो आँखा लगाउँदै अञ्जलि बाँधेर भन्यो- हे मालिक्नी ! प्रसन्न चित्त भएका हाम्रा मालिक धेरै धनदौलत लिएर ज्वाईंका साथ आउनुभएको छ ॥२५॥*

*25. The servant who had been sent home by Sadhu reached there, first saluted -Sadhu's wife and politely told her: Oh mistress! Our master is arriving along with son–in-law very happily taking a lot of fortune, property and wealth.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पीयूषमिष्टं भृशमेतदिष्टं
श्रुत्वैव सा भृत्यवचोऽतिहृष्टा ॥
श्रीसत्यदेवस्य समाप्य पूजां
प्राश्याऽपि नैवेद्यमियाय तत्र ॥२६॥

*साधु बनियाकी पत्नी लीलावती पनि यसप्रकार सेवकले भनेको अमृतभन्दा पनि मीठो र हितकारी बचन सुनेर अत्यन्त खुशी हुँदै सत्यनारायणको पूजा सिध्याएर र नैवेद्य खाएर मात्र पति भएका ठाउँमा पुगिन् ॥२६॥*

*26. Hearing such a sweet and good news from her servant she became very happy and, then went to her husband only after completing Lord Satyanarayan's worship after taking his offerings.*

कलावती चाऽनुपभुज्य दैवं
दैवेन नैवेद्यमघौघहारि ॥
पितुश्च पत्युर्बत दर्शनाऽर्थं
सोत्साहमागात् त्वरितं स्थलं तत् ॥२७॥

*सेवकको कुरा सुनेर साधु बनियाकी छोरी कलावती भने दैवले गर्दा पापहरण गर्ने सत्यनारायणको नैवेद्य नै नखाइकन आफ्ना पिता र पतिको दर्शन गर्न उत्साहका साथ बनिया भएको ठाउँमा पुगिन् ॥२७॥*

*27. Whereas Kalawati, daughter of Sadhu after hearing news from the servant reached to her father and husband in haste without taking offerings made to Lord Satyanarayan.*

एतावता स्याः समयेन सद्यो
नद्यां सनौको निममज्ज भर्ता ॥
तत्रत्यसाधुप्रमुखाऽऽर्तशब्दै-
रापूरितं सर्वदिगन्तरालम् ॥२८॥

*सत्यनारायणको नैवेद्य नखाई आएका कारण कलावतीका पति तत्कालै डुँगासँगै नदीमा डुबे । त्यहाँ रहेका साधु बनिया लगायतको चिच्याहटले भित्रभित्रसम्म चारै दिशाहरू भरिए ॥२८॥*

***28. Because of the neglect shown to Lord Satyanaraya's offerings Kalawati's husband at once drowned into the river along with the boat. Sadhu, the trader and other around him shouted so loudly that the noise spread to the end of all four quarters.***

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कलावतीं कालकलाऽऽकुलान्तां
लीलावती संविललाप दृष्ट्वा ॥
तदागतैर्बन्धुभिरेव सार्धं
साधू रुरोदोच्चरितैर्विरावैः ॥२९॥

*खराब समयको प्रभावले व्याकुल भएकी छोरी कलावतीलाई देखेर आमा लीलावती अत्यन्त विलाप गर्न थालिन् । साधु बनिया पनि त्यसबखत जम्मा भएका सबै बन्धुहरूका साथ डाँको छोडी छोडी रुन थाले ॥२९॥*

*29. As and when Lilawati saw her daughter Kalawati in a pitiable condition because of the effect of bad omen she also began weeping and crying. Even Sadhu the trader began to wail heavily amidst his brothers and relatives who were present at the moment.*

अनिरीक्ष्य पतिं कलावती
प्रहरन्ती प्रतलौ स्ववक्षसि ॥
विललाप भृशं भृशाऽऽकुला
लुठति स्माऽपि मुहुर्मुहुः क्षितौ ॥३०॥

*साधु बनियाकी छोरी कलावती आफ्ना पतिलाई नदेखेर दुवै हातले छाति पिट्दै अत्यन्त व्याकुल भएर विलाप गर्दै बारम्बार भुईंमा पछारिन थालिन् ॥३०॥*

*30. On the other hand, Kalawati moaning and wailing, beating her chests with both hands also fell on the ground time and again not finding her husband there.*

निजगाद च सा तनूमिमां
विरहार्त्तेरसहाऽसुदायिनः ॥
उरसीह निधाय पादुके
ज्वलने प्रज्वलितेऽर्पये ध्रुवम् ॥३१॥

*विरह सहन गर्न नसकेकी ती कलावतीले भनिन्- अब म आफ्ना प्राणदाता पतिको पादुका छातीमा राखेर बलेको आगोमा यस शरीरलाई नै हवन गर्छु ॥३१॥*

*31. Kalawati unable to control herself due to untimely separation of her husband declared to sacrifice herself jumping into the fire keeping abreast the footwears of her beloved husband.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu. Collection

अथ दृष्टतदीयदुर्दशः
क्वथितस्वान्ततरः स तत्पिता ॥
प्राणिपातपुरस्सरं क्षितौ
प्रणनाम प्रभुमुज्जगाद च ॥३२॥

*यसपछि छोरीको दुर्दशा देखेर अत्यन्त हृदय फाटेका ती साधु बनियाले भुइँमा झुकेर श्री सत्यनारायणलाई ढोगे र प्रार्थना गर्न थाले- ॥३२॥*

*32. Sadhu upon seeing his daughter's pale face began to praise Lord Satyanarayan with his broken heart bowing down his head to earth.*

**साधुरुवाच ।**

अयि नाथ ! मयि स्थिराङ्कृपा-
ङ्कुरु दीनाऽऽर्त्तजनैकबान्धव ! ॥
अपराधपरम्परां प्रभो !
हतबुद्धेः स्वशिशोः क्षमस्व मे ॥३३॥

*साधुले भने-*

*हे सबैका स्वामी, दुःखी र पीडितका एकमात्र बन्धु सत्यनारायण ! मप्रति ठूलो कृपा गर्नुहोस् । हे प्रभु ! बुद्धि नभएको र अपरिपक्व मेरो सारा अपराध क्षमा गर्नुहोस् ॥३३॥*

***Sadhu said:***

*33. Oh Master of all! You Lord Satyanarayan, the one and only source of inspiration for all the troubled ones, Please extend Your great mercy upon me. Oh almighty! Pardon me for my ignorance and immaturity.*

निजवैभवगौरवैर्विभो !
परिशुद्धेन निजेन चेतसा ॥
शरणागतवत्सलस्य ते
प्रविधास्येऽहमवश्यमर्चनम् ॥३४॥

*शरणमा आउनेप्रति दया गर्ने हे प्रभु ! आफ्ना धनदौलतहरूले र पवित्र मनले तपाईंको पूजा म अवश्य गर्नेछु ॥३४॥*

*34. Oh! God of mercy and the abode of all shelterless! I will certainly offer my worship to You with the my best of my knowledge and wealth.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीब्रह्मदेव उवाच ।
भक्तैकबन्धुः करुणैकसिन्धुः
श्रुत्वेति देवोऽभ्रगिरा बभाषे ॥
विहाय नैवेद्यमिहाऽऽगता मे
त्वत्कन्यकेयं तदयं निमग्नः ॥३५॥

*श्रीब्रह्मदेवले भन्नुभयो-*

*यस किसिमको साधुबनियाको स्तुति सुनेर भक्तहरूका एकमात्र बन्धु र दयाका एकमात्र सागर सत्यनारायणले आकाशवाणीद्वारा भन्नुभयो- हे साधु बनिया ! मेरो नैवेद्य छोडेर तिम्री छोरी कलावती यहाँ आइन् । यसैले उनका पति नदीमा डुबे ॥३५॥*

***Brahamadev** added*

*35. After hearing Sadhu Baniya's prayer, the one and only shelter of all devotees and Ocean of mercy Lord Satyanarayan spoke out in a divine voice- Oh Sadhu, the traderer! your daughter Kalawati came here giving little importance to my sacred bliss. It is the reason why her husband is drowned into the river.*

भुक्त्वा यदाऽसौ दुरितव्रजघ्नं
नैवेद्यमायास्यति मत्प्रसादात् ॥
तदैव सिन्धोरिव पूर्णमिन्दुं
तूर्णं पतिं द्रक्ष्यसि तं समुत्थम् ॥३६॥

*हे साधु बनिया ! जुन सममा तिम्री छोरी कलावती पापनाश गर्ने मेरो नैवेद्य खाएर यहाँ आउनेछिन्, त्यतिखेर नै उनी तुरुन्त सागरबाट निकेका पूर्णचन्द्र जस्तै आफ्ना पतिलाई देख्नेछिन् ॥३६॥*

*36. Oh! Sadhu, the traderer! As and when your daughter Kalawati will come here after having taken the offerings that destroys sins, she will at the same time get her husband out of river glittering as the new moon of full moon day.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रुत्वैव गत्वा च तदेकभक्त्या
भुक्त्वा समागत्य पतिं तरिस्थम् ॥
विलोक्य तुष्टा समुवाच तातं
कलावती गच्छ गृहं मुदेत्थम् ॥३७॥

*आकाशवाणीद्वारा भनिएको सत्यनारायणको कुरा सुन्नेबित्तिकै ती कलावती पनि घर गएर, भक्तिपूर्वक नैवेद्य खाएर आइन् र आफ्ना पतिलाई डुँगामा रहेको देखेर खुशी हुँदै आफ्ना पितालाई भनिन्- हे पिताजी ! अब यसरी खुशीसाथ घर जानुहोस् ॥३७॥*

*37. Immediately after hearing such a divine message from Lord Satyanarayan, Kalawati also went to her home, took offerings devotionally and reached there. She found her husband in a boat and told her father to return home happily.*

सुतोक्तिमाकर्ण्य निरीक्ष्य साधु-
र्जामातृवक्त्राऽम्बुजमुत्तुतोष ॥
सबन्धुरागत्य गृहं यथास्वं
श्रीसत्यदेवस्य चकार पूजाम् ॥३८॥

*यसप्रकार छोरीको कुरा सुनेर साधु बनिया पनि आफ्ना ज्वाईंको सुन्दर मुख देखेर अत्यन्त सन्तुष्ट भए । अनि उनले दाजुभाइहरूसँगै घरमा आएर आफ्नो धनदौलत अनुसार श्री सत्यनारायणदेवताको पूजा गरे ॥३८॥*

***38. Sadhu, the traderer became very happy in seeing his son-in-law's bright and smiling face. Then he returned home and worshiped Lord Satyanarayan together with his brothers and relatives as much his wealth afforded***

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अथ सत्यसमर्हणामसौ
प्रतिमासञ्च विधाय भक्तितः ॥
अनुभूय सुखानि सर्वथा
पुनरन्ते समवाप सत्पदम् ॥३९॥

*यसपछि ती साधु बनियाले प्रत्येक महिनामा भक्तिपूर्वक सत्यनारायणको पूजा गरे र आजीवन सुखको मात्र अनुभव गरे । अन्त्यमा फेरि उनले परमगति पनि प्राप्त गरे ॥३९॥*

*39. Thereafter Sadhu arranged worship in honour of Lord Satyanarayan each month devotionally and enjoyed happiness, pleasures and blissing during his lifetime. Finally, he got divine abode.*

इति श्रीसत्यनारायणकथामृते
चतुर्थः सर्गः समाप्तः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# अथ पञ्चमः सर्गः

श्रीमान् महर्षेर्विधिरिङ्गितज्ञो
नैवेद्यमाहात्म्यमथाऽऽकलय्य ॥
श्रीनारदं प्रीतिपुरस्सरन्तं
साश्चर्यमेवस्थितमित्युवाच ॥१॥

*हे शौनक ऋषि ! चेष्टाबाटै नारदको मनको कुरा बुझ्न सक्ने ब्रह्माजीले अत्यन्त प्रेमपूर्वक नैवेद्य माहात्म्य सुनेर चकित भएका ती नारदजीलाई यसप्रकार भन्न लागे- ॥१॥*

*1. Sutaji Sadi: Oh Shaunak! Brahmadev's power of comprehension effortlessly knew what Narada really wanted to know and explained Narad all about the importance of sacred offerings.*

सूत उवाच ।
अथाऽन्यदप्येकमतीवरम्यं
नैवेद्यमाहात्म्यमहं ब्रवीमि ॥
अनादरादादरतोऽस्य प्राप
यथाऽतिदुःखञ्च सुखं महीन्द्रः ॥२॥

*सूतजीले भन्नुभयो-*

*हे शौनक ! यसपछि म अर्को यौटा सत्यनारायणका नैवेद्यको अत्यन्त राम्रो महिमा भन्दछु किनकि तुङ्गध्वज नामका कुनै राजाले नैवेद्यलाई हेला गरेर अत्यन्त दुःख र नैवेद्यलाई सम्मान गरेर सुख पनि पाएका थिए ॥२॥*

***Sutaji** said:*

*2. Oh! Shaunak I am going to state here another interesting story about the importance of Lord Satyanarayan's sacred offerings since a king named Tungadhoj had acquired both happiness and sorrow in honouring and neglecting the offerings.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रभूतभूपालकुदर्पहर्त्ता
　　श्रुतिस्मृतिख्यातमताऽनुसर्त्ता ॥
तुङ्गध्वजाऽऽख्यः सुकृतैककर्ता
　　मुने ! बभूवाऽखिलभूमिभर्त्ता ॥३॥

*हे शौनक ! समस्त राजाहरूको घमण्ड हरण गर्ने, वेद र धर्मशास्त्रले बताएका सिद्धान्तको अनुसरण गर्ने कुनै 'तुङ्गध्वज' नाम गरेका राजा भए । सत्कर्ममात्र गर्ने ती राजा सम्पूर्ण पृथिवीका स्वामी अर्थात् चक्रवर्ती राजा बने ॥३॥*

*3. Oh! Shaunak! There was a king named Tungadhoj. He had a strength of demoralizing the pride of all other kings and was fond of reading all the times books of religion. He ruled over the earth as an emperor by virtue of his pious activities.*

अथैकदाऽसौ मृगयां विधाय
　　द्रुतङ्गमिष्यन्निजराजधानीम् ॥
श्रीसत्यदेवार्च्चनलग्नचित्तान्
　　ददर्श गोपान् पथि सद्वटाऽधः ॥४॥

*एकदिन ती तुङ्गध्वज राजा शिकार गरेर छिटो छिटो आफ्नो राजधानी फर्कदा बाटोमा यौटा सुन्दर वरको रुख मुन्तिर श्रीसत्यनारायण देवताको पूजा गर्नमा चित्त लगाएका गाई गोठालाहरूलाई देखे ॥४॥*

*4. One day when he was returning to his kingdom quickly after hunting he saw some cowherds gathered under a fig tree and worshiping Lord Satyanarayan.*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गोपैः परामृश्य समं प्रणामैः
नैवेद्यमागत्य समर्पितं यत् ॥
तन्मायया मोहित एष हित्वा
जगाम तूर्णं नृपतिः पुरं स्वम् ॥५॥

*गाईगोठालाहरूले आपसमा सल्लाह गरेर उनलाई प्रणाम गर्दै आएर अर्पण गरेको सत्यनारायणको नैवेद्य छोडेर सत्यनारायणको मायाले मोहित भएका ती राजा तुङ्गध्वज हतारमा आफ्नो राजधानीतिर लागे ॥५॥*

*5. The cowherds saw him passing through the same way and asked him to take the offerings of Lord Satyanarayan but the King remained of deaf to the cowherds and reached his kingdom in haste under the spell of illusion created by Lord Satyanarayan.*

श्री सत्यदेवोऽथ स तेन रुष्टः
सद्यस्तदीयां सकलां समृद्धिम् ॥
व्यनाशयन् सोऽथ नृपोऽप्यमात्यै-
र्दैवज्ञवर्यैर्विदधे विचारम् ॥६॥

*ती तुङ्गध्वज राजासँग रिसाएका सत्यनारायण देवताले पनि उनको सारा ऐश्वर्य नष्ट पारे । यसपछि ती राजाले आफ्ना मन्त्री र ज्योतिषीहरूसँग यसको कारणबारे विचार गरे ॥६॥*

*6. Lord Satyanarayan got angry with King Tungadhoj and destroyed all his fortunes and property. Then the king consulted with his ministers and astrologers about the reasons.*

ततः सुनिश्चित्य सुतादिनाशे
हेतुं स नैवेद्यतिरस्कृतिन्ताम् ॥
आगत्य तत्रैव बुधैरमात्यैः
समं समाहूय जगाद गोपान् ॥७॥

*त्यसपछि ती राजा तुङ्गध्वजले सत्यनारायणको प्रसादको तिरस्कारलाई नै आफ्ना छोरा, धनदौलत आदिका विनाशको कारण मान्दै विद्वान् र आफ्ना मन्त्रीहरूका साथ त्यही वरको रुख मुन्तिर आएर गाई गोठालाहरूलाई बोलाउँदै भने- ॥७॥*

*7. Consequently, King Tungadhoj came to realize that the loss of his property and sons was linked with his dishonour of Lord Satyanarayan's offerings. He came to the same fig tree accompanied by his learned courtiers and ministers and addressing the cowherds said:*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भो ! भो ! गोपाः पूर्ववत् सत्यदेव-
श्रीमत्पादद्वन्द्वपूजां भवद्भिः ॥
कार्याऽवश्यं भक्तितस्तत्र मेऽपि
श्रद्धा जाता सव्रतस्ताङ्करिष्ये ॥८॥

*हे गाईगोठालाहरूहो ! तपाईंहरूले पहिलेजस्तै श्रीसत्यनारायणका दुबै पाउहरूको पूजा अवश्य गर्नुपर्छ । त्यस विषयमा मेरो पनि भक्तिपूर्वक श्रद्धा जागेकाले व्रतालु भई म पनि त्यो पूजा गर्नेछु ॥८॥*

